# प्रदेशको विकास समीक्षा तथा भावी कार्यदिशा र

# प्रदेश नीति तथा योजना आयोगको क्षमता विकासका लागि तर्जुमा गर्नुपर्ने

# कानूनहरुको मस्यौदा सहितको विवरण

<u>प्रस्तुतकर्ता</u>

प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश

<u>प्रस्तुत गरिएको</u>

**माननीय मुख्यमन्त्री समक्ष**

प्रस्तुत विवरण भदौ ५ र ६ गते गण्डकी प्रदेशको राजधानी पोखरामा आयोजित सातै प्रदेश (राष्ट्रिय योजना आयोग समेत) को भेलाबाट तयार पारिएको हो

# विषय-सूची


सबै प्रदेशका योजना आयोगहरु (राष्ट्रिय योजना आयोग सहित) को अन्तर्क्रिया कार्यक्रमका निष्कर्ष ..................... १

प्रदेश नीति तथा योजना आयोग ऐन, २०७९........................................................... ९

प्रदेश तथ्याङ्क व्यवस्थापन ऐन ,२०७९ ............................................................. ३२

प्रदेश आयोजना बैंक निर्माण सम्बन्धी मापदण्ड ,२०७९........................................................ ४१

प्रदेश आयोजना बैंक दिग्दर्शन, २०७९ ............................................................. ४६

संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन............................................................११३

प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन ऐन,२०७९ ..................................................... १५५

# सबै प्रदेशका योजना आयोगहरु (राष्ट्रिय योजना आयोग सहित) को

# अन्तर्क्रिया कार्यक्रमका निष्कर्ष

# सबै प्रदेशका योजना आयोगहरु (राष्ट्रिय योजना आयोग सहित) को अन्तर्क्रिया कार्यक्रमका निष्कर्ष

## १.पृष्ठभूमि

मिति २०७८ साउन ५ गते गण्डकी प्रदेश नीति तथा योजना आयोगले आयोजना गरेको भर्चुअल बैठकमा भाद्र पहिलो हप्तामा सातै प्रदेशका नीति तथा योजना आयोगको संयुक्त बैठक पोखरामा बस्ने र उक्त बैठकमा अनुभवहरुको आदान प्रदान गर्नुका साथै आयोगको संस्थागत क्षमता विकासका लागि साझा दस्तावेज तयार गर्ने सहमती भएको थियो । उक्त बैठकमा प्रदेश १ ले तथ्याङ्क ऐन, मधेश प्रदेशले आयोजना बैंक दिग्दर्शन, बागमती प्रदेशले नीति तथा योजना आयोग गठन तथा संचालन ऐन, गण्डकी प्रदेशले आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण र लुम्बिनी प्रदेशले अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको मस्यौदा प्रस्तुत गर्ने सहमति भएको थियो । त्यसै अनुसार गण्डकी प्रदेश पोखरामा, २०७९ भदौ ५ र ६ गते गरिएको कार्यक्रममा प्रदेश योजना आयोगहरुको संस्थागत क्षमता विकासका लागि साझा दस्तावेजलाई अन्तिम रुप दिइएको छ।

यस अवस्थामा पुग्नका लागि २०७८/०८/१७ र १८ गते लुम्बिनी प्रदेशमा भएको सातै प्रदेशका योजना आयोगहरुको अनुभव आदानप्रदान कार्यक्रम र बागमती प्रदेशले मिति २०७८/१२/०३ र ४ मा आयोजना गरेको कार्यक्रममा भएका छलफल निकै उपयोगी सावित भएका थिए ।

प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन तथा नीतिको अनुसन्धान गर्न प्रदेश नीति तथा योजना आयोगको गठन भएकोमा प्रदेश सरकारको उद्देश्य बमोजिम नीति तथा योजना आयोगले आफ्नो कार्य संचालन गर्दै आएका छन् । यसै पृष्ठभूमिमा प्रदेशहरु बिच अनुभव आदानप्रदान गर्नु महत्वपूर्ण हुन्छ। प्रदेशमा

भएका बिकास निर्माणका अनुभव, समस्या र समाधानका उपायहरु एक अर्कामा आदानप्रदान गर्नाले राम्रा कामको अनुसरण र समस्या समाधानका लागि पनि उपयोगी हुन्छ । राष्ट्रिय योजना आयोग र सातवटै प्रदेश योजना आयोग बिचको समन्वयलाई प्रभावकारी रुपमा स्थापित गर्ने, सहअस्तित्व ,समन्वय र सहकार्यको संस्कृतिलाई आत्मसात गरी प्रदेशहरुबिचको साझा दृष्टिकोण कायम गर्न सम्मेलनले मद्दत गरेको छ। साथै राष्ट्रिय र प्रादेशिक सन्तुलनको माध्यमबाट आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न समेत यसले सहयोग गर्ने छ। राष्ट्रिय योजना आयोगले समन्वय गर्ने, प्रदेशहरुको आन्तरिक स्रोतहरुको पहिचान र विस्तारका लागि कानूनी र संस्थागत विकासमा सम्मेलनले मद्दत गरेको छ।

## २. कार्यक्रमको उद्देश्य

- प्रदेश स्थापना पछिको पहिलो सरकारले प्राप्त गरेका अनुभव संकलन गर्ने । सुधारका लागि सुझाव तथा भविष्यपरक दृष्टिकोण प्रस्तुत गर्ने ।
- प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमता विकासका लागि साझा दस्तावेज तयार गर्ने ।
- प्रदेशहरु बिचको सहकार्यको क्षेत्र पहिचान गर्ने र आपसी सदभाव बृध्दि गर्ने ।

## ३.प्रक्रिया

प्रदेश योजना आयोगहरुको अनुभव आदानप्रदान तथा आयोगको संस्थागत क्षमता विकासका लागि साझा दस्तावेज तयार गर्ने कार्यक्रम गण्डकी प्रदेश नीति तथा योजना आयोगको आयोजना र व्यवस्थापनमा सम्पन्न गरिएको थियो। कार्यक्रमलाई दुई खण्डमा बाँडीएको थीयो । कार्यक्रम देहायअनुसारको ढाँचामा संचालन गरिएको थियोः

पहिलो खण्डमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष लगायतको टिम समेतको उपस्थितिमा सबै प्रदेश र राष्ट्रिय योजना आयोगको प्रस्तुती गरी त्यस उपर

छलफल गरिएको थियो । यसबाट प्रदेशमा विद्यमान विकासका सवाल र प्रदेश सरकारले झण्डै पाँच वर्षमा प्राप्त गरेका उपलब्धि तथा राष्ट्रिय नीतिहरुकाबारेमा स्पष्टता आएको थियो ।

कार्यक्रमको दोश्रो खण्डमा नीति तथा योजना आयोगहरुको संस्थागत क्षमता विकासका सवालमा छलफल गरिएको थियो । छलफलका विषयहरु देहाय बमोजिम थिए ।

- प्रदेश नीति तथा योजना आयोगको ऐनको मस्यौदामाथि छलफल,
- प्रदेश नीति तथा योजना आयोगको प्रस्तावित सांगठनिक ढाँचामा छलफल,
- प्रदेश अनुगमन तथा मूल्याङ्कन ऐन बारे छलफल,
- प्रदेश तथ्याङ्क व्यवस्थापन ऐन बारे छलफल,
- आयोजना बैंक दिग्दर्शन सम्बन्धी छलफल र
- प्रदेशका विभिन्न अनुभव, समस्या तथा समाधानका बिषयमा छलफल ।

## ४.सहभागिता

कार्यक्रमको पहिलो खण्डमा गण्डकी प्रदेशका माननीय मुख्य मन्त्री, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा सदस्यहरु, प्रदेशका योजना आयोगका माननीय उपाध्यक्ष, गण्डकी प्रदेशका प्रमुख सचिव, मुख्य न्यायाधिवक्ता, मन्त्रालयका सचिवहरु, सबै प्रदेशका योजना आयोगका माननीय सदस्यहरु, योजना आयोगका सचिवहरु लगायतको उपस्थिति थियो ।दोश्रो खण्डमा भने प्रदेश योजना आयोग र राष्ट्रिय योजना आयोगको मात्र उपस्थिति रहेको थियो ।

कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलज्यूबाट भएको थियो। त्यसपश्चात् सातै प्रदेशका नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष एवम् सदस्यज्यूहरुबाट "**प्रदेशको वस्तुस्थिति, अनुभव, नवीनतम कार्यहरु तथा भावी सोच**" को बारेमा प्रस्तुती भएको थियो।त्यसै गरी राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. राम कुमार फुयालले " **राष्ट्रिय योजना आयोगको अनुभव, नवीन प्रयास र प्रदेशसँगको सहकार्य"** मा प्रस्तुतीकरण गर्नुभएको थियो।

## ५. प्रदेशको वस्तुस्थिति, अनुभव, नवीनतम कार्यहरु तथा भावी सोच

दुई दिनसम्मको प्रस्तुति तथा सघन छलफलमा उठेका विषय तथा निचोडलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**छलफलमा उठेका समस्याहरु**

- प्रदेशमा उपलब्ध श्रोत र साधनको सीमितताले जनआकांक्षा बमोजिम काम गर्न नसकिएको । नेपाल सरकारबाट प्राप्त रकम पनि सशर्त प्रकृतिको हुँदा प्रदेशको प्राथमिकतामा खर्च गर्न नसकिएको । प्रदेशले आन्तरिक राजस्वको दायरा वृद्धिका लागि पर्याप्त कार्य हुन नसकेको ।
- योजना, नीति, कार्यक्रम मध्यमकालीन खर्च संरचना तथा बजेट वीच तालमेलको अभाव देखिएको । यस्तो अवस्थाले योजनाबद्ध विकासमा समेत प्रश्न सिर्जना भएको । प्राथमिकता विहीन विकास दिगो हुन नसक्ने तर्फ ध्यान नपुगेको ।
- प्रदेशहरुमा आयोजनाको संख्या अत्याधिक भै निरन्तरता नपाउने, गुणस्तर कायम गर्न नसक्ने, आयोजना व्यवस्थापन खर्च धेरै हुने जस्ता समस्या देखिएको । वितरणमुखी खुद्रे बजेटको विनियोजन प्रदेशको साझा चरित्रकोरुपमा रहेको ।
- ठूला र प्राथमिकता प्राप्त आयोजनाहरुमा कम बजेट विनियोजन हुनु । प्रदेशस्तरका आयोजनाहरु कसैको पनि प्राथमिकतामा नपर्ने जोखिम रहेको । यस्ता आयोजनामा प्रर्याप्त बजेट विनियोजन नहुँदा समयमा काम सम्पन्न गर्न कठिनाइ हुने गरेको ।
- विकास भनेको भौतिक पूर्वाधार र त्यसमा पनि सडक भन्ने सोचले विकासका अन्य क्षेत्रहरु ओझेलमा परेका । डोजरे विकासले योजनाको दिगोपना तथा वातावरण सन्तुलनमा समेत समस्या पारेको ।
- खर्च क्षमता कमजोर रहेको । प्रायः खर्च आर्थिक वर्षको अन्त्यमा गर्ने परिपाटी विकास भएको।

- आयोजनाहरुको अनुगमन प्रभावकारी हुन नसकेको । तोकिएको समय, गुणस्तर र लागतमा योजना सम्पन्न हुन नसकेको ।
- स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार बिचको समन्वय परिणाममुखी हुन नसकेको । प्रदेश अन्तर्गतका निकायहरु बिच पनि समन्वय प्रभावकारी हुन नसकेको ।
- आर्थिक क्रियाकलाप संचालन गर्दा अर्थात सरकारले बजेट खर्च गर्दा त्यसले गरीबी निवारण, बेरोजगारी र असमानता घटाउनका लागि केन्द्रित हुन सकेको अवस्था छैन ।
- दिगो विकास लक्ष्यमा केन्द्रित भएर बजेट तथा कार्यक्रम संचालन गर्न नसकिएको । दिगो विकास लक्ष्यको कार्यान्वनमा स्थानीय तहलाई संलग्न गराउन नसकिएको ।
- सरकारको मात्र स्रोत साधनले विकास निर्माणका काम पूरा गर्न सकिदैन । समग्र आर्थिक वृद्धिका लागि निजी क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण हुने भए तापनि प्रदेशहरुले निजी क्षेत्रलाई लगानीका लागि आकर्षित गर्न सकेका छैनन् ।
- प्रदेशमा तोकिएका जनशक्ति नआउने र कतिपय अवस्थामा विज्ञ जनशक्ति पाउन पनि नसक्दा सरकारले योजना गरे बमोजिमको काम गर्न नसकेको ।
- योजना तर्जुमा, नीति निर्माण र निर्णय तथ्य तथा तथ्याङ्कमा आधारित हुनुपर्दछ । तर प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास नहुँदा योजना तथा निर्णयहरु यथार्थपरक हुन नसकेका ।

**छलफलका निष्कर्षहरु**

- संघ, प्रदेश र स्थानीय तहबिच पर्याप्त समन्वय हुनु पर्ने । संविधान तथा कानुनले व्यवस्था गरेका परिषद् तथा समितिहरुको नियमित बैठक बसी आवश्यक निर्णयलिने परिपाटी बसाल्नु पर्ने ।
- पर्याप्त गृह कार्य गरिएका, आवश्यक कागजात तयार भएका, आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट विश्लेषण भएका आयोजनाहरुमात्र कार्यान्वयनमा लैजानका लागि आयोजना बैंक दिग्दर्शन बनाई कार्यान्वयनमा लैजाने ।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कनलाई प्रणालीको विकास गर्ने ।
- आवधिक योजनाको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, मध्यमकालीन संरचनालाई वार्षिक बजेट तथा कार्यक्रमसँग अन्तरसम्बन्ध कायम गर्ने । बजेट ट्रयाकिङ्ग गर्ने प्रणाली मार्फत तथ्यपरक अन्तरसम्बन्ध कायम गर्ने ।
- ठूला, प्रदेश गौरवका तथा बहुवर्षे योजनाका लागि पर्याप्त बजेट व्यवस्था गर्ने परिपाटी बसाल्ने । यस्ता योजना समयमा सम्पन्न गर्न अलग्गै संयन्त्र विकास गर्ने ।
- प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास गर्ने । प्रदेश नीति तथा योजना आयोग मातहत रहने गरी तथ्याङ्क महाशाखा वा तथ्याङ्क कार्यालय स्थापना गर्ने । स्थानीय तहहरुका पनि सान्दर्भिक सूचना प्रदेशमा संकलित हुने व्यवस्था मिलाउने ।

## ६.उपलब्धि

प्रदेशहरु बिचका उपलब्धि र समस्याका बारेमा अनुभव आदान प्रदान हुदा प्रदेशका सवल तथा दुर्वल पक्षको जानकारी भएको । यसले आगामी निर्वाचन पश्चात् आउने सरकारलाई काम गर्न यो अनुभव उपयोगी हुने ।

- आयोगको संस्थागत क्षमता विकासका लागि साझा दस्तावेज (प्रदेश नीति तथा योजना आयोगको ऐन, सांगठनिक ढाँचा, अनुगमन तथा मूल्याङ्कन ऐन, तथ्याङ्क व्यवस्थापन ऐन, आयोजना बैंक दिग्दर्शन  ऐन) तयार भएको ।
- प्रदेशहरु बिचका सहकार्यका क्षेत्रहरु पहिचान हुनुका साथै आपसी सद्भाव बृध्दि भएको ।

**मिति तथा स्थानः** गण्डकी प्रदेश पोखरा, २०७९ भदौ ५ र ६ गते

# प्रदेश नीति तथा योजना आयोग ऐन, २०७९

# <u>प्रदेश नीति तथा योजना आयोग ऐन, २०७९</u>

**प्रस्तावनाः** नेपालको सङ्घीय शासन व्यवस्थालाई आत्मसात गर्दै, प्रदेशमा मौजुद सम्भावना, अवसर र चुनौतीलाई मध्यनजर गर्दै, उपलब्ध स्रोत र साधनको प्रभावकारी उपयोग गर्दै, दिगो र योजनाबद्ध विकासको अवधारणाको अनुसरण गर्दै र सार्वजनिक, नीजि एवं सहकारी क्षेत्रको प्रभावकारी परिचालन गर्दै,

समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको संवैधानिक परिकल्पना अनुरुप प्रदेशको समग्र, सन्तुलित एवं दिगो विकास र समृद्धि हासिल गर्नको निम्ति अध्ययन, अनुसन्धान र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्न,

उपयुक्त र व्यवस्थित प्रणालीको अवलम्बन गरी आवश्यक समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट नीति तथा योजनाको कार्यान्वयनलाई पारदर्शी, प्रभावकारी र प्रतिफलमुखी बनाउन,

प्रादेशिक विकास र सुशासनका सन्दर्भमा प्रदेश सरकारलाई नीतिगत सल्लाह सुझाव र सहयोग प्रदान गर्न एक विशिष्टीकृत निकायको रुपमा प्रदेश नीति तथा योजना आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वान्छनीय भएकोले,

....... प्रदेशको प्रदेश सभाले यो ऐन निर्माण गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश नीति तथा योजना आयोग ऐन, २०७९" रहेको छ।

(२) यो ऐन ........ प्रदेशभरि लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको प्रदेश नीति तथा योजना आयोग सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले ऐनको दफा ३ को उपदफा (२) बमोजिमको आयोगको अध्यक्ष सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले ऐनको दफा ३ को उपदफा (२) बमोजिमको आयोगको उपाध्यक्ष सम्झनुपर्छ।

(घ) "सदस्य" भन्नाले ऐनको दफा ३ को उपदफा (२) बमोजिमको आयोगको नियुक्त सदस्य सम्झनुपर्छ र विषय वा प्रसँगले अर्को अर्थ नलागेमा सो शब्दले आयोगको उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

(ङ) "परिषद" भन्नाले ऐनको दफा ७ बमोजिमको प्रदेश विकास परिषद सम्झनुपर्छ।

(च) "प्रदेश" भन्नाले ....... प्रदेश सम्झनुपर्छ।

(छ) "प्रदेश सरकार" भन्नाले ....... प्रदेश सरकार सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले ....... प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ।

(झ) "सचिवालय" भन्नाले ऐनको दफा १७ को उपदफा (१) बमोजिम गठित आयोगको सचिवालय सम्झनुपर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, आदेश वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

## परिच्छेद-२

## आयोगको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार

३. **आयोगको गठनः** (१) प्रदेशको स्रोत र साधनको समुचित परिचालन र सन्तुलित तथा दिगो विकास एवं समृद्धिका लागि दूरगामी सोच सहितको समग्र विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन एवं मूल्याङ्कन गर्ने र नीतिगत अध्ययन अनुसन्धान गर्ने प्रयोजनका लागि प्रदेश नीति तथा योजना आयोग गठन हुनेछ।

(२) आयोगको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) मुख्यमन्त्री- | अध्यक्ष |
| (ख) प्रदेश सरकारबाट नियुक्त एक जना- | उपाध्यक्ष |
| (ग) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक जना महिला सहित तीन जना- | सदस्य |
| (घ) प्रमुख सचिव, प्रदेश सरकार - | सदस्य |
| (ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - | सदस्य |
| (च) सचिव, प्रदेश नीति तथा योजना आयोगको सचिवालय - | सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतका क्षेत्रको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशीताको सिद्धान्तका आधारमा गरिनेछः

(क) आर्थिक विकास,

(ख) सामाजिक तथा मानव विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा,

(घ) अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन,

(ङ) सुशासन तथा व्यवस्थापन।

(४) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम नियुक्त भएका उपाध्यक्ष र सदस्यले आयोगमा पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्नेछन्।

५) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम नियुक्त भएका उपाध्यक्ष र सदस्यको पदावधि सामान्यतयाः पाँच वर्षको हुनेछ।

तर पदावधि बाँकी रहेकै अवस्थामा उपाध्यक्ष वा कुनै नियुक्त सदस्यको पद रिक्त हुन गएमा त्यसरी रिक्त रहन गएको स्थानमा बाँकी अवधिको निम्ति यस ऐनको परिधि भित्र रही प्रदेश सरकारले अर्को व्यक्तिलाई नियुक्त गर्न सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारले उपाध्यक्ष तथा नियुक्त सदस्यहरूलाई पदबाट हटाउन सक्नेछ।

४. **<u>आयोगको पूर्ण बैठक</u>**: (१) आयोगको पूर्ण बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ। बैठक अध्यक्षद्वारा तोकिएको मिति, समय र स्थानमा बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा सदस्य-सचिवद्वारा आयोगको बैठक बोलाइनेछ।

(३) बैठकको अध्यक्षता आयोगको अध्यक्षबाट गरिनेछ। अध्यक्षको अनुपस्थितिमा बैठक बस्न जरुरी भएमा निजको अनुमतिमा बैठकको अध्यक्षता उपाध्यक्षबाट गरिनेछ।

(४)आयोगको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै सदस्य-सचिवले सबै सदस्यलाई बैठकमा छलफल हुने विषय सहितको कार्यसूची उपलब्ध गराउनु पर्नेछ।

(५) आयोगमा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएको खण्डमा अध्यक्षको मत निर्णायक हुनेछ।

(७) बैठकको निर्णय आयोगका सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ। बैठक सम्पन्न भएको ७ (सात) दिन भित्रमा सबै सदस्यलाई निर्णयको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

(८) प्रत्यक्ष वा परोक्ष रुपमा स्वार्थ बाझिने खालको अवस्था आएमा आयोगका सम्बन्धित सदस्यले त्यस्ता विषयमा आयोगद्वारा संचालित हुने सुनुवाई, छलफल वा निर्णयमा स्वार्थ बाझिने हदसम्म भाग लिन पाउने छैनन्।

(९) आयोगको बैठकमा आवश्यकता अनुसार विज्ञ तथा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ। तर त्यस्ता व्यक्तिको बैठकमा मताधिकार रहने छैन।

(१०) बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **<u>आयोगको नियमित बैठकः</u>** (१) आयोगको नियमित कार्यसञ्चालन रेखदेख, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्याङ्कनका लागि आयोगको नियमित बैठक सामान्यतः महिनामा कम्तीमा दुई पटक बस्नेछ।

(२) नियमित बैठकको आव्हान आयोगका उपाध्यक्षको निर्देशनमा सदस्य-सचिवद्वारा गरिनेछ।

(३) नियमित बैठकको अध्यक्षता आयोगका उपाध्यक्षद्वारा र उपाध्यक्षको अनुपस्थितिमा वरिष्ठ सदस्यद्वारा गरिनेछ।

(४) नियमित बैठकमा दफा ३ को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यहरूको उपस्थिति अनिवार्य हुने छैन।

(५) नियमित बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **<u>आयोगको काम, कर्तव्य र अधिकारः</u>** प्रचलित कानून बमोजिमका काम, कर्तव्य, अधिकारका अतिरिक्त प्रादेशिक योजना तथा कार्यक्रम निर्माता, आर्थिक विकास तथा आर्थिक मामिलाका सम्बन्धमा प्रदेश सरकारको प्रमुख सल्लाहकार र विकास समीक्षक निकायको रुपमा आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क) नीति तथा योजना तर्जुमाः**

(१) प्रदेशको समग्र विकास र समृद्धिका लागि सम्भाव्यताको आधारमा दूरगामी सोच, लक्ष्य, मार्गचित्र निर्धारण सहित दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि प्रदेश सरकारमा सिफारिश गर्ने,

(२) प्रदेशको समग्र आर्थिक, सामाजिक र पूर्वाधार विकास, पर्यावरणीय सन्तुलन, सार्वजनिक सेवा प्रवाह र सुशासन लगायतका विषय क्षेत्रसँग सम्बन्धित रणनीति, नीति तथा योजना तयार गर्ने,

(३) विषय क्षेत्रगत नीति तथा योजना तर्जुमा र कार्यान्वयन सहजीकरणको लागि प्रदेश सरकारका निकायसँग समन्वय एवं सहकार्य गर्ने, सुझाव वा निर्देशन गर्ने र प्रचलित कानूनको अधीनमा रही आवश्यकता अनुसार अन्य संरचना तथा संयन्त्रको निर्माण, विकास र परिचालन गर्ने,

(४) सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने र प्रदेशको प्राथमिकता प्राप्त तथा बहुवर्षीय आयोजनाहरूको पहिचान गरी स्वीकृति प्रदान गर्ने,

(५) उपदफा (५) बमोजिमका कार्यक्रमको शीघ्र तथा प्रभावकारी कार्यान्वयनको निम्ति सम्बन्धित निकायलाई निर्देशन दिने,

(६) लाभ लागत विश्लेषण, वातावरणीय अध्ययन लगायतका विविध विश्लेषणको आधारमा आयोजना वर्गीकरण एवं प्राथमिकीकरणका आधार तथा मापदण्ड तयार गर्ने र आयोजना बैंक निर्माण एवं सञ्चालन गर्ने गराउने,

(७) उपयुक्त छनौट विधि र मापदण्ड तय गरी प्रदेशले संघसँग माग गर्ने तथा स्थानीय तहलाई प्रदान गर्ने समपूरक तथा विशेष अनुदान र प्रदेश सरकारका सशर्त अनुदान तथा सहलागानीका

आयोजनाहरूको विश्लेषण एवं प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनाहरू प्रदेश सरकारमा सिफारिश गर्ने,

(८) प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय परामर्श दिने,

(९) आर्थिक मामिला मन्त्रालयसँगको समन्वय र सहकार्यमा आवधिक योजनालाई मध्यनजर गरी प्रदेश सरकारको आयस्रोतको अनुमान, खर्चको सीमा निर्धारण, बजेट तर्जुमाको मार्गदर्शन, मध्यमकालीन खर्च संरचना तर्जुमा र वार्षिक विकास कार्यक्रमको बजेट सीमा, लक्ष्य एवं प्राथमिकता निर्धारण गर्ने,

(१०) प्रदेशमा रहेका साधन स्रोतको अनुमान, प्रक्षेपण र वितरणका साथै आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणका लागि प्रदेश मापदण्ड तयार गर्ने गराउने,

(११) प्रदेश सरकारको राजस्व वृद्धिको निम्ति आवश्यक नीति तथा योजना र राजस्व व्यवस्थाको पहिचान तथा निर्धारण वा परिवर्तनको सन्दर्भमा प्रदेश सरकारलाई नीतिगत सुझाव दिने,

(१२) प्रचलित कानून र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मापदण्ड भित्र रही प्रदेशको अधिकार क्षेत्र भित्रका प्राकृतिक तथा आर्थिक स्रोतहरूको दिगो तथा प्रभावकारी परिचालन र बाँडफाँटको आधार तयार गर्ने,

(१३) प्रदेश सरकारको विनियोजन दक्षता, कार्यान्वयन क्षमता, वित्तीय अनुशासन र सुशासनको पक्षलाई सबल बनाउन आवश्यक नीतिगत सुझाव प्रदान गर्ने,

(१४) प्रदेश विकासको निम्ति आवश्यक मानव संसाधन सहितका स्रोत तथा साधनको प्रक्षेपण गर्ने र त्यसको विकासको निम्ति अल्पकालीन, मध्यमकालीन एवं दीर्घकालीन योजना तर्जुमा गर्ने,

(१५) समष्टिगत क्षेत्रहरू सहित प्रादेशिक अर्थतन्त्रको अवस्था एवं प्रवृत्तिको अध्ययन, विश्लेषण र अनुगमन गरी सो को प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने र त्यस बमोजिमको नयाँ नीति तथा कार्यक्रमको तर्जुमा वा पुनरसंरचनाको निम्ति सिफारिश गर्ने,

(१६) प्रादेशिक विकासको निम्ति नीति संवादको आयोजना तथा लगानी मंचको विकास एवं सञ्चालनका सन्दर्भमा समन्वय तथा सहजीकरण गर्ने र प्रचलित कानूनको परिधिभित्र रही अन्तर्राष्ट्रिय सहायता, ऋण तथा लगानीको सम्बन्धमा नीतिगत समन्वय तथा सहजीकरण गरी प्रदेश सरकारलाई सहयोग पुऱ्याउने,

(१७) प्रचलित कानुनको अधिनमा रही आधुनिक सूचना प्रविधिको प्रयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र सूचक समेतमा आधारित प्रादेशिक तथ्याङ्क प्रणालीको विकास, व्यवस्थापन र सम्प्रेषण गर्ने गराउने,

(१८) प्रादेशिक विकासका महत्वपूर्ण, रुपान्तरणकारी एवं ठूला आयोजनाहरुको सम्भाव्यता र कार्यान्वयनका प्रभावकारी मोडालिटी सम्बन्धमा प्रदेश सरकार समक्ष सुझाव गर्ने,

(१९) नीजी क्षेत्र र अन्य प्रदेशसँगको सहकार्य तथा सहलगानीमा सञ्चालन गर्न सकिने आयोजनाहरूको पहिचान र विश्लेषण गरी प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(२०) प्रचलित सङ्घीय तथा प्रादेशिक कानून बमोजिम आयोगले गर्नुपर्ने अन्य काम गर्ने।

(२१) नीति, योजना तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा आयोगले नेपालको संविधान, राज्यको निर्देशक सिद्धान्त तथा नीति, प्रदेश सरकारको एकल र साझा अधिकार सूची सहितका व्यवस्थाको परिधि भित्र रहेर सामाजिक न्याय, सन्तुलित विकास र विकास प्रक्रिया एवं विकासको प्रतिफलमा आम नागरिकको पहुँच सुनिश्चितता तर्फ ध्यान पुर्‍याइ कार्यसम्पादन गर्नुपर्नेछ।

**(ख) अनुगमन तथा मूल्याङ्कनः**

(१) प्रतिफल एवं प्रभावको नतीजामुखी विश्लेषणको आधारमा विषय क्षेत्रगत नीति, योजना, कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कनको निम्ति प्रभावकारी सूचना प्रणालीको विकास, कार्यान्वयन वा परिमार्जन गर्ने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड, कार्यविधि एवं ढाँचा निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारको निम्ति सम्बन्धित निकायलाई निर्देशन दिने,

(३) सान्दर्भिक विभिन्न सूचक र नतिजामा आधारित मापदण्ड भित्र रहेर सरकारको नीति तथा कार्यक्रम, सरकारद्वारा संचालित विशेष कार्यक्रम र प्रमुख विकास आयोजनाको कार्यप्रगति एवं प्रतिफलको आवधिक समीक्षा गरी सुधारका लागि प्रदेश सरकारलाई सुझाव दिने,

(४) प्रदेश विकास समस्या समाधान समिति मार्फत् प्रदेशका विकास कार्यक्रम कार्यान्वयनका सन्दर्भमा आइपरेका समस्याहरूको पहिचान र समाधानका उपायहरू सम्बन्धमा प्रदेश सरकार समक्ष सुझाव गर्ने,

(५) अनुगमन तथा मूल्याङ्कनको सन्दर्भमा आयोगले आवश्यकता र गम्भीरताको आधारमा तेस्रो पक्ष अनुगमन तथा मूल्याङ्कनको विधि अवलम्बन गर्न सक्नेछ।

(६) अनुगमन तथा मुल्यांकनबाट सुधार गर्नुपर्ने देखिएका विषयमा सम्बन्धित निकायमा आयोगले सुझाव उपलब्ध गराउन सक्नेछ। त्यस्तो सुझाव कार्यान्वयन गरी त्यसको जानकारी आयोगलाई दिनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(७) आयोगले तर्जुमा गरेको वा स्वीकृत गरेको योजनाको अनुगमन तथा मूल्याङ्कनको अन्य आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**(ग) तहगत समन्वयः**

(१) सङ्घ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा एवं कार्यान्वयनमा आवश्यक तहगत समन्वय, सहयोग र सहजीकरण गर्ने,

(२) प्रचलित कानूनको परिधि भित्र रही स्रोत परिचालन र आर्थिक विकासको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय, सहकार्य वा सहलगानीका आवश्यकता र सम्भावनाको पहिचान गरी सिफारिश गर्ने,

(३) नीति तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा मन्त्रालय र स्थानीय तहहरूको क्षमता अभिवृद्धिको निम्ति कार्यक्रमहरू सञ्चालन गर्ने,

(४) आयोगका क्षेत्राधिकार भित्रका कार्यको कार्यसम्पादनसँग सम्बन्धित अनुभव र सिकाइ आदान प्रदान गर्न, साझा मुद्दा पहिचान गरी त्यसको समाधानका लागि अन्य प्रदेश नीति तथा योजना आयोगसँग समन्वय र सहकार्य गर्ने,

(५) नीति तथा योजना निर्माणका लागि प्रदेशभित्र कार्यरत दातृ निकाय, अन्तरराष्ट्रिय, राष्ट्रिय र प्रादेशिक गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी र सरोकारवालाहरू बिच समन्वय गर्ने।

(६) आयोजना छनौट र कार्यान्वयनको अनुगमन एवं मूल्याङ्कन लगायतका आफ्नो कार्यक्षेत्र भित्रका कामलाई थप प्रभावकारी बनाउन आयोगले राष्ट्रिय योजना आयोगसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्न सक्नेछ।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषणः**

(१) प्रदेशस्तरको कुनै नीति तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता वा विकास कार्यक्रम तथा आयोजनाका विभिन्न विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्था मार्फत् शोध तथा अनुसन्धान गर्ने गराउने,

(२) प्रदेशको अधिकार क्षेत्र र जिम्मेवारी भित्रका विकासका विभिन्न विषयगत क्षेत्रका कार्यक्रम कार्यन्वयनसँग सम्बन्धित संरचना, ढाँचा तथा प्रविधि सम्बन्धमा अध्ययनका आधारमा समयानुकूल रुपान्तरणका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(३) आवधिक रुपमा वा प्रदेश सरकारको अनुरोधमा विभिन्न विषय क्षेत्रगत अध्ययन अनुसन्धान गरी सुझाव वा सिफारिश सहितको प्रतिवेदन सरकार समक्ष पेश गर्ने र त्यस्ता अध्ययन तथा प्रदेश स्तरका सूचनामा आधारित दस्तावेजहरूको प्रकाशन गर्ने।

(४) नीति तथा योजनाको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा अन्वेषणको क्रममा आयोगले विश्वविद्यालय, अनुसन्धानमूलक वा प्राज्ञिक संस्था, नीजी, सरकारी तथा गैर सरकारी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ र विषय क्षेत्रगत स्वयंसेवक वा इन्टर्नहरूको परिचालन गर्न सक्नेछ।

## परिच्छेद-३

## प्रदेश विकास परिषद सम्बन्धी व्यवस्था

७. **<u>प्रदेश विकास परिषदको गठनः</u>** (१) आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद रहनेछ ।

(२) परिषदको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री - | अध्यक्ष |
| (ख) | प्रदेश सरकारका मन्त्री, राज्यमन्त्री र सहायक मंत्रीहरू - | सदस्य |
| (ग) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता - | सदस्य |
| (घ) | प्रदेश सभाका समितिका सभापतिहरू - | सदस्य |
| (ङ) | आयोगका उपाध्यक्ष तथा सदस्यहरू - | सदस्य |
| (च) | प्रदेश सरकारका प्रमुख सचिव- | सदस्य |
| (छ) | राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्याएका प्रदेशका नागरिकहरू मध्येबाट कम्तीमा एक तिहाई महिला सहित प्रदेश सरकारबाट मनोनित पन्ध्र जना – | सदस्य |
| (ज) | सचिव, प्रदेश नीति तथा योजना आयोगको सचिवालय - | सदस्य-सचिव |

(३) दफा (२) (च) अनुसारको सदस्य मनोनयन गर्दा प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्घ संस्थाका प्रतिनिधि, विषय विज्ञ र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ।

८. **<u>परिषदको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) परिषदका अध्यक्षको निर्देशनमा सदस्य-सचिवद्वारा परिषदको बैठकको आव्हान गरिनेछ।

(२) परिषदको बैठकको अध्यक्षता परिषदको अध्यक्षबाट हुनेछ।

(३) परिषदको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) परिषदको निर्णय अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित गरिनेछ।

(५) परिषदको बैठकसम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. **<u>प्रादेशिक योजनाको स्वीकृतिः</u>** आयोगले तयार गरेको दीर्घकालीन योजना परिषदको बैठकमा छलफल भए पश्चात् परिषदको निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गरिनेछ।

## परिच्छेद-४

## आयोगको उपाध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार

१०. **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** (१) आयोगको उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढङ्गले सम्पादन गर्ने गराउने,

(ख) प्रदेशको आर्थिक अवस्था, चालु योजना तथा प्रादेशिक प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,

(ग) आयोगको नियमित बैठकको छलफलको विषय एवं कार्यसूची स्वीकृत गर्ने र पूर्ण बैठकको विषय एवं कार्यसूची सन्दर्भमा अध्यक्षलाई परामर्श दिने,

(घ) प्रचलित कानून बमोजिम र पूर्ण बैठकबाट निर्णय लिनुपर्ने भनी आयोगको नियमित बैठकले आवश्यकता महसूस गरेका विषयहरू आयोगको पूर्ण बैठकमा प्रस्तुत गर्ने,

(ङ) आयोगद्वारा सम्पादन गर्नुपर्ने कामहरू सम्बन्धमा आयोगका सदस्यहरूको जिम्मेवारी तोक्ने,

(च)आयोग वा अध्यक्षद्वारा तोकिएका अन्य कार्य गर्ने गराउने।

(२) आयोगको नियमित काम कारवाही उपाध्यक्षको निर्देशन अनुरुप सञ्चालन हुनेछन्।

११. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना, नीति तथा कार्यक्रम र आयोजनाहरूको समीक्षा, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आयोग समक्ष जानकारी गराउने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित विषय क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी उपाध्यक्ष समक्ष पेश गर्ने,

(ग)आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा योजनाहरूको सन्दर्भमा पृष्ठपोषण गर्ने र अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिश गर्ने,

(घ)प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तर्गत रही आफ्नो जिम्मेवारीको क्षेत्र भित्र रहेका वार्षिक कार्यक्रम स्वीकृत गर्नको लागि आयोगमा सिफारिश गर्ने,

(ङ)आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरूको सन्दर्भमा आयोगको तर्फबाट राय दिने प्रयोजनका निम्ति सुझाव गर्ने,

(च)उपाध्यक्षद्वारा तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद-५

## उपाध्यक्ष तथा नियुक्त सदस्यको सेवाका सर्त तथा सुविधा

१२. **योग्यताः** देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछः

(क) नेपाली नागरिक (सम्बन्धित प्रदेशको नागरिकलाई प्राथमिकता),

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि गरी विकास, योजना, नीति अनुसन्धान, प्राज्ञिक वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव र विशेषज्ञता हासिल गरेको वा स्नातकोत्तर उत्तीर्ण गरी विकास, योजना, नीति अनुसन्धान, प्राज्ञिक वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव र विशेषज्ञता हासिल गरेको,

(घ) नैतिक पतन हुने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(च) प्रचलित कानून बमोजिम अन्य हिसाबले अयोग्य नभएको।

१३. **पद रिक्त हुने अवस्थाः** देहायको कुनै अवस्थामा उपाध्यक्ष तथा नियुक्त सदस्यको पद रिक्त हुनेछः

(क) निजको पदावधि पूरा भएमा,

(ख) निजले प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) निजमा दफा १२ बमोजिमको योग्यता कायम नरहेमा,

(घ) दफा ३ को उपदफा (६) बमोजिम प्रदेश सरकारले निजलाई पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

१४. **उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः** (१) आयोगको उपाध्यक्ष र नियुक्त सदस्यको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, आवास, सवारी लगायतका सुविधा क्रमशः प्रदेश सरकारका मन्त्री र राज्यमन्त्रीले पाए सरह हुनेछ।

(२) आयोगको उपाध्यक्ष र नियुक्त सदस्यको अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) आयोगको उपाध्यक्ष र नियुक्त सदस्यले प्रचलित कानूनको परिधि भित्र रहेर मात्र सुविधाको उपभोग गर्न सक्नेछन्।

१५. **स्वीकृति लिनु पर्नेः** (१) उपाध्यक्ष तथा नियुक्त सदस्यले आयोगको कामको सिलसिलामा तीन दिन भन्दा वढी अवधि प्रदेश भित्र वा बाहिर भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनुपर्नेछ।

(२) उपाध्यक्ष तथा नियुक्त सदस्यले आयोगको कामको सिलसिलमा विदेश भ्रमण जानुपर्दा प्रदेश सरकारको स्वीकृति र नेपाल सरकारको सहमति लिनु पर्नेछ।

(३) निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनुपर्नेछ।

१६. **सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेः** आयोगका उपाध्यक्ष र नियुक्त सदस्यहरूले प्रचलित कानून बमोजिम आफ्नो सम्पत्ति सार्वजनिक गर्नुपर्नेछ।

## परिच्छेद-६

## आयोगको सचिवालय

१७. **आयोगको सचिवालयः** (१) आयोगको आर्थिक तथा दैनिक प्रशासनिक कार्यसम्पादनको लागि एक सचिवालय रहनेछ।

(२) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोगको कार्यसम्पादनमा सहयोग पुर्याउने,

(ख) आयोगको बैठकको निम्ति प्रस्तावको तयारी र आवश्यक व्यवस्थापन गर्ने,

(ग) आयोगको निर्णय सम्प्रेषण तथा कार्यान्वयन गर्ने गराउने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने।

१८. **सचिवः** (१) अध्यक्षको प्रत्यक्ष निर्देशन तथा उपाध्यक्षको सुपरिवेक्षणमा काम गर्ने गरी प्रदेश निजामती सेवाको एघारौं तहको अधिकृत आयोगको सचिव रहनेछ।

(२) प्रचलित कानून र यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोगको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने,

(ख) आयोगको प्रशासकीय काम कारबाहीलाई व्यवस्थित गर्ने गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नुपर्ने कार्य गर्ने,

(घ) आयोग र आयोगका अध्यक्ष र उपाध्यक्षले तोकेका अन्य कार्य गर्ने गराउने।

१९. **जनशक्ति तथा बजेट सम्बन्धी व्यवस्थाः** (१) आयोगको कार्यसम्पादनको निम्ति आवश्यक सङ्ख्यामा प्रदेश निजामती सेवाका विभिन्न सेवा समूहका प्रशासकीय तथा प्राविधिक कर्मचारीहरू रहने छन्।

(२)आयोगको काम कारवाहीको लागि आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउने छ ।

(३)आयोगले आफूसँग रहेको जनशक्तिबाट उपलब्ध हुन नसक्ने विशेषज्ञ सेवाको लागि आवश्यकता अनुसार अवधि किटान गरी प्रचलित कानून बमोजिम विज्ञ (व्यक्ति, समूह वा संस्था) को सेवा लिन सक्नेछ।

(४) आयोगको लागि आवश्यक बजेट प्रदेश सरकारले उपलब्ध गराउने छ।

२०. **आयोगको मातहतका निकायः** (१) आयोगको प्रत्यक्ष निर्देशन तथा मार्गदर्शनमा काम गर्ने गरी प्रदेश तथ्यांक कार्यालय र प्रदेश सरकारले तोकेका अन्य निकाय आयोगको मातहत रहनेछन्।

## परिच्छेद-७

## विविध

२१. **पालना गर्नु पर्ने:** (१) नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनको सहजीकरण, अनुगमन र मूल्याङ्कनका लागि यस ऐन बमोजिम आयोगले निर्धारण गरेको नीति, रणनीति, निर्देशन तथा मापदण्डहरू नीति तथा योजना  कार्यान्वयन गर्ने प्रदेश सरकारका सम्बद्ध सबै निकायले पालना गर्नुपर्नेछ।

(२) क्षेत्रगत नीति निर्माणका लागि सम्बन्धित निकायले आयोगसमक्ष सैद्धान्तिक सहमति लिनु पर्नेछ र नीति तर्जुमा भए पश्चात् प्राप्त अन्तिम मस्यैदामा आयोगले प्रदान गरेका सुझाव समावेश गर्नु सम्बन्धित निकायको जिम्मेवारी हुनेछ।

२२. **अधिकार प्रत्यायोजनः** (१) आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त काम कर्तव्य र अधिकार मध्ये खास आवश्यकता र परिस्थितिमा केही काम कर्तव्य र अधिकार आयोगका उपाध्यक्ष, सदस्य, सदस्य-सचिव वा अन्तर्गतका अन्य निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गर्दा प्रत्यायोजनका सर्त र सीमा स्पष्ट उल्लेख हुनुपर्ने छ।

(३) उपदफा (१) र (२) बमोजिम प्रत्यायोजित अधिकार आयोगले चाहेमा जुनसुकै बखत फिर्ता लिन सक्ने छ र प्रत्यायोजनले आयोगको कामकारवाहीमा कुनै बाधा गर्ने छैन।

२३. **समन्वय गर्नुपर्ने**: (१)आयोगले प्रदेशको नीतिगत व्यवस्था र विकास योजना तथा कार्यक्रम सन्दर्भमा प्रचलित कानून बमोजिमका विषयहरूमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोगसँग समन्वय गर्नु पर्नेछ।

(२) आयोगले नीति तथा योजनाको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन वा त्यसको रणनीति तय गर्दा सम्बन्धित मन्त्रालय वा निकायसँग समन्वय गर्नेछ।

(३) आयोगले नीति तथा योजनाको तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका क्रममा स्थानीय तह, विषय क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था निकाय, विकास साझेदार र नीजी क्षेत्रसँग आवश्यकता अनुसार प्रचलित कानूनको अधीनमा रही समन्वय गर्न सक्नेछ।

(४) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक प्रदेश स्तरका द्विपक्षीय वा बहुपक्षीय सहयोग र लगानीका कार्यक्रम र आयोजनाको सन्दर्भमा आयोगले सम्पर्क निकायको रुपमा काम गर्नेछ।

२४. **सहयोग र सूचना उपलब्ध गराउनु पर्ने:** प्रचलित कानूनमा उल्लिखित बाहेक आफ्नो परिभाषित कार्य सम्पादनको सिलसिलामा आयोगले माग गरेको बखत आवश्यक पर्ने सहयोग र सूचना सरकारका जुनसुकै निकायले आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

२५. **प्रतिनिधि पठाउनु पर्ने:** आयोगले खास विषय वा उद्देश्यका लागि गठन गरेका समिति वा उपसमितिमा मन्त्रालय वा निकायले आयोगको अनुरोध बमोजिम प्रतिनिधि पठाउनु पर्नेछ।

२६. **अधिकार प्राप्त निकाय:** आयोगसँग यस ऐनद्वारा वा यस ऐन वा अन्य कुनै ऐन अन्तर्गत आयोगलाई प्रदत्त अधिकार सहित एक प्राकृतिक/कानुनी व्यक्तिको सम्पूर्ण अधिकार निहित रहनेछ र एक स्वायत्त निकायको रुपमा आयोगले आफ्नो कानून बमोजिमको कार्यसम्पादनको सिलसिलामा गर्ने वा गर्नुपर्ने कुनै पनि काम गर्न सक्नेछ।

२७. **सरकारलाई सूचना उपलब्ध गराउनु पर्ने:** आयोगले सरकारले मागेको बखत आयोगको गतिविधि सम्बन्धी जानकारी, दस्तावेजका प्रतिलिपि र अन्य सूचना उपलब्ध गराउनु पर्नेछ। तर आयोगले कारणवश गोप्य राख्नुपर्ने र उक्त सूचनाको अभावमा सरकारको काम कर्तव्यमा असर नपुग्ने भएमा आयोग त्यस्तो सूचना उपलब्ध गराउन बाध्य हुने छैन।

२८. **निर्देशन दिन सक्ने**: (१) आयोगले सरकारलाई सुझाव परामर्श प्रदान गर्दा वा अदालतको आदेश पालना गर्दाका बखत वा आयोगलाई स्वविवेकीय अधिकार प्राप्त भएको अवस्थामा बाहेक सरकारले

आयोगलाई आवश्यक निर्देशन दिन वा यस ऐनमा उल्लेख भएका बाहेकका आयोगका कार्यप्रकृतिसँग मेल खाने अन्य जिम्मेवारीहरू तोक्न सक्नेछ।

२९. **ऐनको वैधता:** यो ऐन वा ऐन अन्तर्गत आयोगका कामकारवाही सदस्यतामा आएको रिक्तता वा सदस्य नियुक्तिमा भएको त्रुटीका कारणले मात्र अमान्य हुनेछैन।

३०. **मन्त्रालयगत र विषय क्षेत्रगत योजना स्वीकृत गराउनुपर्नेः** (१) प्रदेश सरकारबाट विनियोजन हुने रकम र सङ्घीय सरकार वा वैदेशिक सहायताबाट सञ्चालन हुने तोकिए भन्दा बढी लागतको मन्त्रालयगत र विषय क्षेत्रगत योजना/आयोजना निर्धारण गर्दा, रकमान्तर गर्दा वा कार्यक्रम/आयोजना संशोधन गर्दा आयोगबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका योजनाको तर्जुमा तथा स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) आयोगले प्रत्येक वर्ष आफ्नो कार्यालय र प्रदेश स्तरका क्षेत्रगत निकायहरूबाट स्वीकृत तथा सम्पादित काम, हासिल भएका उपलव्धि र प्रदेशको आर्थिक विकासका सन्दर्भ समेत समाविष्ट वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगले पेश गरेको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पठाउनेछ र उक्त प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ।

३२. **सङ्घीय सरकारसँग सम्पर्कः** आयोगले सङ्घीय सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत राख्नुपर्नेछ।

३३. **शपथः** आफ्नो कार्यभार सम्हाल्नु अघि आयोगको उपाध्यक्षले अध्यक्षसँग र सदस्यले उपाध्यक्ष समक्ष यस ऐनको अनुसूची-१ बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ।

३४. **नियमावली, निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्नेः** आयोगले यो ऐन कार्यान्वयन गर्न

आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।

३५. **<u>खारेजी र बचाऊः</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको प्रदेश नीति तथा योजना आयेग (गठन तथा कार्य सञ्चालन) आदेश २०७५ खारेज हुनेछ। तर सो बमोजिम गठन भएको नीति तथा योजना आयोग भने यसै ऐन बमोजिम गठन भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको नीति तथा योजना आयोगमा बहाल रहेका उपाध्यक्ष र सदस्य यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिमका उपाध्यक्ष र सदस्यको पदावधि यसै ऐनको दफा ३ को उपदफा (५) बमोजिमको अवधि सम्म कायम रहनेछ।

तर यो व्यवस्थाले दफा ३ को उपदफा (६) बमोजिम प्रदेश सरकारले हेरफेर गर्न सक्ने व्यवस्थामा कुनै रोक लगाएको मानिने छैन।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नीति तथा योजना आयोगद्वारा सम्पादित काम कारवाही यसै ऐन बमोजिम सम्पादन भए गरेको मानिनेछ।

## अनुसूची (दफा ३४ सँग सम्बन्धित)

## शपथको ढाँचा

म.................मुलुक, प्रदेश र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा नीहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै प्रदेशको ......................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, मुलुक, प्रदेश र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम, थरः ...................................

दस्तखतः...................................

प्रदेश तथ्याङ्क व्यवस्थापन ऐन ,२०७९

# प्रदेश तथ्याङ्क व्यवस्थापन ऐन, २०७९

**प्रस्तावना** : तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समय सापेक्ष बनाई सङ्घ, प्रदेश र स्थानीय तहको नीति निर्माण कार्यलाई थप प्रभावकारी बनाउन तथ्याङ्क सम्बन्धी ऐन प्रदेश सभाले बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रादेशिक तथ्याङ्क व्यवस्थापन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रदेशभरी लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अधिकार प्राप्त अधिकृत" भन्नाले यो ऐन अन्तर्गत संकलन गर्नु पर्ने तथ्याङ्क र खबरको विवरण संकलन गर्न सूचित आदेशद्वारा अधिकार दिइएको अधिकृत सम्झनु पर्छ ।

(ख) "निर्देशक" भन्नाले प्रदेश सरकारबाट नियुक्त प्रादेशिक तथ्याङ्क विभागको निर्देशक सम्झनु पर्छ ।

(ग) "सूचित आदेश" भन्नाले प्रादेशिक राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

(घ) "विभागको अधिकृत" भन्नाले तोकिए बमोजिम प्रादेशिक तथ्याङ्क विभागको अधिकृत भनी नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

(च) परिषद् भन्नाले प्रदेश तथ्यांक परिषद्लाई सम्झनु पर्छ ।

**३. विवरण दाखिल गराउने अधिकार** : प्रदेश सरकारले सूचित आदेशद्वारा कुनै वर्गको व्यक्तिहरुको भोग चलन वा नियन्त्रणमा रहेको सोही आदेशमा तोकिएको कुरा सम्बन्धी तोकिएको खबर, लगत र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा निर्देशक छेउ दाखिल गर्न त्यस्तो व्यक्तिलाई आदेश गर्न सक्छ ।

**४. तथ्याङ्क संकलन गर्न निर्देश गर्ने अधिकार** : (१) प्रदेश सरकारले सूचित आदेशद्वारा यस दफामा लेखिए बमोजिम कुनै कुराका सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्न निर्देश गर्न सक्छ ।

(२) उपदफा (१) अन्तर्गत निकालिएको आदेशद्वारा देहाय बमोजिम गर्न सकिने छ :-

(क) सङ्कलन गर्नु पर्ने खबरको लगत तोक्ने,

(ख) त्यस्तो खबर सङ्कलन गर्ने कामको निमित्त अधिकार प्राप्त अधिकृतहरु नियुक्त वा मनोनीत गर्ने, तिनीहरुका काम, कर्तव्य र अधिकारहरु तोक्ने र त्यस्तो काम, कर्तव्य र अधिकारहरु प्रयोग तथा पालन गर्दा तिनीहरुले अपनाउनु पर्ने कार्यविधि तोक्ने, र

(ग) त्यस्तो आदेश अन्तर्गत सङ्कलन गर्न पर्ने तथ्याङ्क सुविधापूर्वक सङ्कलन गर्नको निमित्त प्रदेश सरकारको विचारमा आवश्यक देखिएका वा आकस्मिक अरु सबै कुराहरुको व्यवस्था ।

(३) प्रादेशिक तथ्याङ्क विभागले आफै वा केन्द्रीय तथ्याङ्क विभागसँग समन्वय गरी सहकार्यमा तथ्याङ्क सङ्कलन, संग्रह, प्रकाशन र विश्लेषण गर्नेछ ।

**५. विवरण दाखिल गराउने निर्देशकको अधिकार** : निर्देशकले आफैँ वा अरु कुनै अधिकृतद्वारा कुनै व्यक्ति छेउ लिखित सूचना पठाई तोकिएको कुरा सम्बन्धी तोकिएको खबर, लगत र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा आफू छेउ दाखिल गर्न त्यस्तो व्यक्तिलाई आदेश गर्न सक्छ ।

**६. रेकर्ड जाँच्ने अधिकार** : निर्देशक वा निजको अधिकारक्षेत्रभित्र रही काम गर्ने कुनै अधिकार प्राप्त अधिकृत वा निजद्वारा दफा ५ अन्तर्गत लिखित रुपमा अधिकार पाएको कुनै अधिकृतले दफा ३ वा दफा ४ अन्तर्गतको आदेश वा दफा ५ अन्तर्गतको सूचनामा तोकिएको कुनै कुराको सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनको निमित्त वा त्यस्तो आदेश वा सूचना अन्तर्गत दाखिल भएको कुनै लगत, विवरण वा खबर साँचो हो होइन भन्ने कुराको जाँचको निमित्त देहाय बमोजिम गर्न सक्छ :-

(क) कुनै खबर वा विवरण दाखिल गर्नुपर्ने कर्तव्य भएका कुनै व्यक्तिको भोग चलन वा नियन्त्रणमा रहेको कुनै घर जग्गामा पूर्व सूचना दिई मनासिब माफिकको समयमा प्रवेश गर्ने,

(ख) त्यस्तो व्यक्तिको भोग चलन वा नियन्त्रणमा रहेको कुनै लिखत वा चीज आफू छेउ पेश गर्ने आदेश दिन र त्यसको जाँच गर्न र,

(ग) यो ऐन अन्तर्गत सङ्कलन गर्नु पर्ने तथ्याङ्कसम्बन्धी कुनै खबर कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिब माफिकको विश्वास भएमा निजसँग कुनै प्रश्न सोध्ने ।

**७. विवरण माग्ने अधिकार** : निर्देशकले प्रादेशिक राजपत्रमा प्रकाशित सूचनाद्वारा सोही सूचनामा तोकिएको कुरा सम्बन्धी तोकिए बमोजिमको खबर वा तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा आफू छेउ दाखिल गर्न कुनै वर्गको व्यक्तिलाई अनुरोध गर्न सक्छ ।

**७ क. तथ्याङ्क सङ्कलन गर्न प्रादेशिक तथ्याङ्क विभागको स्वीकृति प्राप्त गर्नु पर्ने** : (१) कुनै सरकारी कार्यालय, सरकारी स्वामित्व भएको वा यस उद्देश्यको लागि सरकारी सहायता प्राप्त संस्था वा विदेशी व्यक्ति वा संस्थाले व्यावसायिक उद्देश्यले कुनै आर्थिक कुराको लगत, खबर वा तथ्याङ्क सङ्कलन गर्न चाहेमा प्रादेशिक तथ्याङ्क विभागबाट स्वीकृति प्राप्त गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम तथ्याङ्क सङ्कलन गर्नको निमित्त स्वीकृति प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित तथ्याङ्क सङ्कलन गर्नु परेको कारण, सो सङ्कलन गरिने इलाका सङ्कलन गर्दा अपनाइने प्रणाली वा कार्यक्रमको सम्बन्धमा विस्तृत विवरण प्रादेशिक तथ्याङ्क विभागमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको तथ्याङ्क सङ्कलन गर्न मनासिब देखिएमा प्रादेशिक तथ्याङ्क विभागले स्वीकृति दिनेछ र त्यसरी स्वीकृति दिँदा सो विभागले तथ्याङ्क सङ्कलन गर्दा अपनाउनु पर्ने प्रणाली र आवश्यक देखिएका अन्य शर्त समेत तोकिदिन सक्नेछ ।

**७ ख. तथ्याङ्कलाई प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गराउनु पर्ने** : (१) दफा ७ क. बमोजिम तथ्याङ्क सङ्कलन गर्न स्वीकृति प्राप्त गर्ने व्यक्ति वा संस्थाले तथ्याङ्क सङ्कलन गरी त्यसलाई प्रयोगमा ल्याउन वा प्रकाशित गर्नु अघि प्रादेशिक तथ्याङ्क विभागबाट प्रमाणित गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम तथ्याङ्क प्रमाणित गर्दा प्रादेशिक तथ्याङ्क विभागले कुनै खर्च व्यहोर्नु पर्ने भए त्यस्तो खर्च समेत तथ्याङ्क प्रमाणित गराउन चाहने व्यक्ति वा संस्थाल प्रादेशिक तथ्याङ्क विभागलाई बुझाउनु पर्नेछ ।

(३) प्रादेशिक तथ्याङ्क विभागको स्वीकृति प्राप्त नगरी कुनै तथ्याङ्क विदेशी व्यक्ति, संस्था वा अन्तर्राष्ट्रिय संस्थालाई उपलब्ध गराउनु हुँदैन ।

**७ ग. स्थानीय तहले विवरण वा तथ्याङ्क सङ्कलन गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहले आफूलाई आवश्यक पर्ने विवरण वा तथ्याङ्क सङ्कलन, संग्रह, प्रकाशन र विश्लेषण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वा तयार गरिएको कुनै व्यक्तिगत वा पारिवारिक वा फर्म वा कम्पनी सम्बन्धी विवरण वा तथ्याङ्क दिने व्यक्तिको वा निजद्वारा अधिकार प्राप्त व्यक्तिको लिखित स्वीकृति विना अधिकार प्राप्त अधिकृत बाहेक अरु कसैलाई प्रत्यक्ष रुपमा देखाउन वा प्रकाशन गर्न हुँदैन ।

(३) प्रदेश सरकारले विवरण वा तथ्याङ्क सङ्कलन हुने विषयमा प्रदेश अन्तर्गतका स्थानीय तहले विवरण वा तथ्याङ्क सङ्कलन गर्ने छैनन् ।

(४) प्रदेश सरकारले विवरण वा तथ्याङ्क सङ्कलन, संग्रह, प्रकाशन र विश्लेषण गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले बनाएको कानुनबमोजिम हुनेछ ।

(५) स्थानीय तहले विवरण वा तथ्याङ्क सङ्कलन, संग्रह, प्रकाशन र विश्लेषण गर्ने सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुनबमोजिम हुनेछ ।

**८. खबर वा विवरणको प्रकाशनमा प्रतिबन्ध** : (१) दफा ३ वा दफा ४ वा दफा ५ वा दफा ६ वा दफा ७ अन्तर्गत दाखिल भएको वा प्राप्त गरिएको वा तयार भएको कुनै व्यक्तिगत वा कुनै परिवार वा फर्म वा कम्पनी सम्बन्धी विवरण वा खबर वा त्यसको कुनै अंश सो खबर वा विवरण दिने व्यक्तिको वा निजद्वारा अधिकार प्राप्त प्रतिनिधिको लिखित स्वीकृति विना निर्देशक वा विभागको अधिकृत बाहेक अरु कसैलाई प्रत्यक्ष रुपबाट देखाउन वा प्रकाशित गर्न हुँदैन ।

(२) यो ऐन अन्तर्गत मुद्दा चलाउने प्रयोजनको निमित्त त्यस्तो विवरण अदालतमा पेश गर्नमा उपदफा (१) ले बाधा पुऱ्याउने छैन ।

**९. सजाय :** (१) दफा ३ वा दफा ४ वा दफा ५ अन्तर्गत कुनै खबर वा विवरण दिनु पर्ने कर्तव्य भएका कुनै व्यक्तिले देहायको कसूर गरेमा निजलाई त्यस्तो प्रत्येक कसूरको निमित्त रु. ५००।- पाँच सयसम्म जरिवाना वा दुई महिनासम्म कैद वा दुवै सजाय हुनेछ :-

(क) जानी जानी त्यस्तो खबर वा विवरण तोकिएको म्यादभित्र नदिएमा वा दिन इन्कार गरेमा, वा

(ख) जानी जानी कुनै झुठ्ठा खबर वा विवरण दिएमा वा दिलाएमा, तर यस उपदफा अन्तर्गत सजाय हुने कसूर कुनै कम्पनी वा संगठित संस्थाले गरेकोमा सो कसूर भएको कुरा आफूलाई थाहा थिएन वा सो कसूर रोक्न आफूले सकभर उचित प्रयत्न गरेको थियो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक सो कम्पनी वा संस्थाको प्रत्येक महा-निर्देशक, मैनेजर, सेक्रेटरी वा अरु अधिकृत वा प्रतिनिधिलाई रु. ६००।- छ सयसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कुनै व्यक्तिले निर्देशक वा निजद्वारा दफा ६ अन्तर्गत अधिकार प्राप्त कुनै अधिकृतलाई सो दफाको खण्ड (क) अन्तर्गत कुनै घर जग्गामा प्रवेश गर्ने अधिकारको प्रयोगमा वाधा पुऱ्याएमा वा सो

दफाको खण्ड (ख) अन्तर्गत पेश गर्न दिइएको कुनै लिखत वा चीज जानी जानी पेश गर्न इन्कार गरेमा वा सो दफाको खण्ड (ग) अन्तर्गत सोधिएको कुनै प्रश्नको उत्तर दिन इन्कार गरेमा वा जानी जानी झुठ्ठा उत्तर दिएमा निजलाई रु. २००।- दुई सयसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२ क) दफा ७ क. बमोजिम स्वीकृति प्राप्त गरी तथ्याङ्क सङ्कलन गर्नु पर्नेमा स्वीकृति प्राप्त नगरी वा स्वीकृति प्रदान गर्दा तोकिएको प्रणाली वा शर्त विपरीत हुने गरी तथ्याङ्क सङ्कलन गरेमा वा दफा ७ ख. बमोजिम कुनै तथ्याङ्कलाई प्रयोगमा ल्याउनु वा प्रकाशित गर्नु अघि प्रमाणित गराउनु पर्नेमा सो नगराई प्रयोगमा ल्याउने व्यक्ति वा संस्था र प्रकाशन गर्ने व्यक्तिलाई त्यस्तो प्रत्येक कसूर वापत छ हजार रुपैयाँसम्म जरिबाना हुनेछ । तर यस उपदफा अन्तर्गत सजाय हुने कसूर कुनै संगठित संस्थाबाट भएकोमा त्यस्तो कसूर आफ्नो जानकारी बेगर भएको हो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक त्यस्तो कसूर वापतको सजाय सम्बन्धित संस्थाको महा- प्रबन्धक वा प्रबन्धक वा प्रमुखलाई हुनेछ ।

(३) विभागको निर्देशक वा कुनै अधिकार प्राप्त अधिकृतले देहायको कसूर गरेमा निजलाई त्यस्तो प्रत्येक कसूरको निमित्त रु. ३००।- तीन सयसम्म जरिबाना वा २ महिनासम्म कैद वा दुवै सजाय हुनेछ :-

(क) दफा ८ उल्लङ्घन गरी कुनै खबर वा विवरण वा त्यसको कुनै अंश प्रकाश गरेमा, वा

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम अन्तर्गत दिइएको आदेश पालन नगरेमा वा पालन गर्न इन्कार गरेमा वा आदेश पालन गर्दा उचित सावधानी वा तत्परता नदेखाएमा, वा

(ग) आफ्नो जिम्मामा रहेका तथ्याङ्कसम्बन्धी रेकर्ड लापरवाहीले वा जानी जानी नष्ट गरेमा वा अन्य किसिमबाट त्यसमा नोक्सानी पुऱ्याएमा वा गलत नतिजा निस्कने गरी कुनै खबर कीर्ते गरेमा वा अन्य तरिकाबाट प्रयोग गरेमा वा त्यस्तो रेकर्ड आफ्नो व्यक्तिगत लाभ वा अनधिकृत कामको लागि प्रयोग गरेमा

(४) दफा ८ उल्लङ्घन गरी कुनै व्यक्तिले कुनै अधिकार प्राप्त अधिकृत वा विभागको अधिकृतबाट कुनै खबर वा विवरण प्राप्त गरेमा निजलाई रु. ३००।- तीन सयसम्म जरिबाना वा २ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

तर त्यसरी प्राप्त गरेको खबर वा विवरण प्रकाशित समेत गरेमा निजलाई रु. ६००।- छ सयसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) कुनै व्यक्तिले जनतालाई यो ऐन अन्तर्गत दिइएको कुनै आदेशको पालन नगर्नु भनी वा अधिकार पाएका कुनै अधिकृतद्वारा कानून बमोजिम मागिएको कुनै खबर वा विवरण वा सोधिएको कुनै प्रश्नको उत्तर नदिनु भनी प्रचार गरेमा निजलाई रु. ६००।- छ सयसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

**<u>१०. मुद्दा हेर्ने अधिकार र पुनरावेदन :</u>** (१) यस ऐन अन्तर्गत देहायको कसूरको सम्बन्धमा कारबाही र सजाय गर्ने अधिकार देहायको अधिकारी वा अदालतलाई हुनेछ :-

(क) दफा ९ को उपदफा (१), (२) र (५) को कसूर सम्बन्धमा प्रमुख जिल्ला अधिकारी,

(ख) दफा ९ को उपदफा (२ क) को कसूरको सम्बन्धमा निर्देशक, र

(ग) दफा ९ को उपदफा (३) र (४) को कसूरको सम्बन्धमा जिल्ला अदालत तथा पुनरावेदन अदालत ।

(२) राजपत्रांकित अधिकृतको सम्बन्धमा प्रदेश सरकारको अनुमति र प्रादेशिक तथ्याङ्क विभागका कर्मचारीको सम्बन्धमा निर्देशकको अनुमति नभई यो ऐन अन्तर्गत सजाय हुने कुनै कसूरको सम्बन्धमा कुनै उजूर लाग्ने छैन ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारी वा निर्देशकले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

**<u>१० क. अधिकार प्रत्यायोजन गर्न सक्ने</u>** : दफा १० को उपदफा (१) को खण्ड (ख) बमोजिम निर्देशकलाई भएको अधिकार प्रदेश सरकारले सूचना प्रकाशित गरी कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

**<u>११. तथ्याङ्क विभाग रहने मातहत कार्यालय :</u>** प्रादेशिक तथ्याङ्क विभाग प्रदेश योजना आयोग मातहतमा रहनेछ ।

**<u>१२. प्रदेश सरकार वादी हुने</u>** : यस ऐन अन्तर्गतको मुद्दामा प्रदेश सरकार वादी हुनेछ ।

**<u>१३. आदेशमा प्रश्न उठ्न नसक्ने</u>** : यो ऐनद्वारा प्रदत्त अधिकारको प्रयोग गरी दिइएको कुनै आदेशका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठ्न सक्ने छैन ।

**<u>१४. नियम बनाउने अधिकार :</u>** यो ऐनको उद्देश्य कार्यान्वित गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ ।

**१५. प्रदेश तथ्याङ्क परिषद्**

परिषद्को गठन : (१) प्रदेश तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनसुन्धान सम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि प्रदेश सरकारले देहाय बमोजिमको प्रदेश तथ्याङ्क परिषद् गठन गर्नेछ :-

(क) उपाध्यक्ष, प्रदेश योजना आयोग -अध्यक्ष

(ख) सदस्य, प्रदेश योजना आयोग (तथ्याङ्क विषय हेर्ने) -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय -सदस्य

(घ) प्रदेश अन्तर्गतका सबै मन्त्रालयका सचिवहरु -सदस्य

(ङ) सदस्य-सचिव, प्रदेश योजना आयोग -सदस्य

(च) प्रमुख, प्रादेशिक नेपाल राष्ट्र बैङ्क -सदस्य

(छ) तथ्याङ्क क्षेत्रका प्रतिष्ठित व्यक्तिमध्येबाट प्रदेश सरकारले तोकेकको कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ज) प्रदेश तथ्याङ्क विभागका निर्देशक -सदस्य सचिव

**१५(क)परिषद्को बैठक र निर्णय** : (१) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(४) परिषद्को बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) कार्यालयले परिषद्को सचिवालयको रुपमा कार्य गर्नेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**१५(ख)परिषद्को काम, कर्तव्य र अधिकार :** (१) परिषद्को काम, कर्ततव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) तथ्याङ्क सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तथा नीति तर्जमा गर्ने,

(ख) सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा समन्वय गर्ने,

(ग) तथ्याङ्क उत्पादनकर्ता बीच समन्वय गर्ने,

(घ) यस ऐन बमोजिम तथ्याङ्क सम्बन्धी कार्य गर्ने निकायलाई आवश्यक निर्देशन दिने ।

(२) परिषद्‌ले आवश्यकता अनुसार विषय वा क्षेत्रगत रुपमा अन्तरनिकाय तथ्याङ्क कार्य समूहहरूको गठन गरी काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

**१६. वाधा अड्चना फुकाउने अधिकारः** यो ऐन कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन परेमा त्यसलाई फुकाउने अधिकार प्रदेश सरकारमा रहनेछ ।

# प्रदेश आयोजना बैंक निर्माण सम्बन्धी मापदण्ड, २०७९

# प्रदेश आयोजना बैक निर्माण सम्वन्धी मापदण्ड, २०७९

प्रदेशको आवधिक योजनाले तोके बमोजिमको आर्थिक बृद्धि प्राप्तिको लागि सार्वजनिक, निजी तथा सहकारीताको माध्यमबाट लगानी एवम् आर्थिक विकासका अवसर सृजना गरिने उल्लेख गरेको छ । यसै गरि प्रदेश स्तरमा प्रादेशिक महत्वको आयोजनाहरुको संचालनको लागि आयोजना बैकको निर्माण गरिने व्यवस्था रहेको छ । प्रादेशिक विकासको अवधारणालाई साकार पार्न प्रादेशिक महत्वका आयोजनाहरुको संभाव्यता अध्ययन गरी कार्यान्वयनमा जोड दिई आवधिक योजनामा प्रस्ताव गरिएका सूचकहरुको उपलव्धि हासिल गर्नको लागि आवश्यक भएकोले प्रदेश आयोजना बैक निर्माण सम्वन्धी मापदण्ड २०७९ तयार गरिएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ :** यस मापदण्डको नाम "प्रादेशिक आयोजना बैक निर्माण सम्वन्धी मापदण्ड २०७९" रहेको छ ।

२. **परिभाषा :** बिषय तथा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क)आवधिक योजना भन्नाले ........प्रदेशको प्रथम पञ्च वर्षिय आवधिक योजनालाई वुझ्नु पर्दछ ।

(ख) आयोग भन्नाले प्रदेश नीति तथा योजना आयोग गठन ऐन ..... बमाजिम स्थापना भएको प्रदेश नीति तथा योजना आयोगलाई वुझ्नु पर्दछ ।

(ग) सम्वन्धित मन्त्रालय भन्नाले आयोजना तथा कार्यक्रम सगं सम्वन्धित प्रदेश सरकारका मन्त्रालयहरुलाई वुझ्नु पर्दछ ।

**३. मापदण्ड तथा आधारहरु**

(क) आयोजना तथा कार्यक्रमले प्रदेश आयोजना बैकमा आयोजना प्रस्ताव गर्दा अनुसूची-१ मा उल्लेखित आधार वमोजिम हुनु पर्नेछ ।

(ख) अनुसूची-१ मा उपयुक्त हुने आयोजनाहरु मध्ये आयोजना बैकको रुपमा राख्न सम्वन्धित मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगमा आयोगले उपलव्ध गराएको फाराम भर्नु पर्नेछ ।

(ग) फाराममा आयोजना तथा कार्यक्रमलाई प्रदेश आयोजना बैकमा राख्न उपयुक्त देखिने कारण तथा आधारहरु उल्लेख गर्नुपर्नेछ ।

(घ) आयोजना प्रस्ताव गर्ने सम्वन्धित मन्त्रालयले फाराम साथ देहायका आधार तथा मापदण्डहरु पेश गर्नु पर्नेछ ।

(१) आवधिक योजनाले प्रदेशको प्राथमिकता निर्धारण गरेको क्षेत्र भित्र परेको ।

(२) संभाव्यता अध्ययन भएको ।

(३) विषय क्षेत्रगत तथा भौगोलिक विविधतालाई समेटेको ।

(४) दिगो विकासका लक्ष्यहरु हासिल गर्न सघाउ पुग्ने ।

(५) मध्यमकालीन खर्च संरचनामा समावेश भएको ।

(६) प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएको ।

(७) आयोजनाको कुल लागत ……………..करोड सम्म वा सो भन्दा माथि भएको ।

(८) प्रदेश सरकारको नीति तथा कार्यक्रममा परेको ।

(९) स्रोतको सुनिश्चिचता भएको तथा हुने भएको ।

(१०) निजी क्षेत्रलाई लगानीको लागि आकृष्ट गर्ने किसिमको ।

## ४. आयोजना बैकको लागि आयोजना छनौट समिति

आयोजना बैकमा उपयुक्त आयोजना छनौटको लागि तपसिल बमोजिमको एक समिति हुनेछ। समितिले अध्ययन, उपयुक्तता,प्रादेशिक महत्व, रोजगारीका अवसर, वातावरणीय असर जस्ता पक्षहरुमा विचार गरि परियोजना बैकमा राख्न उपयुक्त परियोजनाको छनौट गर्नेछ । यसरी गठन हुने समितिको स्वरुप तपसिल वमोजिमको हुनेछ ।

| | |
|---|---|
| (क) प्रदेश नीति तथा योजनाआयोगकोउपाध्यक्ष | अध्यक्ष |
| (ख) प्रदेश नीति तथा योजना आयोगका सदस्यहरु | सदस्य |
| (ग) प्रदेशका सबै मन्त्रालयका सचिवहरु | सदस्य |
| (ज) मुख्यमंत्री तथा मन्त्रिपरिष्द कार्यालयका योजना अनुगमन माहाशाखा हेर्ने सचिव | सदस्य |
| (झ) प्रदेश नीति तथा योजना आयोगका सचिव | सदस्य सचिव |

(समितिको अध्यक्षले आवश्यकता अनुसार सम्वन्धित क्षेत्रका विज्ञलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।)

## ५. आयोजनाको छनौट तथा निणर्य प्रक्रिया

दफा ४ वमोजिमको प्रक्रियावाट सिफारिश भएका आयोजनाहरुलाई अनुसूची-१ मा उल्लेलित मापदण्डको आधारमा आयोगको बैठकवाट स्वीकृत गरी परियोजना बैकको निर्माण गरिने छ ।

## ६. परियोजना बैकमा स्थान प्राप्त परियोजनाहरुको कार्यान्वयन

आयोजना बैकमा राखिएका परियोजनाहरुको कार्यान्वयन प्रदेश सरकारले प्रदेशमा उपलब्ध स्रोतको आधारमा गर्नेछ यस्तै प्रथम पञ्च वर्षिय आवधिक योजनाको लक्ष्य तथा उद्देश्यहरु पुरा गर्नको लागि आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयको संयुक्त प्रयासमा लगानी सम्मेलन गरी वाहिरका लगानीकर्त्ताहरु सगं समन्वय र सहकार्य गरी कार्यान्वयनमा जोड दिइनेछ ।

## ७. आयोजना बैक अध्यावधिक

प्रदेशको सामाजिक तथा आर्थिक विकासको महत्वलाई ध्यान दिदै आयोगले आवश्यकता अनुसार थप लगानीको अवसर जुटाउन आयोजना वैकमा आयोजनाहरु थप गर्दै लग्नेछ ।

## अनुसूची १

### आयोजना बैकमा समावेश गरिने आयोजनाका आधारहरु

| सूचक | मापदण्ड |
|---|---|
| क्षेत्र | पूर्वाधार, ,कृषि तथा पशुजन्य उत्पादनमा आधारित उत्पादनमूलक,पर्यटनमा टेवा पु-याउने |
| भूगोल | भूबनौट अनूसारको आवश्यकतालाई सम्वोधन हुनसक्ने । |
| संभाव्यता | प्राविधिक,आर्थिक,सामाजिक र वातावरणीय रुपमा संभाव्य देखिएको । |
| प्रत्यक्ष लाभन्वित जनसंख्या | आयोजनावाट कम्तीमा २५००० जनसंख्या लाभन्वित भएको ।<br>गरिवीको रेखामूनि रहेका तथा विपन्न वर्गलाई प्रत्यक्ष रोजगारी सिर्जना हुने । |
| निर्माण अवधि | ३ देखि ५ वर्ष |

| | |
|---|---|
| रोजगारी/उत्पादन/सेवा | पूर्वाधार संग सम्वन्धित भएमा निर्माण अवधि भित्रमा ७५ हजार श्रमिक दिन बराबरको न्यूनतम रोजगारी सिर्जना गर्नुपर्ने । अन्यको हकमा आवधिक योजनाको सूचकलाई पुरा गर्न सहयोग पुग्ने किसिमको । |
| लागत | आयोजनाको लागत कम्तिमा........... करोड र सो भन्दा माथि भएको । |
| आर्थिक प्रतिफल | लाभ लागत अनुपात (B/C ratio),खुद वर्तमान मूल्य (NPV)तथा आन्तरिक प्रतिफल दर<br><br>(IRR)<br><br>उत्पादनमूलकको हकमा निर्माण पश्चात कम्तिमा वार्षिक १५ करोड बराबरको वस्तु उत्पादन भएको हुनुपर्ने । |

प्रदेश आयोजना बैंक दिग्दर्शन, २०७९

# प्रदेश आयोजना बैंक दिग्दर्शन, २०७९

प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

.......प्रदेश,

२०७९

<u>विषय सूची</u>

**खण्ड एकः प्रारम्भिक**......................................................................................................................५०

१.१ परिचय......................................................................................................................५०

१.२ आयोजना बैंक तर्जुमा दिग्दर्शनको उद्देश्य......................................................................................५१

१.३ आयोजना बैंक तर्जुमा दिग्दर्शनको आवश्यकता......................................................................................५१

१.४ आयोजना बैंक तर्जुमा दिग्दर्शन स्वीकृति तथा कार्यान्वयन...................................................................... ५२

१.५ प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली...................................................................................... ५२

**खण्ड दुईः आयोजना बैंकको परिचय**......................................................................................................५३

२.१ पृष्ठभूमि ......................................................................................................................५३

२.२ सोच......................................................................................................................५५

२.३ प्रदेश आयोजना बैंकको औचित्य......................................................................................................५५

२.४ प्रदेश आयोजना बैंकको उद्देश्य......................................................................................................५७

**खण्ड तीनः आयोजना तर्जुमा**......................................................................................................५७

३.१ आयोजना छनौटका चरणहरू......................................................................................................५७

३.१.१ आयोजनाको पहिचान ......................................................................................................५८

३.१.२ पूर्व-सम्भाव्यता अध्ययन/गुरुयोजना तर्जुमा ......................................................................................५९

३.१.३ सम्भाव्यता/विस्तृत अध्ययन/विस्तृत परियोजना प्रतिवेदन...................................................................... ६०

३.२ आयोजना स्वीकृति प्रक्रिया ......................................................................................................६१

३.३ आयोजना छनौटका चरणको विस्तृतीकरण......................................................................................................६२

३.३.१ अवधारणा विकास र स्वीकृति......................................................................................................६२

३.३.१.१ आयोजना पहिचान......................................................................................................६५

३.३.१.२ विकल्प खोज/उत्तम विकल्प पहिचान......................................................................................................६६

३.३.१.३ अवधारणा विकास प्रतिवेदन निर्माण......................................................................................................६७

३.३.१.४ अवधारणापत्र स्वीकृति प्रक्रिया ......................................................................................................६७

३.३.२ आयोजना मूल्याङ्कन (पूर्व-सम्भाव्यता अध्ययन/ गुरुयोजना तर्जुमा) ...................................................... ६८

३.३.२.१ पूर्व-सम्भाव्यता अध्ययन ........ ६८
३.३.२.२ गुरुयोजना तर्जुमा........ ७०
३.३.३ आयोजना मूल्याङ्कन (सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन)........ ७०
३.३.३.१ सम्भाव्यता अध्ययन........ ७०
३.३.३.२ विस्तृत आयोजना प्रतिवेदन ........ ७३
३.४ अन्य क्षेत्रका आयोजनाहरू ........ ७५
३.५ आयोजना प्राथमिकीकरण ........ ७५
३.६ आयोजना स्वीकृति र मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन ........ ७६

**खण्ड चारः संरचनागत व्यवस्था** ........ ७८
४.१ आयोजना बैंक निर्देशक समिति........ ७८
४.२ आयोजना बैंक प्राविधिक समिति........ ७९
४.३ मन्त्रालयगत आयोजना बैंक प्राविधिक समिति ........ ८०
४.४ बजेट सीमा........ ८०
४.५ समितिको व्यवस्था........ ८१

**अनुसूचीहरू**........ ८२
अनुसूची १ः आयोजना अवधारणापत्रको ढाँचा ........ ८२
अनुसूची २ः उत्तम विकल्प मूल्याङ्कन तथा पहिचान विधि श्रेणीमापनका आधार र मापदण्डहरू........ ८७
अनुसूची ३ः विस्तृत अध्ययन प्रतिवेदनको आधारभूत रुपरेखा........ ८९
अनुसूची ४ः सामाजिक क्षेत्र/सालवसालीका आयोजना तयार गर्ने ढाँचा ........ ९४
अनुसूची ५ः आयोजना प्राथमिकीकरणका आधारहरू........ ९७
अनुसूची ६ः नयाँ आयोजनाको प्राथमिकीकरण विधि ........ १०९
अनुसूची ७ः आयोजना विश्लेषण प्रक्रिया........ १११

# खण्ड एकः प्रारम्भिक

## १.१ परिचय

नेपालको संविधानले व्यवस्था गरे बमोजिमका सात वटा प्रदेश मध्ये ............ प्रदेश कायम भएको हो । प्रदेश सरकार संचालनका लागि आवश्यक ऐन, कानूनको तर्जुमा, योजनाबद्ध विकास कार्यक्रम संचालन, नेपाल सरकार र स्थानीय तहसँग आपसी समन्वय एवं सहयोग आदान प्रदान आदि कार्य गर्न प्रदेश सरकार (कार्य विभाजन) नियमावली, ........ ले निर्देशित गरे बमोजिम विभिन्न मन्त्रालय तथा मातहतका कार्यालय मार्फत प्रदेशको सम्वृद्धि एवं सुशासनको प्रयास जारी रहेको छ ।

प्रदेशको नीति निर्माण र योजना तर्जुमा प्रकृयालाई वैज्ञानिक र पारदर्शी बनाउन ........ प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, ..... जारी गरी ...... ... गते नीति तथा योजना आयोग गठन गरेको छ । यस आयोगलाई योजना तर्जुमा र नीति निर्माण सम्बन्धमा प्राप्त कार्यदेश बमोजिमका काम गर्दै आएको छ ।......प्रदेश सरकारले आफ्नो **"समृद्धि र सुखका"** लक्ष्य प्राप्त गर्न प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७—२०८०/८१) तयार गरी कार्यान्वनमा ल्याएको छ ।

यस योजनामा समावेशी आर्थिक वृद्धि, गरीबी निवारण, स्थानीय उत्पादनसँग सघन सम्बन्ध भएको पर्यटन क्षेत्रको विस्तार, उर्जाको उत्पादन, प्रयोग र निकासी, कृषिको आधुनिकीकरण, औद्योगिकीकरण, गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण, प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार, गुणस्तरीय स्वास्थ्य सेवाको सुदृढीकरण, जलवायु अनुकूलन आर्थिक क्रियाकलाप सञ्चालन र सुशासनको माध्यमबाट सामाजिक न्यायसहितको **"समृद्ध प्रदेश र सुखी प्रदेशबासी"** को लक्ष्य प्राप्त गर्न उपलब्ध स्रोत र साधनको अधिकतम र दक्षतापूर्वक प्रयोग गर्ने प्रतिबद्धता गरिएको छ ।

प्रदेशको नीति निर्माण र योजना तर्जुमा प्रकृयालाई व्यवहारिक र सन्तुलित बनाउन योजनाहरूको बैज्ञानिक ढङ्गबाट छनौट एवं प्राथमिकीकरण हुन जरुरी छ । अव्यस्थित रुपमा योजना छनौट गर्ने, योजनाका लागि बजेट विनियोजन भएपछि मात्र संभाव्यता अध्ययन गर्ने तथा विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने जस्ता परिपाटीका कारण ठूला एवं गौरवका आयोजनाहरू समेत अलपत्र परेको अवस्थामा .....प्रदेश प्रदेश नीति तथा योजना आयोगको काम कर्तव्य र अधिकारमा लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक तर्जुमा गरी स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौटसम्बन्धी काम गर्ने कुरा उल्लेख भए वमोजिम आयोजना बैंक दिग्दर्शन तयार पारिएको छ । आयोजना बैंक तर्जुमा दिग्दर्शन तयार

भए सँगै ....... प्रदेशमा आयोजना बैंक स्थापना हुने र बैज्ञानिक छनौट विधिबाट योजना तर्जुमा तथा बजेट विनियोजन हुन गई प्रदेशका रणनीतिक एवं गौरवका आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न हुने अपेक्षा गरिएको छ ।

## १.२ आयोजना बैंक दिग्दर्शनको उद्देश्य

आयोजना बैंक दिग्दर्शनको मुख्य उद्देश्य प्रदेशका महत्वपुर्ण आयोजनाहरू पहिचान एवं छनौटको निश्चित मापदण्ड तयार गरी सोहि वमोजिम आयोजना छनौटको प्रक्रियाको थालनी गर्न सरोकारवाला मन्त्रालय, विभाग तथा निकायहरूलाई मार्गनिर्देश गर्नु रहेको छ साथै प्रमाणमा आधारित योजनाको छनौटको निश्चित मापदण्डका माध्यमबाट प्रदेश सरकारद्वारा चयन गरिएका विकास आयोजनाहरू तोकिएको लागतमा गुणस्तर सुनिश्चित हुने गरी निर्धारित समयमा सम्पन्न हुने अवस्था सृजना गर्नु रहेको छ ।

## १.३ आयोजना बैंक दिग्दर्शनको आवश्यकता

नेपालमा आयोजनाको पहिचान, संभाव्यता अध्ययन, डिजाइन तथा लागत अनुमान, लाभ विश्लेषण र प्राथमिकता निर्धारण बिना नै आयोजना छनौट र बजेट विनियोजन गर्ने र बजेट विनियोजन पश्चात् आयोजनाको संभाव्यता अध्ययन, सर्भेक्षण र विश्लेषण गरी आयोजना कार्यान्वयन गर्ने प्रचलन रहेको छ । यसबाट प्रतिफलमुखी, वित्तीय र आर्थिक रूपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण जटिल हुनका साथै आयोजना सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन नहुने, आयोजनाको लागत शुरू अनुमान भन्दा बढी हुने, आयोजना समयमै सम्पन्न नहुने र गुणस्तर कायम गरी आयोजना सम्पन्न नहुने स्थिति कायम रहेको छ । अध्ययन तथा विश्लेषण र प्राथमिकता निर्धारण विना नै आयोजना छनौट गर्दा हचुवाको भरमा धेरै टुक्रे आयोजना छनौट भइ बजेट समेत विनियोजन हुने तर यसबाट ठोस उपलब्धि हासिल हुन नसक्ने समस्या विद्यमान रहेको छ । पूर्व तयारी विना आयोजना छनौट गर्दा कार्यान्वयनको चरणमा आउने विभिन्न समस्या र जोखिम पहिचान हुन नसकी आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकिरहेको छैन भने कतिपय अवस्थामा प्रत्युत्पादक समेत बन्न पुगेका छन् । आयोजनाको पहिचान गर्ने प्रणाली नहुँदा ठुला र रूपान्तरणकारी आयोजनाहरू कार्यान्वयनमा नआउने र आएमा पनि वैज्ञानिक छनौट प्रणाली नभएकोले श्रोतको सुनिश्चितता नभई कार्यान्वयनमा समस्या आउने गरेको छ ।

विकास आयोजना चक्रका प्रमुख चरणहरू मध्ये आयोजना पहिचान र तयारी पहिलो चरण हो । यस चरणमा आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन, वित्तीय तथा जोखिम विश्लेषण र

छनौट आदि कार्य गरिन्छ । विशेष गरी आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदनको आधारमा मात्र आयोजनाको सही पहिचान र त्यसको प्राथमिकता निर्धारण गर्न सकिन्छ । प्राथमिकताका आधारमा छनौट गरिएका आयोजनाहरूका लागि आर्थिक स्रोत जुटाउन र आयोजनाको प्रकृति र स्वरूपको आधारमा आयोजना कार्यान्वयनको ढाँचा समेत निश्चित गर्न सकिन्छ ।

## १.४ आयोजना बैंक दिग्दर्शन स्वीकृति तथा कार्यान्वयन

आयोजना बैंक दिग्दर्शन, ....... प्रदेश नीति तथा योजना आयोगबाट सिफारिस भई ........ प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएसँगै लागु हुनेछ । प्रदेश सरकार मातहतका सबै मन्त्रालयका प्रतिनिधि तथा सरोकारवालाहरूको सहभागितामूलक छलफल तथा अन्तरक्रियामा तयार गरिएको आयोजना बैंक दिग्दर्शन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय, निकायहरू, विभाग, महाशाखा/शाखा, निजी क्षेत्र, गैर सरकारी तथा अन्य सङ्घ संस्था र सरोकारवालालाई उपलब्ध गराइनेछ ।

स्वीकृत आयोजनालाई प्रदेश सरकारको वार्षिक बजेट, मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाका माध्यमबाट कार्यान्वयन गरिनेछ । आयोजना बैंकमा समावेश भएका आयोजनाहरू कार्यान्वयनका लागि संघीय सरकार, स्थानीय तहहरू, राष्ट्रिय/अन्तरास्ट्रिय गैर सरकारी संस्थाहरू, दातृ निकायहरू तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ । यसका लागि आयोजना बैंकमा सूचीकृत आयोजनाहरू आवधिक योजनामा समावेश गरी सोहि योजनाका आधारमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ । त्यसैगरी आयोजना बैंकमा सूचीकृत नभएका तर आवधिक योजनामा रहेका कार्यक्रम तथा आयोजनाहरूको संभाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने र सो बमोजिम आयोजना अवधारणा पत्र तयारी र प्राथमिकता निर्धारण गरी आयोजना बैंकमा सूचीकृत गर्नुपर्दछ । यसरी आयोजना बैंकमा सूचीकृत भएका आयोजनाहरूको मध्यमकालीन खर्च संरचना तयार गरी कार्यक्रम तथा आयोजनामा स्रोत निश्चित गरी सोही बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ । यस प्रकार आयोजना बैंकलाई आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना मार्फत वार्षिक बजेट तथा कार्यक्रममा जोडेर कार्यान्वयन गर्नुपर्दछ ।

## १.५ प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली

प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली, ........ प्रदेश नीति तथा योजना आयोगद्वारा व्यवस्थापन गरिएको विद्युतीय सूचना प्रणाली हो, जसमा नीति तथा योजना आयोगले प्रमाणित गरेका आयोजनाहरूको सूची प्रकाशित गरिएको हुन्छ । आयोजना बैंक दिग्दर्शनले निर्धारित गरेका सम्पूर्ण प्रकृया पूरा गरी योजना

कार्यन्वयनका लागि तयारी अवस्थामा रहेका प्रस्तावित योजनाहरू मात्र यो सूचना प्रणालीमा समावेश हुनेछन् । विद्युतीय प्रणालीमा प्रविष्ट भएका आयोजनाहरूलाई नीति तथा योजना आयोगले कार्यान्वयनको लागि मन्त्रालय तथा निकायलाई सिफारिश गर्ने तथा अवधारणा विकास प्रतिवेदनमा अस्पष्ट भएका विषयवस्तुमा स्पष्टता प्रदान गर्न सुझाव दिने वा राय/सुझाव सङ्कलन गर्न सक्नेछ । आयोजना कार्यन्वयनको प्रगति विवरणबारे सम्वन्धित सरोकारवालाहरूलाई सुशुचित गर्न तथा कार्यान्वयन पक्षले अनुगमन एवं मूल्याङ्कन गर्न यो सूचना प्रणाली महत्वपुर्ण हुनेछ ।

# खण्ड दुईः आयोजना बैंकको परिचय

## २.१ पृष्ठभूमि

समावेशी, सन्तुलित तथा दिगो सामाजिक–आर्थिक विकास गरी सामाजिक न्यायसहितको समृद्धि र सुख हासिल गर्न योजनाबद्ध विकास आवश्यक हुन्छ । योजनाका लक्ष्य प्राप्त गर्न आयोजनाको तथ्यपरक पहिचान, प्राथमिकीकरण तथा छनौट गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । आयोजना पहिचानको चरणमा आयोजनाका सामाजिक, आर्थिक र वातावरणीय पक्षहरूको मूल्याङ्कन गरी आयोजनाका सवल पक्ष, कमजोरी, अवसर तथा जोखिम पक्षहरू विश्लेषण गर्नुपर्दछ । आयोजना कार्यान्वयनमा लैजानुपूर्व पहिचान भएका आयोजनाको सामाजिक, आर्थिक र वातावरणीय पक्षहरूको तुलनात्मक विश्लेषण गरी प्राथमिकीकरण र छनौट गर्नुपर्दछ । त्यसैगरी, आयोजना कार्यान्वयनको चरणमा देखापर्ने बहुआयामिक जटिलताहरूको उचित व्यवस्थापन गर्नुपर्दछ ।

समग्रमा, स्रोत विनियोजनमा प्रभावकारिता तथा कार्यान्वयनमा दक्षता अभिवृद्धिका लागि कार्यान्वयन योग्य आयोजनाको पहिचान र तिनको छनौट आधारभूत आवश्यकता हो । कार्यान्वयनका लागि छनौट भएका विकास आयोजनाहरू जो सरकारको प्राथमिकताको क्षेत्रभित्र परेका, तथ्य र आवश्यकतामा आधारित, कार्यान्वयनयोग्य, पर्याप्त पूर्व तयारी भएका, लाभ लागत विश्लेषण गरिएका, स्रोत सुनिश्चित भएका तथा निर्धारित लागत र समयमै सम्पन्न भई उच्च प्रतिफल दिने खालका हुन्छन् तिनको छुट्टै सूची बनाउनु पर्दछ

। यसरी सम्पूर्ण पूर्वतयारी सकिएर कार्यन्वयनका लागि तयारी अवस्थामा रहेका आयोजनाहरूको विस्तृत विवरण सहितको संग्रह सूची नै आयोजना बैंक हो । अर्थात सरकारले आयोजना कार्यान्वयन गर्नुपूर्व निर्धारित मापदण्डका आधारमा आयोजना पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण गरी लगानीका तयार पारेको योग्य आयोजनाहरूको अध्यावधिक सूची नै आयोजना बैंक हो ।

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, ....... ले राष्ट्रिय योजना आयोग अन्तर्गत आयोजना बैंकको स्थापना र सञ्चालन गरी संघीय स्तरमा कार्यान्वयन हुने विकास आयोजना तथा कार्यक्रमको मूल्याङ्कन, लेखाजोखा तथा परीक्षण गर्ने व्यवस्था गरेको छ । तथ्य र आवश्यकतामा आधारित आयोजनाको पहिचान, छनौट तथा प्राथमिकीकरण प्रक्रियामा आयोजना बैंकको महत्त्वलाई आत्मसात गर्दै पन्ध्रौं योजना (आ.व. २०७६/७७ - आ.व. २०८०/८१) ले समेत राष्ट्रिय आयोजना बैंकको संस्थागत व्यवस्थाको लागि मार्ग प्रशस्त गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा समेत आयोजना बैंक सम्बन्धी कानूनी प्रावधानहरू राखिएका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्नेछ । त्यस्तै, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले योजना बनाएर मात्र खर्च गर्नुपर्ने प्रावधान रहेको छ । प्रदेश नीति तथा योजना आयोग (गठन तथा संचालन) आदेश २०७४, को दफा ८ मा आयोगको काम कर्तव्य र अधिकारमा आयोजना बैंक र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौटसम्बन्धी काम गर्ने संघ, प्रदेश तथा स्थानीय तहको सहलगानी हुने आयोजना छनौट र पूर्व तयारी गर्न आवश्यक काम गर्ने, प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने, निजी क्षेत्र, सहकारी, सामुदायिक वा बाह्य लगानीका आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने व्यवस्था रहेको छ । त्यस्तै प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ मा आयोजना बैंकको व्यवस्था गरिएको छ ।

सूचीकृत आयोजनाको प्रविष्टिका लागि आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको विकास गरिनु पर्दछ । यसबाट आयोजनासँग सम्बन्धित सरोकारवालाहरूलाई आवस्यक तथ्याङ्क लिन, प्रमाणित वा पुष्टि गर्न, विश्लेषण तथा व्याख्या गर्न तथा आयोजनासँग सम्बन्धित सम्पूर्ण सूचना र जानकारी प्राप्त गर्न सहज हुनेछ । यसले आयोजना तोकिएको समय तथा निर्धारित लागतमा सम्पन्न भए/नभएको अनुगमन/मूल्याङ्कन गर्न

साथै आवधिक कार्यप्रगतिको लेखाजोखा गर्न मद्दत गर्नेछ । सोही अनुरुप राष्ट्रिय योजना आयोगले पनि स्रोत विनियोजनको प्रभावकारिता तथा कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्न नेपाल सरकार अन्तर्गतका मन्त्रालय तथा निकायलाई सहजीकरण गर्नका निम्ति राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई विद्युतीय प्रणालीमार्फत सञ्चालनमा ल्याएको छ ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ र प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७ -आ.व. २०८०/८१) ले समेत प्रदेशस्तरको आयोजना बैंकको संस्थागत विकासको मार्ग प्रशस्त गरेको हुँदा प्रदेश आयोजना बैंकको स्थापना र सञ्चालन गर्न प्रदेश नीति तथा योजना आयोगले यो दिग्दर्शन जारी गरेको छ । आयोजना पहिचान, छनौट र प्राथमिकीरण दिग्दर्शनमा आधारित हुनेछ । ...... प्रदेश अन्तर्गतका स्थानीय तहले समेत आयोजना छनौटमा यो दिग्दर्शनलाई उपयोग गर्न सक्नेछन् साथै स्थानीय तहले आफ्ना आयोजनाहरु ........ प्रदेश आयोजना बैंकमा सूचीकृत गर्न चाहेमा आयोजनासँग सम्वन्धित मन्त्रालयमार्फत अवधाराणा पत्र पेश गर्न सक्नेछन् ।

## २.२ सोच

"...... प्रदेशको समन्यायिक, सन्तुलित र दिगो विकासका लागि सुव्यवस्थित आयोजना बैंक स्थापना तथा कार्यान्वयन" ।

## २.३ प्रदेश आयोजना बैंकको औचित्य

.......प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, ..... ले निर्दिष्ट गरे अनुसार प्रदेश नीति तथा योजना आयोगले लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (Project Bank) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने, प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने तथा प्रदेशमा निजी क्षेत्र र बाह्य लगानीका आयोजनाको इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट कन्ट्र्याक्टिङ्ग, (EPC) इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट, कन्टयाक्टिङ् एण्ड फाइनान्सिङ्ग (EPCF) र विल्ड वोन अपरेट एण्ड ट्रान्सफर (BOOT) प्रणालीमा आयोजना निर्माण सम्बन्धी काम गर्ने साथै आयोजना बैंक र आयोजना तयारीको लागि सार्वजनिक—निजी साझेदारी इकाईको रुपमा काम गर्ने भनि तोकिएको छ ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को व्यवस्थाले रणनीतिक महत्वका आयोजनाको पहिचान, संभाव्यता अध्ययन, प्रतिफलमुखी, वित्तीय र आर्थिक रूपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार स्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वयनको लागि आयोजना बैङ्क स्थापना गर्नुपर्ने देखिन्छ ।

### २.४ प्रदेश आयोजना  बैंकको उद्देश्य

प्रदेश गौरवका आयोजना तथा रणनीतिक महत्वका आयोजनाको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण सहित ........ प्रदेशको समग्र अर्थतन्त्र तथा सामाजिक विकासमा अधिकतम फाइदा पुऱ्याउने आयोजनाहरूको सूची तयार गर्नु आयोजना बैङ्कको मूल उद्देश्य हो । यसको विशिष्ट उद्देश्य देहायबमोजिम रहेका छन् :-

१. तथ्यपरक विधि र मापदण्डमा आधारित आयोजना पहिचान, लेखाजोखा (पूर्व मूल्याङ्कन), छनौट, प्राथमिकीकरण गर्ने प्रणालीको विकास र अभ्यास गर्नु,
२. कार्यान्वयन योग्य आयोजनाको सूची तयार गर्नु,
३. प्रतिफलमूखी, वित्तीय र आर्थिक रूपमा सम्भाव्य आयोजना छनौट गर्नु,
४. आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग आयोजना बैङ्कको तादात्म्यता कायम गरी प्राथमिकता प्राप्त  आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन सुनिश्चित गर्नु,
५. प्रदेशको बजेट विनियोजनमा दक्षता, आयोजना व्यवस्थापनमा कुशलता र योजना सुशासनमा प्रभावकारिता कायम गरी सार्वजनिक स्रोतको अधिकतम उपयोग स्थापित गर्नु ।

# खण्ड तीनः आयोजना तर्जुमा

### ३ १.आयोजना छनौटका चरणहरू

आवश्यक पूर्वतयारी बिनाका आयोजना कार्यान्वयनमा लैजाने विद्यमान परिपाटीले अधिकांश विकास आयोजनाहरू तोकिएको समय र निर्धारित लागतमा सम्पन्न हुन सकिरहेका छैनन् । जसबाट सार्वजनिक वित्त व्यवस्थापनमा अत्याधिक चाप पर्न गएको छ भने विकास साझेदारहरू समेत विद्यमान विकास आयोजना प्रशासनसँग विश्वस्त हुन सकिरहेका छैनन् । आयोजनाको पहिचान, लेखाजोखा, छनौट, प्राथमिकीकरण, स्रोत विनियोजन, परिचालन र कार्यान्वयनसम्मका चरणहरूमा दक्षता र प्रभावकारिता हासिल गर्दै विकास आयोजना प्रशासनप्रति विश्वसनीयता कायम गर्न सकिएको छैन । कतिपय आयोजनाहरू संघ, प्रदेश र स्थानीय तहमा दोहोरिएका समेत छन् । उपलब्ध सीमित स्रोत साधनको सही समयमा सही तरिकाले अधिकतम परिचालन गरी उच्चतम प्रतिफल प्राप्त गर्न र विकास आयोजना प्रशासन सञ्चालनमा प्रभावकारिता,

दक्षता एवम् सुशासन कायम गर्दै प्रदेशले आत्मसात गरेको "**समृद्ध प्रदेशः सुखी प्रदेशवासी**"को आकाङ्क्षालाई साकार पार्नु आवश्यक छ ।यसका लागि आयोजना पहिचान देखि कार्यान्वयन सम्मका चरणलाई व्यवस्थित गर्न आवश्यक छ ।

आयोजना चक्रका चरणहरू मध्ये पहिलो चरणमा आयोजनाको पहिचान गरिन्छ भने दोस्रो चरणमा पूर्व सम्भाव्यता अध्ययन तथा तेस्रो चरणमा विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य गरिन्छ । विशेष गरी आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदनको आधारमा मात्र आयोजनाको सही पहिचान र त्यसको प्राथमिकता निर्धारण गर्न सकिन्छ । प्राथमिकताका आधारमा छनौट गरिएका आयोजनाहरूका लागि आर्थिक स्रोत जुटाउन र आयोजनाको प्रकृति र स्वरूपको आधारमा आयोजना कार्यान्वयनको प्रक्रियागत ढाँचा समेत निश्चित गर्न सकिन्छ ।

आयोजना व्यवस्थापनमा आयोजनाहरूको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण आधारभूत आवश्यकता हो । यसै तथ्यलाई आत्मसात गर्दै आयोजना तयारीका सबै चरणमा औपचारिक प्रक्रियालाई अनिवार्य पालना गर्नुपर्ने शर्तको रुपमा ........ प्रदेशको प्रदेश आयोजना बैंक दिग्दर्शन तयार गरिएको छ । आयोजना बैंकमा आयोजना सूचीकृत हुनका लागि निश्चित स्वीकृति प्रक्रिया निर्धारण गरिएको छ । आयोजना विकास र छनौटका चरणहरू निम्नानुसार हुनेछन् ।

### ३.१.१ आयोजनाको पहिचान

प्रभावकारी विकास व्यवस्थापनका लागि प्रथमतः उपयुक्त आयोजनाको पहिचान अवधारणा निर्माणहुनु अपरिहार्य पर्दछ । यस चरणमा निश्चित समय र बजेटको दायरा भित्र रही आयोजना अवधारणा तयार गर्न पूरा गर्नुपर्ने क्रियाकलापहरूको सूचीसहितको प्रारम्भिक प्रस्ताव तयार गरिन्छ । विषयगत मन्त्रालयहरूले विषयक्षेत्रगत उद्देश्यलाई राष्ट्रिय, प्रदेश तथा स्थानीय तहका योजनाका उद्देश्यसँग तादात्म्यता राख्दै आयोजना अवधारणापत्र तयार पारी स्वीकृतिको लागि प्रदेश नीति तथा योजना आयोगमा पठाउनु पर्ने छ ।

(क) आयोजना बैंकमा आयोजना प्रविष्ट गर्नको लागि मन्त्रालय वा निकायले पहिलो चरणमा आयोजनाको अवधारणा विकास गरी नीति तथा योजना आयोगमा वा आयोगले स्थापना गरेको आयोजना बैंकको व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नुपर्ने छ ।

(ख) अवधारणा विकास भई व्यवस्थापन प्रणालीमा प्रविष्ट भएका आयोजनाहरूलाई नीति तथा योजना आयोगले गुरुयोजना निर्माण वा पूर्व सम्भाव्यता अध्ययनको लागि मन्त्रालय तथा निकायलाई स्वीकृति

दिने वा अवधारणा विकास प्रतिवेदनमा अस्पष्ट भएका विषयवस्तुमा स्पष्टता प्रदान गर्न सुझाव दिने वा आयोजना अस्वीकृत गर्न सक्नेछ ।

(ग) सामाजिक क्षेत्र तथा विस्तृत परियोजना प्रतिवेदन आवश्यक नपर्ने सालवसाली क्रियाकलापहरूको हकमा पनि आयोजनाको लागत, प्रकृया, यसवाट वार्षिक तथा समग्र रूपमा उपलब्ध हुने आर्थिक-सामाजिक विकासको अनुमानित प्रतिफल, प्रभाव र असर विश्लेषण गरी अवधारणा विकास गर्नु पर्दछ ।

### ३.१.२ पूर्व-सम्भाव्यता अध्ययन/गुरुयोजना तर्जुमा

आयोजना तयारीको दोश्रो चरण आयोजना प्रस्तावको स्वीकृति प्रक्रिया र आयोजना लेखाजोखा विधिसँग सम्बन्धित छ । आयोजना लेखाजोखा प्रक्रियाले उपयुक्त विकल्पहरूको खोजी गर्न, सरकारलाई विकास आयोजना प्राथमिकीकरण, छनौट र स्वीकृति दिन, कुशल स्रोत विनियोजन आधार प्रदान गर्न, गुणस्तर सुनिश्चित गर्न, पारदर्शी तरिकाले निर्णयहरूको औचित्य स्थापित गर्न सघाउ पुऱ्याउँछ । आयोजनाको लेखाजोखा प्रक्रियाको लागि विषयगत मन्त्रालयले आवश्यकता बमोजिम गुरुयोजना, सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार पार्नुपर्दछ । त्यसपछि सम्बन्धित मन्त्रालयले आयोजना प्रस्ताव तयार पारी सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन संलग्न गरी प्रदेश नीति तथा योजना आयोगमा पेश गर्नेछ । दोश्रो चरणका मुख्य कार्यहरू देहाय बमोजिम छन् ।

(क) आयोजनाको अवधारणा विकास प्रतिवेदन स्वीकृत भई गुरुयोजना निर्माण वा पूर्व सम्भाव्यता अध्ययनको लागि स्वीकृति दिइएका आयोजनाहरूको तोकिएको ढाँचामा अध्ययन गरी प्रतिवेदन सहित परीक्षण तथा मूल्याङ्कनको लागि प्रविष्ट गर्नुपर्ने छ ।

(ख) मन्त्रालयसँगको समन्वयमा आयोगले थप अध्ययन गर्न नपर्ने प्रकृतिका आयोजनालाई सीधै कार्यान्वयन योग्य आयोजनाको रुपमा आयोजना बैंकमा प्रविष्ट गर्न सक्नेछ भने थप अध्ययन जस्तै सम्भाव्यता वा विस्तृत अध्ययन के गर्नुपर्ने हो विश्लेषण गरी मन्त्रालय तथा निकायलाई सुझाव दिनेछ । त्यस्तै, आयोजनाले प्रतिवेदनमा अस्पष्ट रहेका विषयवस्तुमा स्पष्टता प्रदान गर्न सम्बन्धित मन्त्रालय तथा निकायलाई सुझाव दिने वा कार्यान्वयन योग्य नदेखिएमा अस्वीकृत गर्न सक्नेछ । यस चरणमा अस्वीकृत भएका आयोजना छनौटमा नपरेका आयोजनाको समूहमा राखिनेछ ।

### ३.१.३ सम्भाव्यता/विस्तृत अध्ययन/विस्तृत परियोजना प्रतिवेदन

आयोजना बैंकको सूचीमा समाविष्ट भएका आयोजनालाई प्राथमिकीकरण र आयोजना तत्परता मूल्याङ्कनका आधारमा थप जाँच गर्न आवश्यक हुन्छ । यसरी गरिने आयोजनाको छनौट र प्राथमिकीकरणको प्रणालीबद्ध प्रक्रियाले आयोजनाको प्रतिफलयुक्त छनौटमा मद्दत पुऱ्याउँछ । यस चरणका मुख्य कार्यहरू देहाय बमोजिम छन् ।


(क) सम्भाव्यता अध्ययन/विस्तृत अध्ययन/विस्तृत परियोजना प्रतिवेदनको लागि स्वीकृति प्रदान गरिएका आयोजनाको मन्त्रालय वा निकायले तोकिएको ढाँचामा प्रतिवेदन निर्माण गरी आयोगमा बुझाउने छ ।

(ख) आयोगले कार्यान्वयन योग्य आयोजना पहिचान गरी कार्यान्वयनमा लैजान योग्य आयोजनाको समूहमा प्रविष्ट गर्ने वा कार्यान्वयन योग्य नदेखिएमा अस्वीकृत गर्न सक्नेछ । यस चरणबाट अस्वीकृत भएका आयोजनालाई छनौटमा नपरेका आयोजनाको समूहमा राखिनेछ ।

## ३.२ आयोजना स्वीकृति प्रक्रिया

आयोजना बैंकमा आयोजना प्रविष्ट गर्न आयोजनाको अवधारणा विकास गरी आयोजना पहिचान गरिन्छ । आयोजनाको विस्तृत परीक्षण तथा मूल्याङ्कनको लागि आवश्यकता अनुसार गुरुयोजना/पूर्व सम्भाव्यता र विस्तृत सम्भाव्यता/विस्तृत अध्ययन जस्ता अध्ययनहरू गरिन्छ (चित्र १) । अवधारणा विकास भएका आयोजनाहरूलाई चरण १ मा राखी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । गुरुयोजना वा पूर्व सम्भाव्यता

**चित्र १ : आयोजना पहिचान, मूल्याङ्कन, प्राथमिकीकरण र छनौटको प्रक्रिया/चक्र**




अध्ययन भएका आयोजनाहरूलाई चरण २ मा राखी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विस्तृत सम्भाव्यता वा विस्तृत अध्ययन भएका आयोजनाहरूलाई चरण ३ मा राखी परीक्षण तथा मूल्याङ्कन गरिन्छ ।

सबै आयोजनाहरूको अनिवार्य रुपमा अवधारणा विकास गरी प्रतिवेदन तयार गर्नुपर्दछ । विषय क्षेत्रगत आयोजनाहरूको प्रकृति र आवश्यकताका आधारमा गुरुयोजना निर्माण, पूर्व सम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता र विस्तृत अध्ययन गर्दै आयोजना प्राथमिकीकरण तथा छनौट गरी कार्यान्वयनको लागि स्वीकृति प्रदान गरिनेछ । प्रदेश नीति तथा योजना आयोगले आवश्यकता अनुसार विषय क्षेत्रगत विज्ञ, मन्त्रालयका सचिवसँगको समन्वयमा आयोजना पहिचान, परीक्षण तथा मूल्याङ्कन, प्राथमिकीकरण र छनौट गर्नेछ ।

आयोजना बैंकमा रहने आयोजनाहरूको स्वीकृत प्रक्रिया चित्र १ मा उल्लेख गरे अनुसार हुनेछ । आयोजना बैंकको विभिन्न चरणका आयोजना छनौटको प्रक्रियाको विस्तृतीकरण निम्नानुसार हुनेछ ।

### ३.३ आयोजना छनौटका चरणको विस्तृतीकरण

आयोजनाको वैज्ञानिक छनौटले यसको गुणस्तरीयता र कार्यान्वयनको प्रभावकारितालाई सुनिश्चित गर्दछ । तद्अनुसार विकास आयोजनाहरूको पहिचान, मूल्याङ्कन, छनौट र प्राथमिकताको व्यवस्थित प्रक्रियाको विकास गरिएको छ । आयोजना पहिचान, मूल्याङ्कन, प्राथमिकीकरण र छनौट संघीय तथा प्रदेशको विकास योजनाको समग्र उद्देश्य, रणनीति र प्राथमिकताहरूसँग मेलखाने हुनु पर्दछ । यसले विकास समस्या वा आवश्यकतालाई सम्बोधन गर्नको लागि मद्दत पुऱ्याउनेछ । दिग्दर्शनमा आयोजनाहरूको छनौटको लागि एक व्यवस्थित प्रक्रियाको परिकल्पना गरिएको छ । प्रत्येक चरणको एक विस्तृत प्रक्रिया तय गरिएको छ । संचालनमा रहेका आयोजनाहरूको लागि अलग एकीकृत ढाँचा विकसित गरिएको छ ।

#### ३.३.१ अवधारणा विकास र स्वीकृति

अवधारणा विकास, आयोजना विकासको शुरुवाती चरणमा सन्दर्भ सामाग्रीहरूको अध्ययन र स्थलगत अनुगमन मार्फत गरिने कार्य हो । सामान्यतया, अवधारणा विकास न्युनतम स्रोत साधन र छोटो समयभित्र रही उस्तै प्रकृतिका आयोजना प्रतिवेदन तथा सम्बन्धित प्रकाशनहरू, द्वित्तीय स्रोतबाट प्राप्त हुन सक्ने तथ्याङ्क तथा सूचनाहरू र सामान्य स्थलगत अवलोकन गरी तयार गरिन्छ । अवधारणा विकास गर्दा आयोजना विकासको उद्देश्य, आयोजनाको भौगोलिक सीमा, लाभान्वित पक्ष, आयोजना स्थलमा निर्माण हुन सक्ने संरचनात्मक र गैर-संरचनात्मक अवयवहरू, आयोजनासँग सम्बन्धित सरोकारवालाहरू, आयोजनाको प्राविधिक, सामाजिक, आर्थिक, वातावरणीय पक्ष र आयोजना विकासका विभिन्न वैकल्पिक परिदृश्यहरू आदिको बारेमा एक तहको स्पष्टता प्रदान गरिनुपर्दछ । त्यस्तै, आयोजनालाई अगाडि बढाइएको खण्डमा अर्को चरणमा गरिने कार्य जस्तैः थप अध्ययन र अध्ययनको दायरा, अध्ययन विधि र संकलन गर्नुपर्ने तथ्याङ्क तथा सूचना र आयोजना विकासको लागि अनुमान गरिएको स्रोत साधनको व्यवस्थाको लागि आवश्यक निर्णयहरू लिन तथ्यपरक र वस्तुपरक आधारहरू तय गर्नुपर्दछ । अवधारणा विकास भइसकेपछि गुरुयोजना वा पूर्व सम्भाव्यता अध्ययन वा सम्भाव्यता अध्ययन वा विस्तृत अध्ययन के गर्ने त्यसबारे आयोजनाको विश्लेषण गरी निर्क्योल गर्नुपर्दछ ।

अवधारणा विकासका लागि विकल्प विश्लेषण, उत्तम विकल्प छनौट तथा अवधारणा विकास प्रतिवेदन निर्माण कार्य सम्बन्धित मन्त्रालय तथा निकायले गर्नेछ यद्यपि उक्त कार्यमा कुनै कठिनाइ भएमा प्रदेश नीति तथा योजना आयोगसँग सहजीकरणका लागि माग गर्न सकिनेछ ।

देहायका विषयवस्तुलाई ध्यान दिई आयोजनाको अवधारणा विकास गर्नु पर्दछ ।

(क) संघीय, प्रादेशिक र स्थानीय नीति तथा योजनाले निर्दिष्ट गरेका समष्टिगत विषयहरू,

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका प्राथमिकताहरू,

(ग) सार्वजनिक नीति, योजना र कार्यक्रमहरू,

(घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका विषय क्षेत्रगत गुरुयोजना तथा आवधिक योजनाहरू,

(ङ) अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू,

(च) सम्बन्धित क्षेत्रमा रहेका समस्या, चुनौती र अवसरहरू,

(छ) आवश्यकता तथा माग र स्रोत विश्लेषण,

(ज) क्षेत्रगत, जिल्लागत र स्थानीय तहगत विकासको सन्तुलन,

(झ) दिगो, न्यायिक र समावेशी विकास,

(ञ) सरोकारवालाहरूको विश्लेषण र सुझाव,

(ट) जनप्रतिनिधिहरूको राय तथा सुझाव,

(ठ) विषय विज्ञहरूको राय सुझाव,

(ड) समान प्रकृतिका विकास आयोजना कार्यान्वयनको राष्ट्रिय, प्रादेशिक तथा अन्तर्राष्ट्रिय अनुभव आदि,

(ढ) अन्तर्राष्ट्रिय विकास निकाय र तिनका नीति तथा कार्यक्रमहरू,

माथि उल्लेखित विषयवस्तुका आधारमा विषयगत मन्त्रालयको योजना महाशाखाबाट प्रत्येक आयोजनाको आयोजना अवधारणापत्र सम्वन्धित मन्त्रालय मार्फत प्रदेश नीति तथा योजना आयोगमा पेश गर्नु पर्दछ । आयोजना अवधारणापत्र तर्जुमा गर्दा आयोजनाको शुरुवात तथा कार्यान्वयनको जिम्मेवारी तथा वित्तीय व्यवस्थापन बारे आयोजनाको लागि सम्बद्ध महाशाखा तथा एकाइको निकट समन्वयमा गरिनुपर्दछ ।

यस्तो अवधारणापत्र अनिवार्य रुपमा प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (PPBMIS) मार्फत पेश गर्नुपर्दछ । आयोजना अवधारणापत्रको मूल्याङ्कनका लागि आयोजना बैंकसँग सम्बन्धित निर्देशिका तथा प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (PPBMIS) मा राखिएको परीक्षण सूचीको प्रयोग गरिन्छ

। आयोजना अवधारणापत्रले स्वीकृति पाउनका लागि तल उल्लेखित ६ वटा प्रश्नको जवाफ दिन आवश्यक छ ।

१. प्रस्तावित आयोजना संघ र प्रदेश सरकारको विकास रणनीतिसँग सम्बद्ध छ/ छैन ?

२. आयोजना प्राविधिक रूपले सम्भाव्य छ/छैन?

३. आयोजना आर्थिक र वित्तीय रुपमा सम्भाव्य छ/ छैन ?

४. वित्तीय स्रोत व्यवस्थापन गर्न सकिने छ/ छैन ?

५. आयोजना दिगो कार्यान्वयन गर्न संस्थागत क्षमता छ/छैन ?

६. छनौट गरिएको प्रविधि उपयुक्त छ/ छैन ?

आयोजना अवधारणापत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने निकाय प्रदेश नीति तथा योजना आयोग हो । आयोगले आवश्यक ठानेमा अवधारणापत्रमा संशोधन गर्न समेत सुझाव दिन सक्नेछ । प्रदेश सरकार मन्त्रिपरिषदले विशेष निर्णय गरेको अवस्थामा बाहेक प्रदेश नीति तथा योजना आयोगबाट आयोजना अवधारणापत्रको सैद्धान्तिक स्वीकृति बिना नयाँ आयोजनाहरू शुरु गरिने छैनन् ।

विषयगत मन्त्रालयद्वारा पेश गरिएको अवधारणापत्रसम्बन्धी निर्णय प्रदेश नीति तथा योजना आयोगमा पेश भएको मितिबाट ३ हप्ताभित्र सो विषयमा सम्वन्धित मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ । आयोजना अवधारणापत्रको मूल्याङ्कन पछि गरिने यस्तो निर्णयमा आयोगले निम्न मध्ये कुनै एक निर्णय भएको जानकारी तोकिएको समय सीमाभित्र सम्बन्धित मन्त्रालयलाई पठाउनुपर्नेछ ।

- सैद्धान्तिक स्वीकृति दिने
- पुनरावलोकनका लागि सुझाव माग गर्ने
- प्रस्ताव अस्वीकृत भएको जानकारी दिने ।

अवधारणापत्र स्वीकृत भएपश्चात् प्रदेश नीति तथा योजना आयोगले आयोजना अध्ययन र विकासको लागि आवश्यक पर्ने बजेट विनियोजन गर्न आर्थिक मामिला मन्त्रालयसँग आवश्यक समन्वय तथा सिफारिस गर्ने छ । आयोजनाको थप अध्ययनका लागि एक कोष स्थापना गर्न सकिनेछ र उक्त कोषको रकम अवधारणापत्र तयार भएका आयोजनाहरूको पूर्वसम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि खर्च गरिनेछ वा सम्वन्धित मन्त्रालयले नै आयोजना बैंक दिग्दर्शनको आधारमा प्रदेश नीति तथा योजना आयोगसँग स्वीकृति लिएर अवधारणापत्र तयार भएका आयोजनाहरूको

पूर्वसम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार गर्न सक्नेछ । "पुनरावलोकनका लागि सुझाव" भन्ने निर्णय भएको खण्डमा विषयगत मन्त्रालयले आयोगले दिएको सुझाव अनुरुप अवधारणापत्र संशोधन गरी स्वीकृतिको लागि पुन: प्रदेश नीति तथा योजना आयोगमा पठाउनु पर्नेछ (अवधारणा पत्रको ढाँचा अनुसूची १ बमोजिम हुनेछ) ।

### ३.३.१.१ आयोजना पहिचान

विकासका आवश्यकतालाई सम्बोधन गर्नको लागि उपयुक्त आयोजनाहरूको चयनको पहिलो कदम आयोजना पहिचान हो । आयोजनाको पहिचान गर्दा प्रदेशको आवधिक योजनाको समग्र उद्देश्य, रणनीति र प्राथमिकताहरूसँग सुसंगत बनाउनु पर्दछ । सम्बन्धित मन्त्रालयहरूले प्रदेश लक्ष्यहरूसँग सम्बन्धित रही विकासको उद्देश्य पूरा गर्न उपयुक्त आयोजनाहरूको पहिचान गर्नुपर्दछ । आयोजना पहिचानले विकासको आवश्यकतालाई सम्बोधन गर्नको लागि प्रारम्भिक प्रस्तावको विकास गर्दछ । यसको लागि प्राथमिक र द्वितीय स्रोतको तथ्याङ्क तथा सूचनाहरूको मद्दत लिन सकिन्छ । राष्ट्रिय तथा प्रदेशको आवधिक योजनाको लक्ष्य, सरकारको प्रथमिकता, संस्थागत क्षमता, प्राविधिक अनुकूलता, सन्तुलित र दिगो विकासको दायरा भित्र रहेर आयोजना पहिचान र छनौट हुनुपर्दछ ।

<u>**आयोजना पहिचानका उद्देश्यहरू**</u>

१. उत्तम विकल्पहरूको खोज र अन्वेषण गर्नु ।
२. सरकारलाई विकास आयोजनाहरू छनौट र प्राथमिकीकरण गर्न सहयोग गर्नु ।
३. निर्णयलाई पारदर्शी र तथ्यपरक बनाउनु ।
४. सन्तुलित, समानुपातिक र दिगो विकासलाई प्रवर्द्धन गर्नु ।
५. उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालनलाई जोड दिनु ।
६. अव्यवस्थित रुपमा हुने योजना छनौट अभ्यासको अन्त्य गर्नु ।

**<u>आयोजना पहिचान प्रक्रिया</u>**

| | | |
|---|---|---|
| १ | आयोजनाको अवधारणा विकास | ➢ आयोजनाको माग, सरोकारवालाको रायसुझाव, आवधिक योजना, नीति तथा कार्यक्रम,<br>➢ स्रोत आँकलन,<br>➢ सम्भावित विकल्प सहित कार्यान्वयनको ढाँचा,<br>➢ समस्या तथा अवसरको पहिचान |
| २ | रणनीतिक अध्ययन | ➢ क्षेत्रगत र प्रदेश उद्देश्यसँग रणनैतिक तादात्म्यता<br>➢ रणनीतिक उद्देश्य अनुरुप विकल्पको छनौट |
| ३ | उचित विकल्पको पहिचान | ➢ उपलब्ध स्रोत साधनबाट अधिकतम लाभ लिने उपायको खोजी र यसका बाधा तथा सीमितताहरूको पहिचान |
| ४ | गुरुयोजना/पूर्व सम्भाव्यता अध्ययन | ➢ सम्भावित विषयमा सन्दर्भ सामाग्रीको अध्ययन वा गुरुयोजना/पूर्व सम्भाव्यता अध्ययन<br>➢ विषयगत मन्त्रालय/ निकायसँग समन्वय र सहमति<br>➢ सरकारको विकास नीति अनुसार आयोजना वर्गीकरण ३ वर्षे, ५ वर्षे, १० वर्षे |
| ५ | अवधारणापत्रको विकास | ➢ प्रत्येक आयोजनाको अवधारणापत्र विकास गर्ने |

## ३.३.१.२ विकल्प खोज/उत्तम विकल्प पहिचान

पहिलो चरणमा आयोजनाका विकल्पहरूको विश्लेषण गरी सम्भावित विकास आयोजनाहरूको सूची तयार गर्नुपर्दछ । आयोजना कार्यान्वयनमा समय, लागत र क्षमता जस्ता सीमाभित्र रहेर प्राप्त संक्षिप्त सूचीबाट उपयुक्त विकल्प छनौट गरिन्छ । यसको लागि आयोजना कार्यान्वयनका अन्य पक्षसहित कम लागतमा उच्च लाभ दिनसक्ने आयोजना छनौट गरिन्छ ।

आयोजनाको विकल्प पहिचानका लागि अनुसूची २ बमोजिमका ५ वटा मापदण्ड प्रयोग गरिनेछ । पहिलो मापदण्डको रुपमा लगानीको प्रतिफललाई लिइन्छ जसको वर्गीकरणमा लाभ लागत सूत्रको प्रयोग गरिन्छ । अन्य चारवटा मापदण्डहरूको मूल्याङ्कन सम्बन्धित निकायले निर्धारण गर्नेछन् । तथापि पाँचौं मापदण्ड विषयगत मन्त्रालयहरूले निर्धारण गर्ने भएकोले आयोजना प्रक्रियामा सामञ्जस्य हुने गरी सम्बन्धित मन्त्रालयले विकास गर्नुपर्छ ।

उपलब्ध विकल्पहरू विश्लेषण गरी उत्तम विकल्पहरूको संक्षिप्त सूची तयार गरिन्छ । विकल्पहरूको संक्षिप्त सूची तयार गर्दा आयोजनाको लागत, लाभ, सन्तुलित र समन्यायिक विकासको प्राथमिकता आदिको आधारमा मूल्याङ्कन गर्नुपर्दछ । उत्तम विकल्प छनौटका लागि सम्बन्धित निकायले एक समिति गठन गरी कार्यान्वयनमा ल्याउन सक्नेछ । उत्तम विकल्प छनौट अनुसूची २ बमोजिम गर्नुपर्नेछ ।

**३.३.१.३ अवधारणा विकास प्रतिवेदन निर्माण**

छनौट भएका उत्तम विकल्पहरूको सन्दर्भ सामाग्री अध्ययन विधिबाट अवधारणा विकास प्रतिवेदन तयार गरी प्रदेश नीति तथा योजना आयोगको आयोजना बैंक सूचना प्रणालीमा प्रविष्ट गरी पठाउनु पर्नेछ । आयोजनाको प्रकृति अनुसार आयोगले सम्बन्धित विषयका विज्ञ र मन्त्रालय तथा निकायसँग समन्वय गरी गुरुयोजना निर्माण वा पूर्व-सम्भाव्यता अध्ययन गर्नको लागि सम्बन्धित मन्त्रालय वा निकायलाई स्वीकृति दिने वा पुनरावलोकनको लागि मन्त्रालय तथा निकायलाई सुझाव दिने वा कारण सहित अस्वीकृत गर्न सक्नेछ ।

**क्रमागत आयोजनाहरूको अवधारणासम्बन्धी व्यवस्था**

क्रमागत आयोजना पनि आयोजना बैंकमा प्रविष्ट हुनुपर्दछ । देहायका आयोजनाहरूलाई प्रविष्ट गर्न सकिन्छः

- कार्यन्वयनका क्रममा रहेका आयोजनाहरू
- शुरु गरिएको तर रकमको कमी भएर वा विभिन्न कारणहरूले लामो समय रोकिएका आयोजनाहरू
- छनौट भएका तर दिग्दर्शन जारी हुनुभन्दा पहिले कार्यान्वयन शुरु नभएका विकास आयोजनाहरू

प्रदेश नीति तथा योजना आयोगद्वारा आयोजना अवधारणाको अनुमोदन गरी र सम्बन्धित मन्त्रालयमा सूचना पठाएपछि प्रस्तावित आयोजनाको सम्बन्धित मन्त्रालय वा निकायबाट सम्भाव्यता अध्ययन गरिनेछ ।

**३.३.१.४ अवधारणापत्र स्वीकृति प्रक्रिया**

आयोजनाको अवधारणापत्र स्वीकृतिका लागि देहायको प्रकृया अवलम्बन गरिनुपर्दछः

१. सम्बन्धित मन्त्रालयले तोकेको ढाँचामा आयोजना अवधारणापत्र नीति तथा योजना आयोगमा बुझाउने।
२. नीति तथा योजना आयोगको प्राविधिक समितिद्वारा आयोजना अवधारणापत्रको समीक्षा गरी आयोजना विश्लेषण गर्ने ।
३. नीति तथा योजना आयोगद्वारा आयोजना अवधारणापत्रको मूल्याङ्कन गरी बैठकमा पेश गर्ने ।
४. उपाध्यक्षको अध्यक्षतामा बस्ने दफा ४.१ बमोजिमको बैठकले निर्णय गर्ने ।

### ३.३.२ आयोजना मूल्याङ्कन (पूर्व-सम्भाव्यता अध्ययन/ गुरुयोजना तर्जुमा)

आयोजना बैंक निर्देशक समितिले आयोजनाको अवधारणापत्रको मूल्याङ्कन गरी सिफारिस गरेका आयोजनाहरू दोश्रो चरणका लागि योग्य हुन्छन् । आयोजना छनौटको दोश्रो चरणमा आवश्यकता बमोजिम देहायका विधि/प्रक्रिया अवलम्बन गरिनेछ ।

#### ३.३.२.१ पूर्व-सम्भाव्यता अध्ययन

आयोजनासँग सम्बन्धित प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय पक्ष लगायतका विषयवस्तुहरूको प्रारम्भिक विश्लेषण गरी तयार गरिने अध्ययन प्रतिवेदनलाई पूर्व-सम्भाव्यता अध्ययन भनिन्छ । पूर्व सम्भाव्यता अध्ययन गर्दा सामान्य स्थलगत सर्वेक्षण तथा अन्वेषण र सहजै उपलब्ध हुन सक्ने स्रोत, विधि, प्रविधि र उस्तै प्रकृतिका आयोजनाका विवरण तथा अनुभवको अधिकतम प्रयोग गरिन्छ । पूर्व सम्भाव्यता अध्ययन मूलतः आयोजनामा निर्माण हुन सक्ने संरचनात्मक र गैर संरचनात्मक अवयवहरूको विकल्पहरू विश्लेषण गरी उत्तम विकल्प सुझाउनमा केन्द्रित हुनुपर्दछ । विकल्पहरू विश्लेषण गर्दा आयोजनाले प्रभाव पार्ने भौगोलिक तथा प्रशासनिक सीमा, आयोजनाका बहुआयामिक विषयवस्तुहरू तथा सरोकारवाला, संरचनात्मक र गैर-संरचनात्मक अवयवहरूको पहिचान, नक्शांकन तथा सम्भावित लागत अनुमान, आयोजनाबाट हुने आम्दानी र आयोजना सञ्चालन तथा व्यवस्थापनको लागत र आयोजनाले पार्ने सामाजिक तथा वातावरणीय प्रभावहरूको प्रारम्भिक विश्लेषण गर्नुपर्दछ । त्यस्तै, आयोजनासँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था, आयोजना विकासका जोखिम पक्ष, आयोजना कार्यान्वयन योजना तथा समयरेखा आदिको बारेमा पनि स्पष्टता प्रदान गर्नुपर्दछ । समग्रमा, पूर्व-सम्भाव्यता अध्ययन प्रतिवेदन आयोजनाका विभिन्न परिदृश्यहरू बारे छलफल चलाई उत्तम परिदृश्य छनौट गर्न तथा आयोजना अगाडि बढाउने वा नबढाउने र आयोजना अगाडि बढाउने भएमा अर्को चरणमा सञ्चालन गरिने गतिविधिको लागि आवश्यक जनशक्ति तथा वित्त व्यवस्थापन गर्नमा सहयोगी भएको हुनुपर्दछ । त्यस्तै, कुनै विषयवस्तुमा थप अध्ययन गरी गहन विश्लेषण गर्नुपर्ने भएमा सम्भाव्यता अध्ययन वा विस्तृत अध्ययन, संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन के निर्माण गर्नुपर्ने हो सोको दायरा निर्धारण गर्नमा समेत सहजीकरण गरेको हुनुपर्दछ ।

**पूर्व सम्भाव्यता अध्ययनले समेट्ने क्षेत्रहरू**

१. प्राविधिक सम्भाव्यता,

२. वित्तीय सम्भाव्यता,

३. आर्थिक सम्भाव्यता,

४. कार्यान्वयन/संस्थागत मूल्याङ्कन,

५. पर्यावरण र सामाजिक मूल्याङ्कन,

६. जोखिम मूल्याङ्कन ।

**पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनको सामान्य ढाँचा**

१. आयोजनाको पृष्ठभूमि

२. आधारभूत तथ्याङ्क

३. माग विश्लेषण

४. आयोजना विवरण र यसको प्राविधिक पक्ष

५. वैकल्पिक विश्लेषण र प्राथमिक विकल्पहरूको पहिचान

६. अनुमानित लागत र लाभ

७. प्रारम्भिक लागत-लाभ विश्लेषण

८. आर्थिक लाभ विश्लेषण

९. सरोकारवालाहरूको विश्लेषण र संलग्नता ।

### ३.३.२.२ गुरुयोजना तर्जुमा

कुनै पनि आयोजना तथा कार्यक्रम बहुआयमिक तथा जटिल प्रकृतिको छ, ठूलो भूभागमा फैलिएको छ र ठूलो स्रोत साधन चरणबद्ध रुपमा व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्ने खालको छ भने गुरुयोजना निर्माण गर्नुपर्ने हुन्छ । गुरुयोजनाले संरचनाहरूको प्रारम्भिक डिजाईन, लेआउट र लागत समावेश गरी सामाजिक, आर्थिक र वातावरणीय पक्षको प्रारम्भिक विश्लेषण गरेको हुनुपर्दछ । गुरुयोजनामा राखिएका कार्यक्रमहरू चरणबद्ध रुपमा विस्तृत अध्ययन गरी कार्यान्वयनमा लैजान सकिन्छ । गुरुयोजनामा सम्भाव्यता अध्ययन वा विस्तृत अध्ययन के गर्ने भन्ने आयोजनाको आवश्यकता, आयोजना विकासमा लाग्न सक्ने लागत, आयोजना अध्ययनको लागत, आयोजना विकासमा रहेका बहुआयमिक जोखिम आदि पक्षको विश्लेषण गर्नुपर्दछ । सामान्यतः चरणबद्ध रुपमा स्रोत व्यवस्थापन गर्दै कार्यान्वयनमा लैजानुपर्ने आयोजनाको हकमा स्थलगत अवलोकन, सामान्य सर्वेक्षण र अनुभवको आधारमा आयोजनाका सबै संरचनाहरूको प्रारम्भिक डिजाईन, लेआउट, प्रारम्भिक लागत र स्रोत व्यवस्थापन तथा कार्यान्वयन योजना आदि समावेश गरी गुरुयोजना निर्माण गरिन्छ । गुरुयोजना सबै सरोकारवालाहरूको राय तथा सुझाव समेत समेटी बनाउनुपर्दछ । गुरुयोजना निर्माण आवश्यक पर्ने र नपर्ने निर्णय निर्देशक समितिले विषयगत मन्त्रालय र विज्ञको सुझावमा गर्नेछ ।

### ३.३.३ आयोजना मूल्याङ्कन (सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन)

### ३.३.३.१ सम्भाव्यता अध्ययन

सम्भाव्यता अध्ययनमा आयोजनाको आर्थिक, प्राविधिक लगायत विविध पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरी निराकरण गर्न सकिने सम्भावित जोखिमहरू निर्धारण गरिएको हुन्छ । यसले सर्वोत्तम विकल्पहरूको छनौटलाई सुनिश्चितता प्रदान गर्दछ । विषयगत मन्त्रालयहरूले सार्वजनिक खरिद ऐनको व्यवस्था अनुरुप निर्धारित समयमा सम्भाव्यता अध्ययन सम्पन्न गरी सोको स्वीकृति समेत गर्नुपर्नेछ । आयोजनाको प्रकृति र जटिलता अनुसार विवरणहरू फरक देखिने भए तापनि अन्य सूचना तथा जानकारीका अतिरिक्त सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्राविधिक सम्भाव्यता, वित्तीय सम्भाव्यता, आर्थिक सम्भाव्यता, कार्यान्वयन/संस्थागत मूल्याङ्कन, वातावरणीय र सामाजिक मूल्याङ्कन र जोखिम मूल्याङ्कन जस्ता विषयहरू समाविष्ट हुन्छन् । सम्भाव्यता अध्ययनमा निम्न विषयहरू समावेश गर्नुपर्छ (सम्भाव्यता अध्ययनको ढाँचा अनुसूची ४ बमोजिम हुनेछ) ।

(क)आयोजनाले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पार्न सक्ने क्षेत्र तथा भौगोलिक र प्रशासनिक सीमा पहिचान गरी आयोजनासँग सम्बन्धित सरोकारवाला, सरकार, निजीक्षेत्र, सहकारी, गैर-सरकारी संस्था, विकास साझेदार तथा आयोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष लाभान्वित/प्रभावित हुने जनसंख्या आदि विश्लेषण गर्ने ।

(ख)आयोजनासँग सम्बन्धित वहुआयामिक विषयवस्तु अन्तर्गतका प्रकाशन, सफल अभ्यासहरू, तथ्याङ्क तथा विवरण र सम्बन्धित नीति, ऐन, कार्यविधि र मापदण्डहरूको विस्तृतमा पुनरावलोकन तथा समीक्षा गर्ने । आयोजना स्थलको विभिन्न चरणमा स्थलगत अवलोकन, स्थलगत अन्वेषण, सर्वे र तथ्याङ्क संकलन गरी आवश्यक तथ्याङ्क, विवरण तथा सूचनाहरू संकलन, प्रशोधन र प्रमाणीकरण गरी चार्ट, तालिका र नक्शाहरू तयार गर्ने ।

(ग) संकलन गरिएका सूचना तथा तथ्याङ्कहरूलाई अधिकतम रुपमा प्रयोग गरी सामाजिक, आर्थिक र वातावरणीय हिसाबले अनुकूलित, व्यवहारिक र सम्भाव्य हुने गरी आयोजनाको डिजाईन गर्ने ।

(घ) डिजाईन गर्दा प्रयोग गरिएका डिजाइन प्यारामिटरहरू र डिजाईन आउटपुटहरू लगायतका विवरणहरू प्रयोगकर्ता तथा सरोकारवालाले स्पष्ट बुझ्ने गरी उल्लेख गर्ने ।

(ङ) डिजाईन अनुसार सबै कम्पोनेन्टहरूको सर्वे मार्फत प्राप्त टोपोग्राफी तथा म्यापहरूमा लेआउट गरी तोकिएका मापदण्ड ख्याल गर्दै फिल्डमा कार्यान्वयन योग्य हुने गरी विभिन्न स्केल तथा ढाँचामा नक्शा तयार गर्ने ।

(च) आयोजना निर्माणको लागि आवश्यक पर्ने निर्माण सामग्री, जनशक्ति, उपकरण तथा मेशिन र अन्य विविध वस्तुहरूको सो समयको जिल्ला/बजार दररेटका आधारमा इकाइ दररेट विश्लेषण गर्ने ।

(छ)आयोजनाका सबै कम्पोनेन्टहरूको डिजाईन अनुसारको नक्शा, नक्शा अनुसारको परिमाण र दररेट विश्लेषण अनुसारको लागत अनुमान गर्ने ।

(ज) आयोजनाको विभिन्न विधा जस्तै सिभिल संरचना, मेशिनरी, नकारात्मक वातावरणीय प्रभाव, व्यवस्थापन लागत, थप गर्नुपर्ने अध्ययन, अनुसन्धान तथा अन्वेषण, आकस्मिक रुपमा आउने आईटम र आयोजना व्यवस्थापन लागत आदिको आँकलन गरी आयोजनाको कुल लागत अनुमान गर्ने ।

(झ) आम्दानी लेखाजोखा गर्दा सेवा प्रदान गरे वापत निश्चित व्यक्ति, जनसंख्या र संस्थाबाट आयोजनाले लिने शुल्क, दस्तुर, कर, राजस्व लगायतका आम्दानीको स्रोत पहिचान गरी आयोजनाबाट वार्षिक रुपमा हुने आम्दानी अनुमान गर्ने ।

(ञ) आयोजना मर्मत सम्भार र सञ्चालन गर्दा लाग्ने शुल्क, आयोजनाले सरकारलाई बुझाउनु पर्ने आयकर र मूल्य अभिवृद्धि कर, विभिन्न खालका लगानीकर्ताहरूको शेयर, आयोजनाले तिर्नुपर्ने बैंकको ब्याजदर र वार्षिक तिर्नुपर्ने बैंकको किस्ता, आयोजना स्थलमा पर्ने नकारात्मक वातावरणीय प्रभावहरूको न्यूनीकरणको लागि आयोजनाले गर्नुपर्ने खर्च, शुल्क, आयोजना निर्माण शुरु र अन्त्य हुने समय र सो अवधिमा हुन सक्ने मूल्य वृद्धि आदिको विश्लेषण गरी वार्षिक नगदी प्रवाह विश्लेषण गर्ने ।

(ट) अन्य परिसूचकहरूका अलावा लाभ लागत अनुपात, अन्तरिक प्रतिफल दर, वित्तीय अन्तरिक प्रतिफल दर, आर्थिक अन्तरिक प्रतिफल दर, कुल वर्तमान मूल्य लगायतका परिसूचकहरूका आधारमा विस्तृत आर्थिक विश्लेषण गर्ने ।

(ठ) आयोजना कार्यान्वयन गर्दै जाँदा लागत, आम्दानी, वार्षिक सञ्चालन खर्च, कार्यान्वयन समय, मूल्यवृद्धि आदिमा फेरबदल आउने हुँदा सम्भावित विभिन्न परिदृश्यहरूको आँकलन गरी विश्लेषण गर्ने र आर्थिक हिसाबले सबैभन्दा उत्तम, दोस्रो, तेस्रो र अन्य विकल्पहरू सुझाउने ।

(ड) आयोजनाको प्रकृति र आवश्यकता अनुसार स्थानीय नागरिक, विभिन्न वर्ग तथा समुदाय, अन्य सरोकारवाला र सम्बन्धित विज्ञहरूसँग छलफल तथा बहस गरी आयोजनाले पार्ने वातावरणीय प्रभावहरू जस्तैः संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) वा वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) आदि गर्ने ।

(ढ) आयोजना विकासको लागि आवश्यक पर्ने जग्गा, जग्गा प्राप्तिको लागि लागत, विधि र समयको विश्लेषण गर्ने ।

(ण) आयोजना विकासले स्थानीय नागरिक, समुदाय, वर्ग तथा अन्य स्थानीय सरोकारवालाहरूको आय तथा रोजगार सिर्जना गर्नमा खेल्ने भूमिका आँकलन र विश्लेषण गर्ने ।

(त) आयोजना कार्यान्वयनको लागि उपयुक्त संगठनात्मक स्वरुप, आयोजनाको लागि आवश्यक जनशक्ति, आयोजना कार्यान्वयन संस्थाको क्षमता, स्थानीय नागरिक, विभिन्न वर्ग तथा समुदाय, अन्य

सरोकारवालाहरूले आयोजना विकासमा खेल्न सक्ने भूमिका पहिचान गरी र व्यवस्थापनका उपाय सिफारिस गर्ने ।

(थ) आयोजना कार्यान्वयनको वित्तीय मोडल के हुने पहिचान गर्ने । जस्तै, स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार वा दुई वा दुई भन्दा बढी सरकारले साझेदारीमा वा सार्वजनिक निजी साझेदारीमा आयोजनाको विकास गर्ने हो विश्लेषण गरी उपयुक्त वित्तीय मोडल सिफारिस गर्ने ।

(द) थप अध्ययन लगायतका आयोजना पूर्व तयारी र कार्यान्वयन चरणका विभिन्न गतिविधि समेत समेटी आयोजना कार्यान्वयन योजना निर्माण गर्ने ।

(ध) अध्ययनले समेट्न नसकेका विषयवस्तुहरू उल्लेख गरी विस्तृत अध्ययन गर्दा थप गर्नुपर्ने सर्वे, तथ्याङ्क संकलन, अन्वेषण, आयोजनका विकल्प तथा कम्पोनेन्ट परिवर्तन वा अन्य विषयवस्तु पहिचान गरी सो कार्यको दायरा तथा सोको लागि आवश्यक जनशक्ति, विधि तथा अन्य सान्दर्भिक कुराहरू समावेश गर्ने ।

### ३.३.३.२ विस्तृत आयोजना प्रतिवेदन

विस्तृत आयोजना प्रतिवेदनमा प्रस्तुत प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय पक्ष लगायतका विषयवस्तुहरूको विश्लेषण गर्दाका सीमितताहरूमा थप विस्तृतीकरण गरी कार्यान्वयनमा लैजान योग्य हुने गरी तयार गरिएको प्रतिवेदनलाई विस्तृत अध्ययन भनिन्छ । कुनै आयोजनाको पूर्व-सम्भाव्यता वा सम्भाव्यता अध्ययन नगरी सिधै विस्तृत अध्ययन गर्न खोजिएको हो भने पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन प्रतिवेदनहरू निर्माण गर्दा ख्याल गर्नुपर्ने माथि उल्लेखित विषयवस्तु समेतलाई मध्यनजर गरी विस्तृत अध्ययन प्रतिवेदन निर्माण गर्नुपर्दछ । प्रस्तावित आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको रिर्पोटको अनुमोदन पछि मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गरिन्छ । सम्भाव्यता अध्ययनको आधारमा तयार पारिने हुनाले यो लगानीको लागि निर्णय गर्न एउटा आधारभूत दस्तावेज हो र यसले आयोजना कार्यान्वयनको समस्या र समाधानको बारेमा बताउँछ जुन आयोजनाको प्रकृति र जटिलता अनुसार फरक हुन्छ । यो सबै आयोजनाहरूको लागि महत्वपूर्ण छ । विशेष गरी ठूला पूर्वाधार आयोजनाहरूको लागि यो आवश्यक हुन्छ । विस्तृत आयोजना प्रतिवेदन अनुसूची ३ बमोजिम हुनेछ ।

विस्तृत आयोजना प्रतिवेदनको मापदण्ड र ढाँचा, आयोजनाको किसिम र क्षेत्रको आधारमा निर्धारण हुने भए तापनि यसमा निम्न कुराहरू समेत समावेश हुनुपर्दछ ।

१. क्षेत्र मूल्याङ्कन,

२. आयोजना विवरण,

३. विस्तृत आयोजना अनुसन्धान र सर्वेक्षण,

४. विस्तृत इन्जिनियरिङ्ग डिजाइन,

५. विस्तृत लागत अनुमान,

६. विस्तृत आर्थिक र वित्तीय विश्लेषण,

७. वातावरण र सामाजिक प्रभाव अध्ययन र व्यवस्थापन योजना,

८. विस्तृत वित्तीय योजना,

९. जोखिम आँकलन र जोखिम व्यवस्थापन योजना,

१०.विस्तृत आयोजना अनुसूची,

११.खरिद योजना,

१२.आयोजना सञ्चालन र मर्मतको खाका आदि,

१३.आयोजना प्रस्तावको विकास र अनुमोदन ।

प्रत्येक आयोजनाको आयोजना प्रस्ताव, सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन, प्रदेश नीति तथा योजना आयोगमा पेश गर्नु पर्दछ । जटिल र ठूला आयोजनाहरू, विशेष गरी निर्माण आयोजनाहरूको लागि आयोजना प्रस्ताव अनिवार्य छ भने सामाजिक आयोजनाहरू र अन्य साना आयोजनाहरूको लागि आयोजना कार्यान्वयन र बजेट बाँडफाँटको लागि सम्भाव्यता अध्ययन सहितको आयोजना प्रस्ताव पर्याप्त हुनसक्छ । सम्बन्धित मन्त्रालयले प्रत्येक आयोजनाको आयोजना प्रस्ताव, विस्तृत सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगमा समीक्षा र अनुमोदनको लागि पेश गर्नुपर्नेछ । सामाजिक विकास क्षेत्र तथा विस्तृत आयोजना प्रतिवेदन आवश्यक नहुने, सालवसाली कार्यान्वयन गरिने तथा टुक्रे आयोजनाहरूलाई एकीकृत गरी आयोजनाको रुपमा विकास गर्न सकिने प्रकृतिका आयोजनाको हकमा अनुसूची ३ बमोजिम विस्तृत आयोजना प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

### ३.४ अन्य क्षेत्रका आयोजनाहरू

१. सामाजिक विकास क्षेत्रका साना साना कार्यक्रमहरूलाई एकीकृत गरी ठूलो आयोजनाको रुपमा विकास गर्न सकिनेछ ।

२. सालवसाली रुपमा कार्यान्वयन गरिने एकै प्रकारका कार्यक्रमलाई अवधारणापत्र तयार गरी आयोजनाको रुपमा विकास गर्न सकिनेछ ।

३. यस्ता क्षेत्रका आयोजनाहरूलाई आयोजनाको उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति, लाभान्वित जनसंख्या, लक्षित समूह तथा लागत लाभ (प्रत्यक्ष र अप्रत्यक्ष) अनुमान गरी आयोजनाको रुपमा विकास गर्न सकिनेछ ।

४. यस्ता आयोजनाहरू आयोजना बैंकमा प्रस्तुत गर्दा **अनुसूची ५** बमोजिमको आयोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

५. विपदको अवस्थामा राहत पुनर्स्थापना जस्ता कार्यका लागि बजेट सीमा लागू हुने छैन ।

### ३.५ आयोजना प्राथमिकीकरण

असिमित विकासका मागहरूका बिचमा सम्भावित सबै आयोजनाहरूलाई एकसाथ अगाडि बढाउन असम्भव हुन्छ । यस्तो अवस्थामा प्रस्तावित आयोजनाहरूको कार्यान्वयनको लागि आवश्यक श्रोत संसाधन तथा लाभको तुलना गरी प्राथमिकता सहित क्रमिक रुपमा संचालन गर्ने परिपाटीको विकास गर्नु पर्दछ । तसर्थ प्रदेश आयोजना बैंकमा समावेश आयोजनाहरूलाई आयोजनाको प्राथमिकता र आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने साधन बिचको तुलनाका आधारमा थप छानबिनको आवश्यकता पर्दछ । आयोजना छनौट र प्राथमिकता निर्धारणको व्यवस्थित प्रक्रिया निर्धारण गरिनु पर्दछ । आयोजनाहरूको छनौट र प्राथमिकता निर्धारणले विकास सुनिश्चित गर्नुका साथै विकास रणनीति र प्रदेश विकास योजनाहरूमा बलियो अन्तरसम्बन्ध स्थापित गर्दछ । यस्तो तादात्म्यताले प्रदेश विकासको लक्ष्य हासिल गर्न योगदान गर्दछ । तसर्थ स्रोत साधनको उपलब्धताको आधारमा आयोजनाहरूको प्राथमिकता निर्धारण तथा छनौट हुनुपर्दछ ।

आयोजना प्राथमिकीकरणका लागि सामान्य मापदण्ड र क्षेत्रगत मापदण्ड गरी दुईवटा मापदण्ड प्रयोग गरिनेछ । सामान्य मापदण्डको लागि कुल प्राप्तांकको ६५ प्रतिशत भार र क्षेत्रगत मापदण्डको लागि ३५ प्रतिशत भार तोकिएको छ । सामान्य मापदण्डमा समावेशी आर्थिक विकासमा योगदान, दिगो आर्थिक विकासका लक्ष्य (लक्ष्य १ र ८) हासिल गर्न पुऱ्याउने योगदान, सहभागिताको स्तर, समावेशीकरणमा

योगदान (क्षेत्रीय तथा सामाजिक) तथा आयोजनाको तयारी र कार्यान्वयनको अवस्था हेरिन्छ । चालु आयोजनाको हकमा प्रगति र कार्यान्वयन अवस्थाको जाँच गरिन्छ भने नयाँ आयोजनाको हकमा विभिन्न सूचकको प्रयोग गरी आयोजनाको पूर्व तयारी तथा तत्परता मूल्याङ्कन गरिन्छ । आयोजनाको पूर्व तयारी तथा तत्परता मूल्याङ्कन पश्चात् आयोजना विश्लेषण अनुसूची ७ अनुसार गरिनेछ ।

क्षेत्रगत मापदण्डमा विषय क्षेत्रगत लक्ष्य र उद्देश्य प्राप्तिमा योगदान र दिगो विकास लक्ष्यका विषय क्षेत्रगत लक्ष्य र उद्देश्य प्राप्तिमा पुग्ने योगदानलाई आधार मानिन्छ । समग्रमा, जुन आयोजनाले ७५ प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गर्दछन् तिनीहरूलाई पहिलो प्राथमिकतामा राखिन्छ भने ७५ प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने आयोजनालाई दोस्रो स्थानमा परेको मानिन्छ । तद्अनुसार, प्राथमिकता प्राप्त आयोजनालाई मध्यमकालीन खर्च संरचनामा समावेश गरी बजेट सुनिश्चित गरिनेछ (आयोजना प्राथमिकीकरण अनुसूची ५ अनुसार तथा नयाँ आयोजनाहरूको हकमा अनुसूची ६ अनुसार गरिनेछ)।

**३.६ आयोजना स्वीकृति र मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन**

आवधिक योजना र वार्षिक बजेटबिच तादात्म्यता कायम गर्ने त्रिवर्षीय चक्रीय योजना मध्यमकालीन खर्च संरचना हो । यसमा पहिलो वर्षको यथार्थ विनियोजन तथा दोस्रो र तेस्रो वर्षको प्रक्षेपण र अनुमान गरिन्छ । आयोजनाको वर्गीकरण तथा श्रेणी विभाजन पछि यस चरणमा प्रवेश गरिन्छ । आयोजना छनौट तथा प्राथमिकीकरण प्रक्रियाले मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन दक्षता सिर्जना गर्दछ । मध्यमकालीन खर्च संरचनाले प्रस्तावित आयोजनालाई नेपालको संविधान, वार्षिक नीति तथा कार्यक्रम र चालु योजनाको सीमा जाँच गर्ने भएकोले यी प्रक्रियाहरू तृतीय चरणका उल्लेखित चरणहरूमा विधिवत् रुपमा समावेश भएकोले मध्यमकालीन खर्च संरचना दस्तावेज निर्माणमा सहजीकरण हुनुको साथै प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजनको लागि स्वीकृति प्रदान गर्दै वित्तीय अनुशासन समेत कायम गर्न सहयोगी हुनेछ।

प्रदेश नीति तथा योजना आयोगले अर्थ मन्त्रालयसँग समन्वय गरी प्राथमिकतामा परेका र कार्यान्वयनमा जानको लागि आवश्यक पर्ने सम्पूर्ण मापदण्ड पूरा गरेका आयोजनाहरूलाई बजेट सुनिश्चित गर्ने र आयोजना कार्यान्वयनको लागि मन्त्रालय तथा निकायलाई स्वीकृति प्रदान गर्नेछ ।

**<u>आयोजना प्रस्ताव स्वीकृति प्रक्रिया</u>**

- सम्बन्धित मन्त्रालयले विस्तृत सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन सहित प्रदेश नीति तथा योजना आयोग समक्ष निर्धारित ढाँचामा आयोजना प्रस्ताव पेश गर्ने ।
- आयोगले प्रस्तावको समीक्षा पश्चात् सम्बन्धित मन्त्रालयबाट थप जानकारी आवश्यक भएमा त्यसको समन्वय गर्ने ।
- आवश्यकता अनुसार विशेषज्ञहरूको स्वतन्त्र प्यानलद्वारा आयोजना प्रस्तावको मूल्याङ्कन गर्ने ।
- सम्बन्धित मन्त्रालयहरूसँग परामर्श गरी विशेषज्ञहरूद्वारा पेश गरिएको मूल्याङ्कन रिपोर्टको आधारमा प्रदेश आयोजना बैंक मूल्याङ्कन नोट तयार गर्ने ।
- प्रदेश आयोजना बैंक प्राविधिक समितिले मूल्याङ्कन नोट तयार पारी आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य समक्ष पेश गर्ने ।
- उपाध्यक्षको अध्यक्षतामा हुने निर्देशक समितिको बैठकमा निर्णय गर्ने ।
- पेश भएका आयोजना संशोधन गर्नुपर्ने भएमा आयोजनामा भएको संशोधनका सम्बन्धमा सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदनको लागि सिफारिस गर्ने ।
- आयोजनामा भएको संशोधनका सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई सूचना दिने ।
- प्रदेश नीति तथा योजना आयोगका सुझाव अनुसार सम्बन्धित मन्त्रालयले आवश्यक संशोधन गरी प्रदेश नीति तथा योजना आयोगमा पेश गर्ने ।
- संशोधनको सुझाव बमोजिम सुधार गरी आयोगको उपाध्यक्षको अध्यक्षतामा बस्ने निर्देशक समितिको बैठकमा निर्णयका लागि पेश गर्ने ।
- स्वीकृत आयोजना सूचीमा समावेश गर्न सिफारिस गर्ने ।
- संसाधन बाँडफाँटको लागि प्रस्तावित आयोजना छनौट, चयन र प्राथमिकताको लागि अगाडि बढ्ने ।

## खण्ड चारः संरचनागत व्यवस्था

आयोजना बैंकको व्यवस्थापनको लागि देहाय बमोजिम संरचना रहने छन् ।

### ४.१ आयोजना बैंक निर्देशक समिति

आयोजना बैंकको समग्र व्यवस्थापनमा दिशानिर्देश गर्नका निम्ति देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क. उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | संयोजक |
| ख. सदस्यहरू, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| ग. सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (योजना हेर्ने) | सदस्य |
| घ. सचिव, सबै विषयगत मन्त्रालय | सदस्य |
| ङ. सचिव, नीति तथा योजना आयोग | सदस्य सचिव |

निर्देशक समितिले सम्पादन गर्ने कार्यहरू देहाय बमोजिम रहने छनः

- आयोजना बैंकको व्यवस्थापनको लागि आयोजना पहिचान, मूल्याङ्कन, प्राथमिकीकरण र छनौट कार्यलाई मार्गनिर्देशन गर्ने।
- विषय क्षेत्रगत आयोजनाको पहिचान, मूल्याङ्कन, प्राथमिकीकरण र वर्गीकरण गरी निर्देशक समितिमा छलफल र अनुमोदन गर्ने ।
- आयोजना बैंक प्राविधिक समितिले सिफारिस गरेका आयोजनाहरूलाई छनौट गरी अर्थ मन्त्रालयमा वजेट व्यवस्थाका लागि पठाउने।

## ४.२ आयोजना बैंक प्राविधिक समिति

आयोजना पहिचान, मूल्याङ्कन र प्राथमिकीकरणको लागि देहाय बमोजिम आयोजना बैंक प्राविधिक समिति रहनेछ।

| | |
|---|---|
| क. सदस्य, नीति तथा योजना आयोग (पूर्वाधार क्षेत्र हेर्ने) | संयोजक |
| ख. सचिव, मुख्यमन्त्री तथा म. प. कार्यालय | सदस्य |
| ग. सचिव, अर्थ मन्त्रालय | सदस्य |
| घ. सचिव, सम्बन्धित विषयगत मन्त्रालय | सदस्य |
| ङ. योजना शाखा प्रमुख, नीति तथा योजना आयोग | सदस्य सचिव |

आयोजना बैंक प्राविधिक समितिले आवश्यकता अनुसार विषय विज्ञहरूलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

आयोजना बैंक प्राविधिक समितिले सम्पादन गर्ने कार्यहरू देहाय बमोजिम रहने छन्:

- विषय क्षेत्रगत आयोजनाको पहिचान गर्नमा मन्त्रालयगत समितिलाई सहजीकरण गर्ने ।
- आयोजना पहिचान, मूल्याङ्कन र प्राथमिकीकरणको लागि विषय विज्ञहरूसँग छलफल गर्ने ।
- प्रदेश सरकार आफैंले कार्यान्वयन गर्ने तथा नेपाल सरकार तथा स्थानीय तहसँगको समन्वयमा कार्यान्वयन गर्ने आयोजना पहिचान तथा वर्गीकरण गर्ने ।
- राष्ट्रिय योजना आयोगले वितरण गर्ने समपुरक र विशेष अनुदान तथा संघीय मन्त्रालयहरूले प्रदान गर्ने सशर्त अनुदान र सहलगानीका आयोजनाहरू पहिचान तथा वर्गीकरण गर्ने ।
- प्रदेश तथा राष्ट्रिय गौरवका आयोजनाहरूको पहिचान सिफारिस र वर्गीकरण गर्ने ।
- विकास साझेदार र राष्ट्रिय तथा अन्तरराष्ट्रिय लगानीकर्ताहरू आकर्षित हुन सक्ने आयोजनाहरू पहिचान र वर्गीकरण गर्ने ।
- विषय क्षेत्रगत आयोजनाको पहिचान, मूल्याङ्कन, प्राथमिकीकरण र वर्गीकरण गरी निर्देशक समितिमा छलफल र अनुमोदनको लागि लैजाने ।
- मन्त्रालयगत आयोजना बैंकबाट सिफारिश भै आएका आयोजनाको मूल्याङ्कन गरी निर्देशक समिति समक्ष पेश गर्ने ।

- अन्य आवश्यक देखिएका प्राविधिक विषयमा सिफारिश गर्ने ।

## ४.३ मन्त्रालयगत आयोजना बैंक प्राविधिक समिति

आयोजना पहिचान, मूल्याङ्कन र प्राथमिकीकरणको लागि देहाय बमोजिमको मन्त्रालयगत आयोजना बैंक प्राविधिक समिति रहनेछ।

| | |
|---|---|
| क. सचिव | संयोजक |
| ख. विषयगत निर्देशकहरू | सदस्य |
| ग. विषयगत महाशाखा प्रमुखहरू | सदस्य |
| घ. योजना महाशाखा प्रमुख | सदस्य सचिव |

मन्त्रालयगत समितिले आवश्यकतानुसार विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

मन्त्रालयगत आयोजना बैंक प्राविधिक समितिले सम्पादन गर्ने कार्यहरू देहाय बमोजिम रहने छन् ।

- आयोजनाको अवधारणापत्र तयार गरी आयोजना बैंक प्राविधिक समितिमा पेश गर्ने ।
- आयोजना बैंकमा प्रस्तुत हुने आयोजनाहरूको तयारी चरणका कार्यहरूमा समन्वय गर्ने ।
- आयोजनालाई बैंकमा आयोजना समावेश गर्न प्राविधिक समितिमा पठाउने वा नपठाउनेसम्बन्धी निर्णय गर्ने।
- आयोजना बैंकका लागि आयोजनाहरू तयार गर्ने गराउने ।
- प्रदेश आयोजना बैंक प्राविधिक समिति तथा निर्देशक समितिको निर्देशनानुसार अन्य कार्य गर्ने ।

## ४.४ बजेट सीमा

प्रदेश आयोजना बैंकमा समावेश गरिने आयोजनाहरू वा कार्यक्रमको बजेट सीमा तपसिल बमोजिम हुनेछः

- न्यूनतम लागत अनुमान रु ५ करोड रुपैयाँ भएको ।
- वार्षिक बजेट न्यूनतम रु २ करोड विनियोजनको सुनिश्चितता भएको ।
- सामाजिक विकासका आयोजनाको हकमा भने लागत र लाभान्वित हुनेको संख्या समेतको आधारमा आयोजना छनौट गरिनेछ ।

- सालवसाली तथा क्रमागत रुपमा कार्यान्वयन हुने आयोजनाहरूलाई उद्देश्यका आधारमा छनौट गरी आयोजनाको रुपमा विकास गर्दा बजेट सीमा लागू हुनेछैन ।

### ४.५ समितिको व्यवस्था

आयोजनामा विस्तृत परियोजना प्रतिवेदन आवश्यक पर्ने वा नपर्ने निर्णय गर्न देहाय बमोजिमको समिति रहने छ ।

| | |
|---|---|
| क. नीति तथा योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य | संयोजक |
| ख. सम्बन्धित मन्त्रालयको सचिव | सदस्य |
| ग. अर्थ मन्त्रालयको सचिव | सदस्य |
| घ. सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

# अनुसूचीहरू

## अनुसूची -१ः आयोजना अवधारणापत्रको ढाँचा

(३.३.१ अवधारणा विकाससँग सम्बन्धित)

**क. आयोजनाको सामान्य जानकारीः**

| | |
|---|---|
| आयोजनाको नामः | |
| आयोजना वर्गीकरण | ☑ तत्कालीन अवधि (५ वर्ष वा कम)<br>☑ मध्यमकालीन अवधि (६—१० वर्ष)<br>☑ दीर्घकालीन अवधि (१५ वर्ष भन्दा माथि) |
| आयोजनाको प्रस्तावित समयावधि | शुरु मितिः<br>अन्तिम मितिः |
| विषय क्षेत्रगत रणनीति/आवधिक योजनाको रणनीतिसँग तादात्म्यता | |
| विषय क्षेत्र | |
| विषय उपक्षेत्र | |
| आयोजनाको प्रकार | ☑ सेवामूलक<br>☑ निर्माण<br>☑ उत्पादनमूलक<br>☑ व्यापारमूलक<br>☑ अन्य |
| कार्यान्वयन गर्ने निकाय | |
| सम्पर्क व्यक्ति (नाम, पद, सम्पर्क नम्बर र इमेल) | |
| आयोजनाको स्थान: | जिल्ला:<br>गाउँ/नगरपालिका:<br>वडा नम्बर: |

| | |
|---|---|
| आयोजना कार्यान्वयन विधि: | |

**ख. आयोजना विशेष**

| | |
|---|---|
| १.आयोजनाको प्रमुख विशेषता समेत संक्षिप्त विवरण | अनुसूचीमा आयोजनाको संक्षिप्त विवरण संलग्न गर्ने |
| २. कार्यान्वयनको लागि आयोजना छनौटको औचित्यता | अनुसूचीमा आयोजनाको संक्षिप्त विवरण संलग्न गर्ने |
| ३. अनुमानित लागत | |
| ४. अनुमानित समय | |

**ग. आयोजनाको लगानी व्यवस्था**

<table>
<tr><td rowspan="5">१. लगानी संरचना आन्तरिक स्रोत</td><td>मन्त्रालय.......</td><td>प्रतिशत (%)............</td></tr>
<tr><td>आन्तरिक ऋण</td><td>प्रतिशत (%)............</td></tr>
<tr><td>अनुदान</td><td>प्रतिशत (%)............</td></tr>
<tr><td>निजी साझेदारी</td><td>प्रतिशत (%)............</td></tr>
<tr><td>अन्य</td><td>प्रतिशत (%)............</td></tr>
<tr><td>२.आयोजनामा लगानीको अवस्था<br>आयोजनामा लगानी पहिले नै भएको छ ?</td><td>☑छ ☑छैन<br>यदि छ भने खण्ड ग ३ भर्नुहोला</td><td>यदि छैन भने आयोजनामा लगानीको प्रस्तावित योजना के छ ? (संक्षिप्त विवरण थप गर्ने)</td></tr>
<tr><td colspan="3">३. लगानीको प्रारम्भिक स्रोतहरू</td></tr>
</table>

<table>
<tr><td rowspan="4"></td><td colspan="2">स्थानीय/प्रदेश सरकारको आयोजनाको लागि</td></tr>
<tr><td>क) आन्तरिक श्रोत</td><td></td></tr>
<tr><td>ख) आन्तरिक ऋण</td><td></td></tr>
<tr><td>ग) अनुदान तथा बाह्य श्रोत</td><td></td></tr>
<tr><td rowspan="3"></td><td colspan="2">सार्वजनिक निजी साझेदारी वा निजी आयोजनाकोलागि</td></tr>
<tr><td>क) आन्तरिक ऋण</td><td></td></tr>
<tr><td>ख) निजी साझेदारी</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | ग) अन्य | |

**घ. प्रारम्भिक आर्थिक तथा वित्तीय विश्लेषण**

| | |
|---|---|
| लागत | ने.रु. ............................ |
| लाभ | ने.रु. ............................. |
| लागत प्रभावकारिता | उल्लेख गर्ने ............................. |
| सामाजिक प्रभाव | उल्लेख गर्ने ............................ |

**ङ. जग्गा प्राप्तिको अवस्था तथा पुनर्वास (यदि जग्गा प्राप्त र पुनर्वासको आवश्यकता भएमा मात्र)**

| | | |
|---|---|---|
| १. जग्गा प्राप्ति | आवश्यक अनुमानित जग्गा (हेक्टर) | |
| | सरकारी जमिन ............... | |
| | जङ्गल ............... | |
| | गुठी जग्गा ............... | |
| | निजी जग्गा ............... | |
| | अन्य (उल्लेख गर्ने) ............................ | |
| २. आयोजनाबाट प्रभावित अनुमानित घरपरिवार संख्या | | प्रभावित घरपरिवार संख्या ............... |

**च. लक्षित लाभान्वित घरपरिवार**

| | |
|---|---|
| प्रत्यक्ष लाभान्वित (घरपरिवार संख्या) | |
| प्रत्यक्ष लाभान्वित हुनेको अनुमानित संख्या र प्रकार अन्य (उल्लेख गर्ने) | |
| अप्रत्यक्ष लाभान्वित (घरपरिवार संख्या) | |
| अप्रत्यक्ष लाभान्वित हुनेको अनुमानित संख्या र प्रकार (उल्लेख गर्ने) | |

**छ. आयोजनाको प्रतिफल**

| | |
|---|---|
| मापनयोग्य सूचकहरूको आधारमा | |
| आयोजनाको अन्तिम प्रतिफल उल्लेख गर्ने | |
| मुख्य प्रतिफल पहिचान उल्लेख गर्ने | |

**ज. मुख्य जोखिम तथा सवालहरू**

| | | |
|---|---|---|
| जोखिमहरू/प्रमुख सवालहरू | आयोजनाको कार्यान्वयन र सफलतापूर्वक सम्पन्न गर्नका लागि प्रमुख जोखिम तथा सवालहरू (१—३ जोखिम र सवाल उल्लेख गर्ने) | |

**झ. आयोजना छनौटको आधार**

| | | |
|---|---|---|
| १. प्रस्तावित आयोजना कुनै विषय क्षेत्रको गुरुयोजनाको भाग हो ? | | ☑ हो<br>☑ होइन |
| **यदि हो भने** | | |
| | क) उपलब्ध गुरुयोजनाको दस्तावेज संलग्न गर्ने | |
| | ख) गुरुयोजनाको दस्तावेज स्वीकृत भएको छ ? | ☑ छ<br>☑ छैन |
| | ग) यदि छ भने स्वीकृत गर्ने निकायको नाम र स्वीकृत मिति | स्वीकृत गर्ने निकायको नामः<br>स्वीकृत मितिः |
| **यदि छैन भने** | | |
| | क) कुन आधारमा आयोजना छनौट भएको हो (संक्षिप्त विवरण उल्लेख गर्ने)? | |
| | ख) आयोजना स्थानीय आवधिक योजना वा अन्य कुनै रणनीतिक योजनाबाट ल्याइएको हो जो ....... प्रदेशको विकासको प्राथमिकतामा पर्दछ (संक्षिप्त रूपमा उल्लेख गर्ने)। | |
| | ग) यस विषय क्षेत्रको गुरुयोजना बनाउने कुनै योजना रहेको छ ? | |
| | घ) यदि छ भने कुन मितिमा बनाउने हो ? | |
| | ङ) आयोजनाको पूर्व संभाव्यता अध्ययन गरिएको छ ?<br>☑ छ ☑ छैन | |
| | च) यदि छ भने पूर्व संभाव्यता अध्ययन सम्पन्न गरिएको मिति उल्लेख गर्ने ..................................... , उपलब्ध भएमा आयोजनाको औचित्य पुष्टि गर्ने आयोजनासँग सम्बन्धित सान्दर्भिक अन्य सूचना पेश गर्ने ...................... | |

**ञ. फाराम प्राप्त भएको मिति तथा दस्तावेजको अवस्था**

| | | |
|---|---|---|
| | फाराम प्राप्त भएको मिति- दिन/महिना/साल | |

| | | |
|---|---|---|
| प्रदेश नीति तथा योजना आयोगले भर्ने | दस्तावेजको अवस्था अवधारणा पत्रका अन्य दस्तावेज (उल्लेख गर्ने) | |
| | कैफियत | |

## अनुसूची -२ः उत्तम विकल्प मूल्याङ्कन तथा पहिचान विधि श्रेणीमापनका आधार र मापदण्डहरू

(३.३.१.२ विकल्प खोजसँग सम्बन्धित)

| क्र सं | मापदण्ड | अंकभार प्रतिशत | स्तरीकरण | | | | | प्रासाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| | | | नराम्रो (१) | सन्तोषजनक | राम्रो (३) | धेरै राम्रो (४) | उत्कृष्ट (५) | |
| १ | **लागत तथा लाभ विश्लेषण** | **२०** | | | | | | |
| | लागत मूल्याङ्कन | १० | | | | | | |
| | लाभ मूल्याङ्कन | १० | | | | | | |
| २ | **सामर्थ्य** (लागत तथा प्राविधिक क्षमता) | **२०** | | | | | | |
| ३ | **प्रतिफल** (लाभान्वित हुने जनसंख्या) | **२०** | | | | | | |
| ४ | **सन्तुलित विकासको लागि प्राथमिकता** | **२५** | | | | | | |
| ५ | **अन्य विषय क्षेत्रगत मापदण्ड** (मन्त्रालय तथा निकायले तोकेको) | **१५** | | | | | | |
| | **कुल अंक** | **१००** | | | | | | |
| | *शिर्षकगत प्रासांक निकाल्ने शुत्र (अङ्कभार/५ * स्तरीकरण भार = प्रासांक)* | | | | | | | |

| श्रेणीकरण गर्ने विधि | |
|---|---|
| **लागतको हिसाबले श्रेणी निर्धारण गर्ने विधि** | **लाभको हिसाबले श्रेणी निर्धारण गर्ने विधि** |
| $$\text{लागत}_{\text{अङ्कभार}} = \frac{\text{लागत}_{\text{न्युनतम}}}{\text{लागत}_{\text{विकल्प १,२,३..}}} *१००$$ | $$\text{लाभ}_{\text{अङ्कभार}} = \frac{\text{लाभ}_{\text{विकल्प १,२,३..}}}{\text{लागत}_{\text{अधिकतम}}} *१००$$ |
| लागतन्युनतम = सबै विकल्प मध्येको न्यूनतम लागत | लाभ अधिकतम = सबै विकल्प मध्येको अधिकतम लाभ |
| **लागतको हिसाबले श्रेणी निर्धारण गर्ने विधि** | **लाभको हिसाबले श्रेणी निर्धारण गर्दा** |
| ६० भन्दा कम अंक प्राप्त गरेकोलाई श्रेणी १; | ९० भन्दा बढी अंक प्राप्त गरेकोलाई श्रेणी ५; |
| ६०-७० अंक प्राप्त गरेकोलाई श्रेणी २; | ८०-९० अंक प्राप्त गरेकोलाई श्रेणी ४; |

| | |
|---|---|
| ७०-८० अंक प्राप्त गरेकोलाई श्रेणी ३;<br>८०-९० अंक प्राप्त गरेकोलाई श्रेणी ४;<br>९० भन्दा बढी अंक प्राप्त गरेकोलाई श्रेणी ५; | ७०-८० अंक प्राप्त गरेकोलाई श्रेणी ३;<br>६०-७० अंक प्राप्त गरेकोलाई श्रेणी २;<br>६० भन्दा कम अंक प्राप्त गरेकोलाई श्रेणी १; |
| कार्यान्वयन योग्य, प्रतिफल र सन्तुलित विकासको प्राथमिकताको श्रेणी निर्धारण मूल्याङ्कनकर्ताले गरेको स्वमूल्याङ्कनमा आधारित हुने,<br>अन्य मन्त्रालयले तोकेको मापदण्डको श्रेणी निर्धारण सम्बन्धित मन्त्रालयको प्राथमिकता अनुसार प्राप्त अंकको आधारमा श्रेणी निर्धारण गर्न सकिने,<br>सबै विकल्पले प्राप्त गर्ने कुल अंक निकालेपछि सोहि अनुसार विकल्पहरूको श्रेणी निर्धारण गर्ने र सबै भन्दा बढी अंक प्राप्त गर्ने विकल्प छनौट गर्ने;<br>मापदण्डका आधारहरू विस्तृत बनाएर मूल्याङ्कन गर्ने । | |

## अनुसूची — ३: विस्तृत अध्ययन प्रतिवेदनको आधारभूत रुपरेखा

(३.३.३.२ सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदनसँग सम्बन्धित)

| प्रतिवेदनको ढाँचा | समेट्नुपर्ने विषयवस्तु |
|---|---|
| **आवरण पृष्ठ** | • आयोजना विकास गर्ने मन्त्रालय तथा निकायको नाम, ठेगाना र सम्पर्क ठेगाना सहितको विवरण |
| **हस्ताक्षर र स्वीकृत पृष्ठ** | • प्रतिवेदन निर्माणमा परिचालन गरिएका विज्ञको नाम, प्रतिवेदन निर्माणमा रहेको मुख्य योगदान, हस्ताक्षर आदि तथा स्वीकृत गर्ने अधिकारीको नाम र हस्ताक्षर |
| **विषय- सूची** | • प्रतिवेदनमा समावेश गरिएका विषयवस्तुहरूको सूची |
| **तालिका-सूची** | • प्रतिवेदनमा समावेश गरिएका तालिकाहरूको सूची |
| **चित्र-सूची** | • प्रतिवेदनमा समावेश गरिएका चित्रहरूको सूची |
| **संक्षेप शब्द-सूची** | • संक्षेपमा प्रयोग गरिएका शब्दहरूको विस्तारित रुप |
| **कार्यकारी सारांश** | • आयोजना र अध्ययनको आवश्यकता पुष्टि, अध्ययनको उद्देश्य, अध्ययनमा प्रयोग गरिएको विधि, अध्ययनको, परिणाम, छलफल र सिफारिस आदिलाई संक्षेपमा प्रस्तुत गर्ने। |
| **आयोजनाका मुख्य विशेषता** | • आयोजनाको मुख्य विशेषताहरू समावेश गर्ने। |
| **अध्याय १: परिचय** | • आयोजनाको बारेमा संक्षिप्त जानकारी सहित आयोजनाको औचित्य पुष्टि गर्ने।<br>• आयोजना र अध्ययनको उद्देश्य राख्ने।<br>• अध्यायहरूले समेटेको विषयमा संक्षिप्त जानकारी सहितको प्रतिवेदनको रुपरेखा पेश गर्ने। |
| **अध्याय २: आयोजना स्थल** | • भौगोलिक तथा प्रशासनिक सीमा पहिचान गर्ने।<br>• सम्बन्धित सरोकारवाला जस्तै सरकार, निजी क्षेत्र, सहकारी, गैर-सरकारी संस्था, विकास साझेदार तथा आयोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष लाभान्वित/प्रभावित हुने जनसंख्या आदि विश्लेषण गर्ने।<br>• आयोजना स्थल पुग्नको लागि पहुच मार्ग, यातायात सुविधा, नजिकको वजार तथा नाका आदि विश्लेषण गर्ने। |

| प्रतिवेदनको ढाँचा | समेट्नुपर्ने विषयवस्तु |
|---|---|
| | • आयोजनाको प्रकृति अनुसार जलविज्ञान, सेडीमेन्ट, जलबायु, नदी प्रवाह, आदिको विवरण प्रस्तुत गरी विश्लेषण गर्ने ।<br>• अन्य आवश्यक विवरण ।<br>• सामाजिक आर्थिक जैविक जलवायु नदी आदिका अवस्थाहरू उल्लेख गर्ने । |
| **अध्याय ३: सन्दर्भ सामाग्रीहरु तथा मौजुदा ऐन कानुन र नीतिगत पक्षको पुनरावलोकन** | • आयोजनासँग सम्वन्धित प्रकाशन, हालसम्म भएका अभ्यासहरू, तथ्याङ्क तथा विवरण र सम्बन्धित नीति, ऐन, कार्यविधि र मापदण्डहरूको विस्तृतमा पुनरावलोकन तथा समीक्षा गर्ने । |
| **अध्याय ४: सर्वेक्षण तथा नक्शांकन** | • स्थलगत अवलोकन, अन्वेषण, सर्वेक्षण गरी विवरण तथा सूचनाहरू संकलन गर्ने ।<br>• सङ्कलित तथ्याङ्क प्रशोधन तथा प्रमाणीकरण र विश्लेषण गर्ने । |
| **अध्याय ५: भौगर्भिक अध्ययन** | • प्रस्तावित आयोजना स्थलको भौगोलिक अवस्थिति विश्लेषण गर्ने ।<br>• प्रस्तावित आयोजना स्थलको भौगर्भिक अवस्थिति विश्लेषण गर्ने ।<br>• माटो चट्टान/अन्वेषण तथा परीक्षण गर्ने । |
| **अध्याय ६: विकल्प अध्ययन** | • आयोजना विकासका विभिन्न परिदृश्यहरू विश्लेषण र डिजाइन गर्ने ।<br>• विकल्पहरूको नमुना डिजाइन, नक्शा र लागत अनुमान गर्ने ।<br>• परिदृश्यहरूको लाभ र लागत विश्लेषण गरी मूल्याङ्कन गर्ने र उत्तम विकल्प सुझाउने।<br>• सान्दर्भिक हुने ठाउँमा SWOT विश्लेषण गर्ने । |

| प्रतिवेदनको ढाँचा | समेट्नुपर्ने विषयवस्तु |
|---|---|
| **अध्याय ७: आयोजना विस्तृत ईन्जिनियरिङ्ग अध्ययन** | • डिजाइन प्यारामिटरहरू (Design Parameters), धारणाहरू (Assumptions) र डिजाईन आउटपुटहरू (Designed Outputs) लगायतका विवरणहरू उल्लेख गर्ने।<br>• डिजाईन अनुसार सबै संरचनाहरूको नक्शा तयार गरी सर्वे मार्फत प्राप्त टोपोग्राफी नक्सामा लेआउट गरी Longitudinal and Cross-sectional Profile तयार गर्ने ।<br>• फिल्डमा कार्यान्वयन गर्न व्यवहारिक हुने गरी मापदण्ड अनुसार विभिन्न स्केल तथा ढाँचामा कार्यान्वयन योग्य नक्शा तयार गर्ने ।<br>• सम्बन्धित कार्यको लागि स्वीकृत मापदण्डको आधारमा निर्माण सामग्री, जनशक्ति, उपकरण तथा मेशिन र अन्य विविध वस्तुहरूको सो समयको जिल्ला/वजार दररेट अनुसार आइटम दररेट विश्लेषण गर्ने; नक्शा अनुसारको परिमाण र दररेट विश्लेषण अनुसार लागत अनुमान गर्ने ।<br>नोटः आवश्यकता हेरी दररेट, परिमाण बिल तथा लागत अनुमानको छुट्टाछुट्टै प्रतिवेदन गर्नुपर्ने ।<br>धैरै नक्शाहरू बनाउन पर्ने आयोजनामा छुट्टै प्रतिवेदन तयार गर्ने । |
| **अध्याय ८: वातावरणीय एवं सामाजिक अध्ययन तथा विश्लेषण** | • आयोजनाको प्रकृति हेरी प्रचलित वातावरण संरक्षण ऐन नियमावलीले तोकेको ढाँचामा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (Summary Environmental Report) वा प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) वा वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) का मुख्य मुख्य विवरणहरू संक्षिप्तमा प्रस्तुत गर्ने ।<br>*नोट : (Summary Environmental Report) वा प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) वा वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) गरिएको खण्डमा वातावरण संरक्षण ऐन तथा नियमावलीले निर्देशित गरे अनुसारको विस्तृत विवरण समेटेर छुट्टै प्रतिवेदन निर्माण गर्ने।* |

| प्रतिवेदनको ढाँचा | समेट्नुपर्ने विषयवस्तु |
|---|---|
| | • आयोजना कार्यान्वयन वाट सामाजिक क्षेत्रमा पर्ने प्रभावहरूको उल्लेख गर्ने ।<br>• आयोजना कार्यान्वयनका लागि आवश्यक पूर्वस्वीकृति, जग्गा व्यवस्थापन ।<br>• सामाजिक लाभ विश्लेषण ।<br>• सामाजिक न्यायका (लैङ्गिक समानता/समावेशिकरण) पक्षहरू विश्लेष । |
| **अध्याय ९: वित्तीय तथा आर्थिक विश्लेषण ।** | • आम्दानी लेखाजोखा गर्दा सेवा प्रदान गरे वापत निश्चित व्यक्ति, जनसंख्या र संस्थाबाट आयोजनाले लिने शुल्क लगायतका आम्दानीको स्रोत पहिचान गरी आयोजनाबाट वार्षिक रुपमा हुने आम्दानी/लाभ अनुमान गर्ने ।<br>• आयोजना मर्मत सम्भार र सञ्चालन गर्दा लाग्ने शुल्क, आयोजनाले सरकारलाई बुझाउनु पर्ने आय कर र मूल्य अभिवृद्धि कर, विभिन्न खालका लगानीकर्ताहरूको शेयर, आयोजनाले तिर्नुपर्ने बैंकको ब्याजदर र वार्षिक तिर्नुपर्ने बैंकको किस्ता, आयोजना स्थलमा पर्ने नकारात्मक वातावरणीय प्रभावहरूको न्यूनीकरणको लागि आयोजनाले गर्नुपर्ने खर्च, रोयल्टी शुल्क, आयोजना निर्माण शुरु र अन्त्य हुने समय र सो अवधिमा हुन सक्ने मूल्य वृद्धि आदिको विश्लेषण गरी वार्षिक नगदी प्रवाह विश्लेषण गर्ने ।<br>• आयोजनाको लाभ लागत अनुपात (Benefit/Cost Ratio), आयोजनाको आन्तरिक प्रतिफल दर (Project Internal Rate of Return) ,वित्तीय आन्तरिक प्रतिफल दर (Financial Internal Rate of Return), आर्थिक आन्तरिक प्रतिफल दर (Economic Internal Rate of Return), कुल वर्तमान मूल्य (Net Present Value) आदि सुचकहरूको आधारमा आयोजनाको मूल्याङ्कन गर्ने । |
| **अध्याय १०: स्रोत व्यवस्थापन योजना** | • आयोजनाको लागि आवश्यक पर्ने लगानीको स्रोत (नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नीजि क्षेत्र, सहकारी, समुदाय, विकास साझेदार, अन्तर्राष्ट्रिय लगानी कर्ता आदि) अनुमान तथा प्रक्षेपण गर्ने ।<br>• विस्तृत खरिद योजना । |

| प्रतिवेदनको ढाँचा | समेट्नुपर्ने विषयवस्तु |
| --- | --- |
| **अध्याय ११: आयोजना कार्यान्वयन योजना** | • आयोजना कार्यान्वयन व्यवस्थापनका विभिन्न आयाम जस्तै, जनशक्ति, समय, निर्माण सामग्री, कार्यान्वयनमा आउन सक्ने वहुआयामिक जोखिमहरू विश्लेषण गर्ने ।<br>• आयोजनाका मुख्य अपेक्षित उपलब्धिलाई पहिचान गरी कार्यान्वयन योजना प्रस्ताव गर्ने । |
| **अध्याय १२: सञ्चालन तथा मर्मत ढाँचा** | • आयोजना सञ्चालनको विस्तृत कार्यढाँचा समावेश गर्ने ।<br>• आयोजना सम्पन्न भएपछिको नियमित मर्मत सम्हार तथा उपभोगको तरिका उल्लेख गर्ने । |
| **अध्याय १३: जोखिम व्यवस्थापन योजना** | • आयोजना संचालनमा आईपर्ने सम्भावित जोखिमहरू पहिचान गर्ने ।<br>• जोखिम व्यवस्थापनका उपायहरू प्रस्ताव गर्ने ।<br>• जलवायु परिवर्तनका प्रभाव/जोखिम अनुमान र व्यवस्थापन योजना ।<br>• विपद जोखिम अनुमान र न्यूनीकरण योजना । |
| **अध्याय १४: निष्कर्ष** | • माथिका विभिन्न अध्यायसँग सम्बन्धित मुख्य विवरणहरू प्रस्तुत गर्ने । |
| **अध्याय १५: सुझाव** | • माथिका विभिन्न अध्यायसँग सम्बन्धित विषयवस्तु मध्यनजर गर्दै अर्को चरणमा सञ्चालन गर्ने सकिने गतिविधिहरू मार्गनिर्देश गर्ने । |
| *नोट : प्रस्तुत रुपरेखा पूर्वाधारसम्बन्धी आयोजनाको हकमा बढी सान्दर्भिक हुने । अन्य विषय क्षेत्रगत आयोजनाको प्रकृति र आवश्यकता अनुसार उल्लेखित नमुना प्रतिवेदनको रुपरेखा परिवर्तन गर्न वा पुन: संरचना गर्न सकिने ।* | |

## अनुसूची — ४ः सामाजिक क्षेत्र/सालवसालीका आयोजना तयार गर्ने ढाँचा

(३.३.३.१ सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदनसँग सम्बन्धित)

आयोजनाको नामः.....................................................

१.परिचय

- पृष्ठभूमि
- औचित्य
- आयोजनाका उद्देश्य
- आयोजनाका मुख्य अपेक्षित उपलब्धिहरू
- परिमाणात्मक लक्ष्य

२.आयोजनाको सन्दर्भ/सान्दर्भिकता *(आयोजना कुन परिप्रेक्ष (सन्दर्भ) मा संचालन गर्न खोजिएको हो तथा कुन नीति, कानुन तथा दस्तावेज (सान्दर्भिकता) मा आधारित छ, उल्लेख गर्ने )*

- आर्थिक सामाजिक सन्दर्भ/सान्दर्भिकता
- मौलिक हक कार्यान्वयनको सन्दर्भ/सान्दर्भिकता
- क्षेत्रगत अवस्था

३.समस्या तथा चुनौतीहरू

४.विद्यमान नीतिगत तथा कानुनी अवस्था विश्लेषण

५.आयोजनाका मुख्य अवयवहरू (Components) तथा क्रियाकलापहरू (Activities)

६.आयोजना कार्यान्वयनका लागि सिद्धान्त र रणनीतिहरू

७.आयोजना व्यवस्थापन संयन्त्र तथा सांगठनिक व्यवस्था

८.आयोजनाका सूचकहरू

९. अनुगमन तथा मूल्याङ्कन

१०.आयोजनाको लागत र आर्थिक व्यवस्थापन

- स्रोत प्रक्षेपण
- खर्च संयन्त्र
- बजेट प्रवाह प्रणाली

११.दिगोपना तथा जोखिम व्यवस्थापन

अनुसूची

आयोजनाको ढाँचा (Log Frame)

| क्रसं | उद्देश्य | अवयवहरू | परिमाणात्मक लक्ष्य | परीक्षण गर्ने माध्यम/साधन | जोखिम र अनुमान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची

विस्तृत क्रियाकलाप र लक्ष्य

| अवयव | क्रियाकलाप | उद्देश्य | कुल परिमाणात्मक लक्ष्य | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९ | २०८० | २०८१ | २०८२ |
| | | | | | | | |

## अनुसूची

आयोजना कार्यान्वयन ढाँचा

| उद्‌देश्य नं | मुल र सहायक अवयवहरू (क्रियाकलापहरू) | कार्यान्वयन तालिका | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व | | | | आ.व................ | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| | | | | | | | | | |

## अनुसूची

विस्तृत लागत र स्रोत योजना

| अवयव/क्रियाकलापहरू | कुल लागत अनुमान | लगानीका स्रोतहरू र अंश | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघीय | प्रदेश | स्थानीय | नीजि | ..... | ........ |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची -५: आयोजना प्राथमिकीकरणका आधारहरू

(३.५ आयोजना प्राथमिकीकरणसँग सम्बन्धित)

१. विकास आयोजना/कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि समग्र विषयगत क्षेत्रलाई ५ क्षेत्रमा वर्गीकरण गरिएको छः

(१) आर्थिक विकास (२) सामाजिक विकास (३) पूर्वाधार विकास (४) वातावरण तथा विपद व्यवस्थापन, र (५) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

२. विकास आयोजना/कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि ६ वटा सामान्य आधार र २ वटा क्षेत्रगत आधारहरू तय गरी सामान्य आधारलाई कुल ७० अङ्क र क्षेत्रगत आधारलाई कुल ३० अङ्क राखिएको छ ।

३. कार्यक्रमलाई $P_1$ र $P_2$ गरी २ वटा प्राथमिकताक्रममा वर्गीकरण गरिएको छः

४. साधारण बजेटलाई ५ आधारमा $P_1$ र $P_2$ गरी २ वटा प्राथमिकीकरणमा वर्गीकरण गरिएको छ ।

५. साधारण बजेटलाई ५ आधारमा वर्गीकरण गरिएको छ ।

**विकास कार्यक्रमको अङ्क प्रदान**

| क्र.स. | योगदान | स्तर |
|---|---|---|
| १ | प्रत्यक्ष र उल्लेखनीय योगदान गर्ने भएमा | अति उत्तम |
| २ | अप्रत्यक्ष र उल्लेखनीय योगदान गर्ने भएमा | उत्तम |
| ३ | कम वा सामान्य योगदान गर्ने भएमा) | सामान्य |
| ४ | योगदान नपुऱ्याउने भएमा | न्यून |

प्रत्येक स्तरको देहाय बमोजिम अंक प्रदान गरिनेछ ।

अति उत्तमः श्रेणीमा पर्नेलाई ....... अङ्क

उत्तमः श्रेणीमा पर्नेलाई .......... अङ्क

ग श्रेणीमा पर्नेलाई ........ अङ्ग

घ श्रेणीमा पर्नेलाई शुन्य अंक प्रदान गरिनेछ ।

## १. विकास कार्यक्रमको प्राथमिकीकरण (सामान्य आधार - ७० अङ्क)

| क्र.स. | कूल प्राप्ताङ्क | प्राथमिकता क्रम |
|---|---|---|
| १ | ७५ वा सो भन्दा बढी अङ्क भएमा | पहिलो (P1) |

| | | |
|---|---|---|
| २ | ७५ भन्दा कम अङ्क भएमा | दोस्रो (P2) |

## २. तीव्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धिमा योगदान पुऱ्याउनेः १५ अङ्क

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- स्थानीय उत्पादन<br>- स्थानीय आय वृद्धि | १५ |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष वा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | १० |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | ५ |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | ० |

## ३. स्थानीय तहको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउनेः १० अङ्क

| | | |
|---|---|---|
| क | स्थानीय तहको प्राथमिकता वा तुलनात्मक लाभ भएका प्रमुख दुई क्षेत्रको उत्पादन वा आय वृद्धिमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने | १० |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | ८ |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | ५ |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | ० |

## ४. दिगो विकासका लक्ष्यहरू प्राप्तिमा योगदान पुऱ्याउने :१० अङ्क

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य १ (SDG 1) (सबै प्रकारका गरीबीको अन्त्य)<br>- दिगो विकास लक्ष्य ८ (SDG 8) (पूर्ण र उत्पादनमूलक रोजगारी प्राप्ति वा वृद्धि) | १० |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | ८ |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | ५ |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | ० |

## ५. सहभागिताको अवस्थाः १० अङ्क

| | | |
|---|---|---|
| क | निम्न क्षेत्र वा संस्थाहरू मध्ये कुनै एकको सहभागिता रहने<br>- लाभग्राही समुदाय,उपभोक्ता समूह, नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था वा सेवाग्राही वा<br>- स्थानीय सरकार वा<br>- निजी क्षेत्र | १० |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | ८ |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | ५ |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | ० |

**६. समावेशीकरणमा योगदान -१० अङ्क**

**क. क्षेत्रीय समावेशीकरणमा योगदानः ५ अङ्क**

| | | |
|---|---|---|
| क | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा सबै भन्दा पछाडी परेका वडा/बस्ती वा टोलमा सञ्चालित हुने आयोजना/कार्यक्रम | ५ |
| ख | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा केही पछाडी परेका वडा/बस्ती वा टोलमा सञ्चालित हुने आयोजना/कार्यक्रम | ४ |
| ग | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा मध्यम रहेका वडा/बस्ती वा टोलमा सञ्चालित हुने आयोजना/कार्यक्रम | ३ |
| घ | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा सबै भन्दा अगाडी रहेका वडा/बस्ती वा टोलमा सञ्चालित हुने आयोजना/कार्यक्रम | २ |

**ख. सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणमा योगदानः ५ अङ्क**

| | | |
|---|---|---|
| क | दिगो विकास लक्ष्य ५ (SDG 5) सामाजिक र लैङ्गिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरणलाई प्रत्यक्ष तथा उल्लेख्य रुपमा बढावा दिने | ५ |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | ३ |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | २ |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | ० |

**७. आयोजनाको पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्यः १५ अङ्क**

| | | |
|---|---|---|
| क | **चालु आयोजनाको लागि**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औसत भौतिक तथा वित्तीय प्रगति ८० प्रतिशत वा सो भन्दा माथि रहेको, वा<br>- आगामी आ.व.मा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य पूरा भएको। | १५ |
| ख | **चालु आयोजनाको लागि**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औसत भौतिक तथा वित्तीय प्रगति ६५ प्रतिशत देखि ८० प्रतिशतसम्म रहेको, वा<br>- आगामी दुई वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य अन्तिम चरणमा रहेको। | १० |
| ग | **चालु आयोजनाको लागि**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औसत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत देखि ६५ प्रतिशतसम्म रहेको, वा<br>- आगामी तीन वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि** | ८ |

| | | |
|---|---|---|
| | - आयोजना कार्यान्वयन तयारी कार्य भैरहेको। | |
| घ | **<u>चालु आयोजनाको लागि</u>**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औसत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत भन्दा कम रहेको, वा<br>- आगामी चार वर्षसम्ममा पनि आयोजना सम्पन्न हुने सुनिश्चितता नरहेको, वा<br>**<u>नयाँ आयोजनाको लागि</u>**<br>- आयोजना कार्यान्वयन तयारी कार्य नभएको। | ५ |

## आयोजना मूल्याङ्कनका क्षेत्रगत आधार (क्षेत्रगत आधार अङ्क-३०)

**प्रमुख क्षेत्र तथा उपक्षेत्रहरू**

| प्रमुख विषय क्षेत्र | उपक्षेत्रहरू |
|---|---|
| **आर्थिक विकास** | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| **सामाजिक विकास** | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| **पूर्वाधार विकास** | सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा र सञ्चार |
| **वातावरण तथा विपद व्यवस्थापन** | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन |
| **संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन** | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखा व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फर्छ्यौट |

**(अ) आर्थिक विकास क्षेत्र (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, र वित्तीय क्षेत्र)**

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम - ३ |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम - २ |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य - १ |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून - ० |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य २ (SDG 2) को भोकमरी अन्त्य, खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ति र दिगो कृषि प्राप्ति र दिगो कृषि प्रवर्द्धन गर्न, वा<br>- दिगो वकास लक्ष्य ९ (SDG 9) को दिगो समावेशी औधोगिकीकरण प्रवर्द्धन गर्न, वा<br>- वाणिज्य, पर्यटन, सहकारी, प्रवर्द्धन गर्न, वा<br>- वित्तीय क्षेत्र प्रवर्द्धन गर्न | अति उत्तम -३ |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम - २ |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य - १ |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून - ० |

**आ) सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण)**

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम -३ |

| | | |
|---|---|---|
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम - २ |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य - १ |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून - ० |

२. **दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य ३ (SDG 3) को स्वस्थ जीवन प्राप्तिका लागि बाल मृत्युदर न्यूनीकरण गर्न, वा<br>- मातृ मृत्युदर न्यूनीकरण वा मलेरिया, क्षयरोग, HIV/AIDS नियन्त्रण गर्न, वा<br>- दिगो विकास लक्ष्य ४ (SDG 4) को सबैको लागि समावेशी र गुणस्तरीय शिक्षा प्राप्ति गर्न, वा<br>- प्राथमिक एवम् माध्यमिक तहमा छात्राः छात्रको अनुपात वृद्धि गर्न, वा<br>- दिगो विकास लक्ष्य ६ (SDG 6) को खानेपानी र सरसफाइ सेवाको उपलब्धताको दिगो सुनिश्चितता गर्न, वा<br>- लैङ्गिक समानता वा सशक्तीकरण गर्न, वा<br>- संस्कृति प्रवर्द्धन गर्न, | अति उत्तम -३ |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम - २ |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य - १ |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून - ० |

**(ङ) पूर्वाधार विकास (सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्‌युत्, वैकल्पिक ऊर्जा र सञ्चार)**

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्‌देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम -३ |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम - २ |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य - १ |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून - ० |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य ७ (SDG 7) को दिगो र आधुनिक ऊर्जा सुनिश्चित गर्न, वा<br>- दिगो विकास लक्ष्य ९ (SDG 9) को दिगो सडक र अन्य यातायात र सिँचाई सुविधा बढाउन, वा<br>- दिगो विकास लक्ष्य ११ (SDG 11) को सुरक्षित, सवल, समावेशी र दिगो सहर विकास गर्न, | अति उत्तम -३ |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम - २ |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य - १ |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून - ० |

**(ई) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र (वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला/ढल व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन)**

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| (क) | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम -३ |
| (ख) | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम - २ |

| | | |
|---|---|---|
| (ग) | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य - १ |
| (घ) | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून - ० |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य १३ (SDG 13) को जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण गर्न, वा<br>- दिगो विकासको लक्ष्य १५ (SDG 15) को वनको दिगो व्यवस्थापन, भूक्षयीकरणको रोकथाम, जैविक विविधताको क्षति रोक्न, वा<br>- विपद व्यवस्थापन गर्न | अति उत्तम -३ |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम - २ |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य - १ |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून - ० |

**(उ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन (मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखा व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फर्छ्यौट)**

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| (क) | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम -३ |
| (ख) | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम - २ |
| (ग) | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य - १ |

| | | |
|---|---|---|
| (घ) | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून - ० |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्रासिमा योगदानः ३ अङ्क**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य १६ (SDG 16) को शान्ति सुरक्षा अभिवृद्धि गर्न, वा<br>- सुशासन अभिवृद्धि गर्न, वा<br>- न्यायमा सबैलाई पहुँच बढाउन, वा<br>- मानव संसाधन विकास, संस्थागत क्षमता विकास गर्न, वा<br>- वित्तीय अनुशासन अभिवृद्धि गर्न, वा<br>- जनसंख्या व्यवस्थापन गर्न, वा<br>- आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट गर्न वा<br>- राजस्व वृद्धि र खर्च व्यवस्थापन गर्न वा<br>- सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गर्न, वा<br>- योजना तथा तथ्याङ्क प्रणालीमा सुधार र सुदृढीकरण गर्न | अति उत्तम -३ |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | उत्तम - २ |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य - १ |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून - ० |

**साधारण बजेटको प्राथमिकीकरण**

| क्र.सं. | आधार | अङ्क |
|---|---|---|
| १ | जनतालाई प्रत्यक्ष सेवा गर्न सहयोग गर्ने | ५ |
| २ | सुशासन कायम गर्न योगदान पुऱ्याउने | ५ |
| ३ | राजश्व वृद्धि गर्न सहयोगी कार्यहरू | ५ |
| ४ | विकास कार्यमा योगदान पुऱ्याउने | ५ |
| ५ | मानव संसाधन विकास, वातावरण संरक्षण र क्षेत्रीय सन्तुलनमा योगदान पुऱ्याउने | ५ |
| | जम्मा | २५ |

| साधारण बजेटको भार प्रदान गर्ने तरिका | | |
|---|---|---|
| क्र.सं. | योगदान | अङ्क |
| १ | अति उच्च सहयोग पुग्ने | ५ |
| २ | उच्च सहयोग पुग्ने | ३ |
| ३ | सामान्य सहयोग पुग्ने | २ |
| ४ | सहयोग नपुग्ने | ० |

| **सि.नं.** | **कुल प्राप्ताङ्क** | **प्राथमिकता** |
|---|---|---|
| १ | १७ वा सो भन्दा बढी अङ्क प्राप्त भएमा | पहिलो (P1) |
| २ | १७ अङ्क भन्दा कम अङ्क प्राप्त भएमा | दोस्रो (P2) |

## अनुसूची — ६: नयाँ आयोजनाको प्राथमिकीकरण विधि

(३.४ आयोजना प्राथमिकीकरणसँग सम्बन्धित)

| क्र सं | मापदण्ड | परीक्षण सूचक | अंकभार |
|---|---|---|---|
| १ | (क) सामान्य मापदण्ड | **आर्थिक-सामाजिक विकासमा सघाऊ पुऱ्याउने गरीबी निवारणमा योगदान** | १० |
| २ | | **दिगो विकास लक्ष्य १ र ८ मा पुऱ्याउने योगदान (गरीबी निवारण र आर्थिक विकास)** | १५ |
| ३ | | **सहभागिता (नागरिक समाज, समुदाय, गैर सरकारी संस्था, सेवाग्राही, संघ, प्रदेश र स्थानीय तह)** | ५ |
| ४ | | **समावेशिता** | १५ |
| | | क्षेत्रीय सन्तुलन/समावेशिता (५०%) | ५ |
| | | सामाजिक र लैङ्गिक सन्तुलन/समावेशिता (५०%) | १० |
| ५ | | **आयोजना तत्परता (कार्यान्वयनको योग्यता)** | २० |
| | | चालु आयोजनाको हकमा-कार्यान्वयनको अवस्था (१००%) | |
| | | नयाँ आयोजनाको हकमा- तत्परताको अवस्था (१००%) | |
| ६ | (ख) विषय क्षेत्रगत मापदण्ड | **विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य प्राप्त गर्नमा योगदान** | २० |
| | | **दिगो विकास लक्ष्यका विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य प्राप्त गर्नमा योगदान** | १५ |
| **कुल अंकभार** | | | **१००** |

आयोजना तत्परता मूल्याङ्कनले आयोजना कार्यान्वयनमा जानका लागि योग्य छ/छैन भन्ने कुराको मूल्याङ्कन गर्दछ । देहायका विभिन्न ७ परीक्षण सुचकका आधारमा आयोजनाको मूल्याङ्कन गरी आयोजना कार्यान्वयन योग्य छ/छैन भन्ने निर्क्योल गर्दछ ।

**नयाँ आयोजनाको तत्परता मूल्याङ्कन विधि**

| क्र सं | परीक्षण सूचक | अंकभार (प्रतिशत)=क | प्राप्त अंक (० अर्थात् १) मापदण्ड पूरा गरे १ नगरे ० दिने = ख | प्राप्त अंक भार= क*ख |
|---|---|---|---|---|
| १ | पूर्व-सम्भाव्यता/सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन सम्पन्न गरेको | ३० | | |
| २ | आयोजनाको नतिजा खाका तयार पारेको | ५ | | |
| ३ | आयोजनाको लागि रकमको व्यवस्थापन वा स्रोतको प्रतिबद्धता भएको | १० | | |
| ४ | जग्गा प्राप्त/अधिग्रहण सम्पन्न भएको | २५ | | |
| ५ | वातावरणीय अध्ययन सम्पन्न गरेको | १५ | | |
| ६ | आयोजना कार्यान्वयन योजना तयार गरेको | १० | | |
| ७ | आयोजना अनुगमन र मूल्याङ्कन योजना तयार पारेको। | ५ | | |
| **कुल अंकभार/प्राप्त अंक** | | **१००** | | |

# अनुसूची -७: आयोजना विश्लेषण प्रक्रिया

(३.४ आयोजना प्राथमिकीकरणसँग सम्बन्धित)

१. आयोजनाको लगानी योग्यता र औचित्यता मापनको आधार

२. आयोजना छनौट (स्वीकृत वा अस्वीकृत गर्ने औजार)

३. विधिः

- आर्थिक औचित्यता
- लागत लाभ विश्लेषण
- लागत प्रभावकारिता

**क. आर्थिक विश्लेषण**

- आयोजनाको उद्देश्य
- आर्थिक औचित्यता
- आर्थिक लागत विश्लेषण
- लाभ मापन गर्न सकिने आयोजना
- लाभ मापन गर्न नसकिने आयोजना
- लागत लाभ विश्लेषण
- लागत प्रभावकारिता विश्लेषण (न्यूनतम लागत)
- निष्कर्ष र सुझाव

**ख. लागत लाभ विश्लेषण**

- आयोजना हुँदा र नहुँदाको अवस्था
- विश्लेषण विधि
- आर्थिक खुद वर्तमान मूल्य (Economic Net Present Value)
- आर्थिक आन्तरिक प्रतिफल दर (Economic Internal Rate of Return)
- लागत लाभ अनुपात (Cost Benefit Ratio)
- सम्वेदनशीलता विश्लेषण (Sensitivity Analysis)
- वितरणात्मक विश्लेषण (Distributive Analysis)

**ग. वित्तीय विश्लेषण**

- आयोजनाको पुँजीगत लगानी, सञ्चालन र वित्तीय लागत अनुमान
- राजस्व सिर्जना गर्ने आयोजना
- राजस्व अनुमान
- लागत लाभ विश्लेषण
- राजस्व सिर्जना नगर्ने आयोजना
- वित्तीय दिगोपना विश्लेषण
- निष्कर्ष र सुझाव

संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

# प्रदेश नीति तथा योजना आयोग

## संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

**................ प्रदेश,..........**

२०७९ भाद्र

# विषयसूची

**भाग- १ ...... 117**

१. पृष्ठभूमि ...... ११७

२. समितिको गठनः ...... ११७

३. अध्ययनको उद्देश्यः- ...... ११८

४. अध्ययनको विधि र सीमा ...... ११८

**भाग - २ ...... 120**

अनुसूची- २ ...... १२१

३. विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरु ...... १२३

**भाग - ३ ...... 124**

१. आयोगको काम, कर्तव्य र अधिकारः ...... १२४

२. कार्यवोझ विश्लेषणः- ...... १२६

३. कार्य प्रकृतिको विश्लेषणः- ...... १२७

४. परिवर्तनको औचित्यः ...... १२७

**भाग- ४ ...... 128**

१. प्रस्तावित संगठन ढाँचाको व्याख्याः ...... १२८

२. प्रस्तावित दरबन्दी विवरणको व्याख्याः ...... १२८

३. प्रस्तावित थप/घट गरिएका दरबन्दीहरुको औचित्य र आवश्यकता ...... १२८

४. अन्य सुझाव तथा सिफारिसः ...... १२९

अनुसूची- १ ...... १३०

गण्डकी प्रदेश सरकारबाट स्वीकृत प्रदेश नीति तथा योजना आयोगको सचिवालयको विद्यमान दरबन्दी तेरिजको विवरण ...... १३०

अनुसूची- २ ...... १३१

प्रदेश नीति तथा योजना आयोगको प्रस्तावित सांगठनिक ढाँचा ...... १३१

अनुसची- ३ ...... १३२

प्रदेश नीति तथा योजना आयोगको सचिवालयको हाल प्रस्तावित दरबन्दी तेरिजको विवरण........................................१३२

अनुसूची- ४........................................................................................................................................१३३

प्रस्तावित संगठन, महाशाखा, शाखाहरुको कार्यविवरण..................................................................................१३३

भाग- १

**१. पृष्ठभूमि**

............. प्रदेशको आवधिक योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने तथा नीतिको अनुसन्धान तथा विकास सम्बन्धी काम गर्न ......... प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७../..../.... को बैठकद्वारा स्वीकृत प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७... बमोजिम प्रदेश नीति तथा योजना आयोगको गठन भै सञ्चालनमा आएको .... वर्ष पूरा भएको छ । प्रदेश नीति तथा योजना आयोगको सचिवालय सञ्चालनका लागि कर्मचारीहरुको आवश्यकता पर्दछ । आयोगका लागि आवश्यक कर्मचारी संख्या, संगठनको ढाँचा एवम् कार्यविवरण समेत तयार गर्ने तथा ............... प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७.../.../.... को बैठकद्वारा स्वीकृत प्रदेश नीति तथा योजना आयोग, ....... प्रदेशको मौजुदा संगठन संरचना तथा दरबन्दी तेरिजमा समयानुकूल परिमार्जन गर्न मिति २०७../.../.... को प्रदेश नीति तथा योजना आयोगको सदस्य-सचिवस्तरीय निर्णयले गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले नेपाल सरकारबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ को मार्ग दर्शनमा रही प्रदेश नीति तथा योजना आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरेको छ ।

**२. समितिको गठनः**

प्रदेश नीति तथा योजना आयोगको मौजुदा संगठन संरचना तथा दरबन्दीमा समयानुकूल परिमार्जन गर्न एवम् सचिवालयमा आवश्यक कर्मचारीहरुको व्यवस्थापन गर्नको लागि आयोगको सदस्य-सचिवस्तरीय निर्णयले गठन गरिएको "संगठन तथा व्यवस्थापन सर्वेक्षण" समितिमा तपसिल बमोजिमका सदस्यहरु रहेका छन् ।

| | |
|---|---|
| १. | अध्यक्ष |
| २. | सदस्य |

३.                                                                                                     सदस्य

४.                                                                                                     सदस्य

५. .......... प्रदेश नीति तथा योजना आयोग-सचिव                                                      सदस्य-सचिव

प्रस्तुत प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि विज्ञहरुको समेत राय सुझाव तथा सहयोग लिईएको थियो।

**३. अध्ययनको उद्देश्यः-**

प्रस्तुत संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययनका मुख्य-मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका थिएः

क. प्रदेश नीति तथा योजना आयोगको सचिवालयमा आवश्यक पर्ने जनशक्तिको निक्यौंल गर्ने,

ख. प्रदेश नीति तथा योजना आयोगको सचिवालयमा रहने आवश्यक महाशाखा, शाखाको विवरण तयार गर्ने तथा सोको कार्यविवरण तयार पार्ने,

ग. प्रदेश नीति तथा योजना आयोगको मौजुदा संगठन संरचना तथा दरबन्दी तेरिज हेरफेर गर्ने,

घ. मौजुदा संगठन संरचनामा व्यवस्था भएको श्रेणीगत पदनामलाई तहगत रुपमा रुपान्तरण गर्ने ।

**४. अध्ययनको विधि र सीमा**

यस अध्ययनमा मूलतः निम्नानुसारका विधिहरु अवलम्बन गरिएको थियो ।

क. राष्ट्रिय योजना आयोगको सचिवालयको संगठन संरचना, कर्मचारीको विवरण तथा कार्यविवरणको अध्ययन,

ख. प्रदेश नीति तथा योजना आयोगका विगतको र विद्धमान संरचना र अन्य प्रदेशहरुको अभ्यास,

ग. विषय विज्ञहरुसँग परामर्श,

घ. निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० (संशोधन सहितको) मा भएको व्यवस्था अध्ययन,

ङ. प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीहरुको राय, सल्लाह, सुझाव

च. छलफल, बैठक, परामर्श,

**सीमा**

यस संगठन तथा व्यवस्थापन सर्वेक्षणका सीमाहरु निम्नानुसार रहेका थिए।

क. छोटो समयको अध्ययन/अवलोकनबाट तयार पारिएको ।

ख. प्रदेश नीति तथा योजना आयोगको सांगठनिक संरचना प्रदेश सरकारबाट मात्र स्वीकृत भएको ।

# भाग - २


अनुसूची- १

# प्रदेश नीति तथा योजना आयोगको प्रदेश सरकारबाट स्वीकृत सांगठनिक ढाँचा

**कुल दरबन्दी विवरण**

१. सचिव,रा.प.प्र./अधिकृतस्तर एघारौं तह प्र.-१
२. अधिकृतस्तर नवौं/दशौं-१
३. अधिकृतस्तर सातौं/आठौं तह प्र/सा.प्र.-२
४. अर्थशास्त्री (अधिकृतस्तर सातौं/आठौं तह)- १
५. समाजशास्त्री (अधिकृतस्तर सातौं/आठौं तह)- १
६. तथ्याङ्क अधिकृत (अधिकृतस्तर सातौं/आठौं तह)- १
७. कम्प्युटर इन्जिनियर (अधिकृतस्तर सातौं/आठौं तह)- १
८. अधिकृतस्तर छैंठौं तह प्र/सा.प्र. -२
९. अधिकृतस्तर छैंठौं तह/सहायकस्तर पाँचौं तह प्र/ले.- १
१०. सहायकस्तर पाँचौं तह प्र/सा.प्र.- १
११. सहायकस्तर पाँचौं तह (क.अ)- २
१२. सहायकस्तर चौंथो तहप्र/सा.प्र.-१
१३. ह.स.चा.-४
१४. का.स.-४

**जम्मा- २३**



२. विद्यमान दरबन्दीको अवस्था

.......... प्रदेश सरकारबाट स्वीकृत प्रदेश नीति तथा योजना आयोगको सचिवालयको दरबन्दी तेरिजको विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | संख्या |
|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्र/ अधिकृतस्तर एघारौं | प्रशासन | १ |
| २ | अधिकृत | अधिकृतस्तर नवौं/दसौं | प्रशासन | १ |
| ३ | अधिकृत | अधिकृतस्तर सातौं/आठौं | प्रशासन | २ |
| ४ | अर्थ शास्त्री | अधिकृतस्तर सातौं/आठौं | विविध | १ |
| ५ | समाजशास्त्री | अधिकृतस्तर सातौं/आठौं | विविध | १ |
| ६ | तथ्याङ्क अधिकृत | अधिकृतस्तर सातौं/आठौं | आ.यो.त. | १ |
| ७ | कम्प्युटर इन्जिनियर | अधिकृतस्तर सातौं/आठौं | विविध | १ |
| ८ | अधिकृत | अधिकृतस्तर छैठौं | प्रशासन | २ |
| ९ | अधिकृत / सहायक अधिकृत | अधिकृतस्तर छैठौं / सहायकस्तर | प्र/लेखा | १ |
| १० | सहायक अधिकृत | सहायकस्तर पाचौं | प्रशासन | १ |
| ११ | कम्प्युटर अपरेटर | सहायकस्तर पाचौं | विविध | २ |
| १२ | कार्यालय सहायक | सहायकस्तर चौथौं | प्रशासन | १ |
| १३ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | ४ |
| १४ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | ४ |
| | | | जम्मा | २३ |

**प्रदेश नीति तथा योजना आयोगमा हाल कार्यरत कर्मचारी विवरणः**

- नेपाल सरकार सामान्य प्रशासन प्रशासन सेवा रा.प. प्रथम तह- १ जना
- नेपाल सरकार सामान्य प्रशासन प्रशासन सेवा उपसचिव -१ जना
- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाको तथ्याङ्क अधिकृत आठौं- १ जना
- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाको तथ्याङ्क अधिकृत सातै- १ जना
- नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको अधिकृतस्तर छैंठौं- १ जना
- नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको अधिकृतस्तर छैंठौं- २ जना
- नेपाल प्रशासन सेवा, लेखा समूहको लेखा सहायक सहायकस्तर पाँचौं- १ जना

- सेवा करारमा कार्यरत कर्मचारी
    - कम्प्यूटर अपरेटर २ जना,
    - हलुका सवारी चालक ३ जना,
    - कार्यालय सहयोगी ४ जना
- जम्मा कार्यरत कर्मचारी (स्थायी र सेवा कारार)- १७ जना
- कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरु विभिन्न मन्त्रालय/निकाय/कार्यालयबाट कामकाजका लागि खटाइएका ।

**३. विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरु**

प्रदेश नीति तथा योजना आयोगको विद्यमान संरचना र दरबन्दीमा देखिएका समस्याहरु निम्नानुसार रहेका छन् ।

- देश संघीय संरचनामा परिवर्तित भै संघीयता कार्यान्वयनको अवस्थामा रहेको सन्दर्भमा प्रदेश नीति तथा योजना आयोग नयाँ संरचना भएको,
- नीति तथा योजना आयोगको संगठन संरचना प्रदेश सरकारले स्वीकृत गरेको भएतापनि संघीय कानूनमा समावेश नभएको ,
- प्रदेश नीति तथा योजना आयोगको संगठन संरचनाको प्रकृति अस्थायी भएको,
- प्रदेश सरकारबाट स्वीकृत नीति तथा योजना आयोगको संगठन संरचना तथा दरबन्दी तेरिज राष्ट्रिय किताबखाना (निजामती) मा संगठन संरचना तथा पद दर्ता नभएको,
- प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना तथा दरबन्दी तेरिज श्रेणीगत व्यवस्थामा रहेको ।
- दरबन्दी अनुसारका कर्मचारीहरुको व्यवस्थापन नभएको,
- विज्ञ तथा प्राविधिक जनशक्तिको अभाव भएको तथा पदपूर्तिको व्यवस्था नभएको ।

भाग - ३

## विश्लेषण र औचित्य

**१. आयोगको काम, कर्तव्य र अधिकारः**

प्रदेश सरकारबाट स्वीकृत "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, ........" बमोजिम प्रदेश नीति तथा योजना आयोगका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम रहेका छन् :-

**(क) दीर्घकालीन नीति तथा योजना तर्जुमाः**

१. प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

२. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

३. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरुको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने,

४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने,

५. राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

६. अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

७. प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने,

८. संघ, प्रदेश तथा स्थानीय तहको सहलगानी हुने आयोजना छनौट र पूर्वतयारी गर्न आवश्यक काम गर्ने,

९. प्रदेश स्तरका ठूला आयोजनाहरुको छनौट गर्ने,

१०. प्रदेशमा नीजि क्षेत्र र बाह्य लगानीका आयोजनाको इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट कन्ट्रयाक्टिङ्ग, (इपिसी) इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट, कन्ट्रयाक्टिङ्ग एण्ड फाइनान्सिङ्ग (इपिसिएफ) र बिल्ड वोन अपरेट एण्ड ट्रान्सफर (बुट) प्रणालीमा आयोजना निर्माण सम्बन्धी काम गर्ने ।

**(ख) अनुगमन तथा मूल्याङ्कनः**

१. प्रदेशको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वासनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने,

२. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गर्ने, गराउने,

३. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बिच संजालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

**(ग) तहगत समन्वय :**

१. संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

२. अन्तराष्ट्रिय सहायता परिचालनको समन्वय र सहजीकरण गर्ने,

३. प्रदेश सरकारका क्षेत्रगत नीतिहरुको सहमति दिने,

४. प्रोजेक्ट बैंक र प्रोजेक्ट योजना तयारीको लागि सार्वजनिक —निजी साझेदारी इकाईको रुपमा कार्य गर्ने

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषणः**

१. प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने ।

२. सार्वजनिक, निजी एवं गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

३. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा विकास, प्राकृतिक स्रोत ब्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने,

४. विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

५. क्षेत्रगत र विषयगत स्वयंसेवकको छनौट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण लिने।

**२. कार्यवोझ विश्लेषणः-**

प्रदेश नीति तथा योजना आयोगको मूलत देहाय बमोजिमको कार्यहरु रहेका छन्

(क) दीर्घकालीन नीति तथा योजना तर्जुमा सम्बन्धी

(ख) अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यहरु

(ग) तहगत समन्वय सम्बन्धी कार्यहरु

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी

उल्लेखित कार्यहरु सम्पादन गर्नको लागि नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणी/अधिकृतस्तर ११ औं तहको सचिवको नेतृत्वमा सचिवालयको गठन गरी सो सचिवालय अन्तर्गत विभिन्न महाशाखा तथा शाखाहरुको व्यवस्था भई कार्य सम्पादन हुने व्यवस्था रहेको छ ।

**३. कार्य प्रकृतिको विश्लेषणः-**

प्रदेश नीति तथा योजना आयोगको काम/कर्तव्य योजना निर्माण, योजना कार्यक्रमको अनुगमन, मूल्याङ्कन, अन्तरतह समन्वय, अध्ययन, अनुसन्धान, अन्वेषण समेत भएको हुँदा यसको कार्य प्रकृति विविधिकृत एवं विशिष्ठिकृत रहेको छ ।

त्यसैले माथि उल्लेखित कार्यहरु सम्पादन गर्न सहयोग पुऱ्याउने सचिवालयमा विभिन्न सेवा, समूह अन्तर्गतका कर्मचारीहरुको तत्काल व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**४. परिवर्तनको औचित्यः**

- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु तहगत रुपमा समायोजन भएको तर तत्कालिन अवस्थामा प्रदेश सरकारबाट स्वीकृत आयोगको संगठन संरचना तथा दरबन्दी तेरिज श्रेणीगत रुपमा रहेको हुँदा उक्त संगठन संरचना र दरबन्दी तेरिज तहगत बनाउनु पर्ने भएको,
- उक्त संगठन संरचनामा आवश्यकता र औचित्यताको सिद्धान्त अनुरुप समयानुकूल परिमार्जन गर्नु पर्ने अवस्था रहेको,
- केही पदहरु परिमार्जन गर्नुपर्ने, केही पदहरु थप्नु पर्ने र केही पदहरु हटाउनु पर्ने देखिएको।
- आयोगमा रहने महाशाखा/शाखाहरु थपघट गर्नुपर्ने तथा थपघट भएका महाशाखा/ शाखाहरुको नयाँ कार्यविवरण तयार गर्नु पर्ने भएको ।
- राष्ट्रिय किताबखाना ( निजामती) मा तत्काल संगठन तथा पद दर्ता गर्नु पर्ने देखिएको ।

<u>भाग- ४</u>

## <u>प्रस्तावित संगठन, दरबन्दी र सिफारिस</u>

**१. प्रस्तावित संगठन ढाँचाको व्याख्याः**

प्रदेश नीति तथा योजना आयोगको सचिवालयको नेतृत्व सचिवको (अधिकृतस्तर ११औं तह) नेतृत्वमा रहनेछ । यस सचिवालयमा एक जना अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत र अन्तर्गत ४ वटा शाखाहरु रहनेछन् ।

**२. प्रस्तावित दरबन्दी विवरणको व्याख्याः**

प्रदेश नीति तथा योजना आयोगको सचिवालयको दरबन्दी विवरण निम्नानुसार रहनेछ ।

**प्रस्तावित कुल दरबन्दी विवरणः**

**३. प्रस्तावित थप/घट गरिएका दरबन्दीहरुको औचित्य र आवश्यकता**

**क. थप/संशोधन गरिएकादरबन्दीहरु**

**दरबन्दी थप/संशोधन गर्नुको औचित्य र आवश्यकता**

- ❖ जनशक्ति अभाव भएको कारणले आयोगको दैनिक प्रशासनिक कामकाज, दीर्घकालीन नीति, कार्यक्रम तथा योजना तर्जुमामा प्रत्यक्ष असर परेको ।
- ❖ विद्यमान संगठन संरचनामा व्यवस्था भएका अन्तरसम्बन्धित शाखाहरु एकीकृत गरिएको।
- ❖ अन्तरसम्बन्धित शाखाहरु अर्थ तथा वाणिज्य शाखा र सामाजिक विकास शाखा, भौतिक पूर्वाधार शाखा र सार्वजनिक नीति तथा साझेदारी शाखा एवं योजना तथा तथ्याङ्क शाखा जस्ता शाखाहरु एकीकृत तथा शाखागत संरचना परिवर्तन गरी कार्य जिम्मेवारी विस्तार गरिएको।
- ❖ आयोगको तथ्याङ्क प्रणाली सूचना प्रविधियुक्त बनाउनु पर्ने आवश्यकता रहेको ।

- ❖ सूचना प्रविधिसँग सम्बन्धित विवरण अद्यावधिक गर्ने, आयोगको आफ्नै वेबसाइट, सर्भर/सफ्टवेयर/एप्लिकेशन, तथ्याङ्क बैंक र वेब पोर्टलको निर्माण, सञ्चालन तथा नियन्त्रण गर्ने जनशक्ति अभाव भएको ।
- ❖ आयोगका पदाधिकारीहरुको सचिवालय व्यवस्थापन गर्नुपर्ने भएको ।
- ❖ आयोगका पदाधिकारीहरु र आयोगको सचिवालयमा कार्यरत हलुका सवारी चालकहरु पर्याप्त नभएको ।
- ❖ श्रेणीगत व्यवस्थामा रहेका पदहरु तहगत रुपमा परिमार्जन गर्नु परेको ।

**ख. घटाइएका/संशोधन गरिएका पदहरु**

**दरबन्दी घटाउनु/संशोधन गर्नुको औचित्य र आवश्यकता**

- ❖ विद्यमान संगठन संरचना अनुसारका केही दरबन्दीहरु आयोगलाई तत्काल आवश्यक नरहेको तथा संगठन संरचनामा व्यवस्था भए अनुसारका शाखागत कार्यजिम्मेवारी समेत अपुग देखिएको ।
- ❖ विद्यमान संगठन संरचनामा व्यवस्था भएका केही पदहरु पदपूर्ति गर्न समस्या देखिने अवस्था रहेको ।
- ❖ आयोगको विद्यमान संगठन संरचनामा व्यवस्था भएका अधिकांश शाखाहरु एकीकृत भएको ।
- ❖ श्रेणीगत व्यवस्थामा रहेका दरबन्दीहरु तहगत रुपमा रुपान्तरण गर्नुपर्ने भएको ।

**४. अन्य सुझाव तथा सिफारिसः**

संलग्न बमोजिमको संगठन संरचना र दरबन्दी विवरण बमोजिमका पदहरु गण्डकी प्रदेश सरकारबाट स्वीकृत गरी राष्ट्रिय किताबखाना (निजामती) मा पद दर्ता समेत गरी प्रदेश नीति तथा योजना आयोगमा यथाशीघ्र जनशक्ति व्यवस्थापन गर्न उपयुक्त देखिन्छ ।

## अनुसूची- २

**प्रदेश सरकारबाट स्वीकृत प्रदेश नीति तथा योजना आयोगको सचिवालयको विद्यमान दरबन्दी तेरिजको विवरण**

**कुल दरबन्दी विवरण**

१५. सचिव,रा.प.प्र./अधिकृतस्तर एघारौं तह प्र.-१

१६. अधिकृतस्तर नवौं/दशौं-१

१७. अधिकृतस्तर सातौं/आठौं तह प्र/सा.प्र.-२

१८. अर्थशास्त्री (अधिकृतस्तर सातौं/आठौं तह)- १

१९. समाजशास्त्री (अधिकृतस्तर सातौं/आठौं तह)- १

२०. तथ्याङ्क अधिकृत (अधिकृतस्तर सातौं/आठौं तह)- १

२१. कम्प्युटर इन्जिनियर (अधिकृतस्तर सातौं/आठौं तह)- १

२२. अधिकृतस्तर छैंठौं तह प्र/सा.प्र. -२

२३. अधिकृतस्तर छैंठौं तह/सहायकस्तर पाँचौं तह प्र/ले.- १

२४. सहायकस्तर पाँचौं तह प्र/सा.प्र.- १

२५. सहायकस्तर पाँचौं तह (क.अ)- २

२६. सहायकस्तर चौंथो तहप्र/सा.प्र.-१


२७. ह.स.चा.-४

२८. का.स.-४

**जम्मा- २३**

## अनुसूची- ३

### प्रदेश नीति तथा योजना आयोगको प्रस्तावित सांगठनिक ढाँचा



# अनुसची- ४

## प्रदेश नीति तथा योजना आयोगको सचिवालयको हाल प्रस्तावित दरबन्दी तेरिजको विवरण

रा.प.प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तह (प्रशासन) सचिव - १ जना

अधिकृतस्तर नवौं/दशौं तह (प्रशासन/सा.प्र.) - १ जना

अधिकृतस्तर सातौं/आठौं तह (प्रशासन/सा.प्र.) - २ जना

अनुसन्धान अधिकृत  सातौं/आठौं तह (प्रशासन/सा.प्र.) - २ जना

अर्थ शास्त्री अधिकृतस्तर सातौं/आठौं तह (विविध) - १ जना

समाजशास्त्री  अधिकृतस्तर सातौं/आठौं तह (विविध) - १ जना

तथ्याङ्क अधिकृत सातौं/आठौं तह (आ.यो.त.)- २ जना

कम्प्युटर इन्जिनियर अधिकृतस्तर सातौं/आठौं तह (विविध) - १ जना

लेखा अधिकृत  सातौं तह (प्रशासन/सा.प्र.) - १ जना

अधिकृतस्तर छैंठौं तह (प्रशासन/सा.प्र.)- ४ जना

अधिकृतस्तर छैंठौं तह /सहायकस्तर पाँचौं तह (प्र/लेखा)- १ जना

सहायकस्तर पाँचौं तह (प्रशासन/सा.प्र.)- ३ जना

अनुसन्धान सहायक पाँचौं तह — २ जना

कम्प्युटर अपरेटर सहायकस्तर पाँचौं तह (विविध)- ३ जना

सहायकस्तर चौंथों तह (प्रशासन/सा.प्र.)- १ जना

हलुका सवारी चालक- ४ जना

कार्यालय सहयोगी- ४ जना

भान्से - ४ जना

पाले - २ जना

माली- १ जना

**जम्मा — ४३  जना नियमित कर्मचारी**

विज्ञहरुको समुह **-७ जना**

**कुल जम्मा - ५० जना (नियमित कर्मचारी र विज्ञ)**

# अनुसूची- ५

## प्रस्तावित संगठन, महाशाखा, शाखाहरुको कार्यविवरण

<u>**प्रशासन शाखा**</u>

### कर्मचारी प्रशासन

१. नीति तथा योजना आयोगको दैनिक प्रशासनिक कामकाज गर्ने।

२. प्रदेश नीति तथा योजना आयोगको जनशक्ति व्यवस्थापनको कार्य योजना तयार गर्ने ।

३. आयोगका पूर्ण बैठक, नियमित बैठक तथा आयोगसँग सम्बन्धित सम्पूर्ण बैठकहरुको समन्वय, सहजीकरण तथा अभिलेख व्यवस्थापन, गर्ने ।

४. वार्षिक/चौमासिक प्रगति समीक्षा बैठक, प्रदेश विकास समस्या समाधान समितिको बैठक तथा प्रदेश विकास परिषद्को बैठकको समन्वय, सहजीकरण तथा अभिलेख व्यवस्थापन, गर्ने ।

५. आयोगको कर्मचारीहरुको विदा, व्यक्तिगत विवरण, सरुवा, वढुवा, काज, रमाना, दैनिक भ्रमण अभिलेख लगायतका सम्पूर्ण विवरणहरु अद्यावधिक गर्ने।

६. आयोग र अन्य संस्था बिच भएका सम्झौता, पत्राचार आदिको अद्यावधिक लगत राख्ने।

७. आयोगका सम्पत्तिहरुको लगत अद्यावधिक गरी संरक्षणको व्यवस्था गर्ने।

८. संघीय सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रालयहरु र अन्य निकायहरुबाट आएका पत्रानुसारका अन्य प्रशासनिक कार्यहरु गर्ने।

९. आयोगलाई चाहिने स्टेशनरी लगायत अन्य सहयोग सामाग्रीको व्यवस्था गर्ने।

### लेखा

१. नीति तथा योजना आयोगको वित्तीय व्यवस्थापन गर्ने।

२. अर्थ मन्त्रालयबाट बजेटको निकासा लिने।

३. आयोगको वार्षिक कार्यक्रम अनुसार परामर्शदाताको सेवा र भौतिक सामाग्रीको खरिद प्रकृया आवश्यकता अनुसार गर्ने व्यवस्था मिलाउने।

४. आयोगको आर्थिक प्रतिवेदन बनाउने।

५. आयोगका पदाधिकारी तथा कर्मचारीहरुको नियमानुसारको पारिश्रमिकको भुक्तानी दिने व्यवस्था मिलाउने।

६. आयोगको वार्षिक खर्चको लेखापरीक्षण गराउने।

**आर्थिक तथा सामाजिक विकास शाखा**

१. प्रदेशका अर्थ, पर्यटन, उद्योग वाणिज्य, स्वास्थ्य तथा जनसंख्या, शिक्षा, पोषण तथा खाद्य सुरक्षा, किशोर/किशोरी, युवा तथा खेलकुद, महिला विकास, सरसफाई, जेष्ठ नागरिक, बालबालिका, आपूर्ति, भूमि व्यवस्था, कृषि, सहकारी, वन, वातावरण, युवा तथा खेलकुद एवं पर्यावरणसँग सम्बन्धित आयोगलाई आवश्यक सूचनाहरु संकलन गर्ने, प्रशोधन गर्ने तथा विश्लेषण गर्ने।

२. अर्थ, पर्यटन, उद्योग वाणिज्य, स्वास्थ्य तथा जनसंख्या, शिक्षा, पोषण तथा खाद्यसुरक्षा, किशोर/किशोरी, युवा तथा खेलकुद, महिला विकास, सरसफाई, जेष्ठ नागरिक, बालबालिका, आपूर्ति, भूमि व्यवस्था, कृषि, सहकारी, वन, वातावरण, युवा तथा खेलकुद एवं पर्यावरण लगायतका सम्बन्धित मन्त्रालय /निकायहरुबाट प्राप्त विभिन्न मस्यौदा प्रतिवेदनहरु संकलन गर्ने र सचिव मार्फत आयोगमा पेश गर्ने।

३. आर्थिक तथा सामाजिक विकासका क्षेत्रसँग सम्बन्धित कार्यान्वयन भइरहेका विकास आयोजनाहरुको अनुगमन गर्ने।

४. अर्थ, पर्यटन, उद्योग वाणिज्य, स्वास्थ्य तथा जनसंख्या, शिक्षा, पोषण तथा खाद्य सुरक्षा, किशोर/किशोरी, युवा तथा खेलकुद, महिला विकास, सरसफाई, जेष्ठ नागरिक, बालबालिका,

आपूर्ति, भूमि व्यवस्था, कृषि, सहकारी, वन, वातावरण, युवा तथा खेलकुद एवं पर्यावरणसँग सम्बन्धित कार्यक्रमहरुको मूल्याङ्कनको सहजीकरण गर्ने।

५. आयोगका पदाधिकारी तथा सदस्यहरुलाई चाहिने आर्थिक तथा सामाजिक विकासका क्षेत्रसँग सम्बन्धित सूचना उपलब्ध गराउने।

६. अर्थ, पर्यटन, उद्योग वाणिज्य, स्वास्थ्य तथा जनसंख्या, शिक्षा, पोषण तथा खाद्य सुरक्षा, किशोर/किशोरी, युवा तथा खेलकुद, महिला विकास, सरसफाई, जेष्ठ नागरिक, बालबालिका, आपूर्ति, भूमि व्यवस्था, कृषि, सहकारी, वन, वातावरण, युवा तथा खेलकुद एवं पर्यावरण जस्ता विषयमा प्रकाशित आयोगका दस्तावेजहरु तथा तथ्याङ्कहरु अद्यावधिक गरी राख्ने।

७. अर्थ, पर्यटन, उद्योग वाणिज्य, स्वास्थ्य तथा जनसंख्या, शिक्षा, पोषण तथा खाद्य सुरक्षा, किशोर/किशोरी, युवा तथा खेलकुद, महिला विकास, सरसफाई, जेष्ठ नागरिक, बालबालिका, आपूर्ति, भूमि व्यवस्था, कृषि, सहकारी, वन, वातावरण, युवा तथा खेलकुद एवं पर्यावरणसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्ने ।

८. आयोगका पदाधिकारीहरुलाई आवश्यक पर्ने आर्थिक तथा सामाजिक विकाससँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरु उपलब्ध गराउने ।

९. आयोगको वार्षिक प्रतिवेदनमा आर्थिक तथा सामाजिक विकासका क्षेत्रसँग सम्बन्धित सूचनाहरु समावेश गरी प्रतिवेदन तयारीमा पदाधिकारीहरुलाई सहयोग गर्ने ।

**<u>पूर्वाधार विकास, योजना तथा अनुगमन शाखा</u>**

१. पूर्वाधार विकास तथा सूचना प्रविधिसँग सम्बन्धित आयोगलाई आवश्यक सबै सूचनाहरु संकलन, प्रशोधन तथा विश्लेषण गर्ने ।

२. पूर्वाधार विकाससँग सम्बन्धित उर्जा, जलश्रोत, सिंचाई, खानेपानी, भौतिक पूर्वाधार, सहरी विकास, यातायात व्यवस्था, सूचना प्रविधि लगायतका आयोगसँग सम्बन्धित प्रस्तावहरु संकलन गर्ने र सचिव मार्फत आयोगमा पेश गर्ने ।

३. पूर्वाधार विकाससँग सम्बन्धित कार्यान्वयनमा रहेका आयोजनाहरुको अनुगमन गर्ने पूर्वाधार विकास सम्बन्धी मूल्याङ्कन कार्यमा सहजीकरण गर्ने ।

४. आयोजना बैक तयारी सम्वन्धी कार्य गर्ने ।

५. विद्युत्तीय अनुगमन प्रणालीको विकास गर्ने ।

६. आयोगको आफ्नै वेबसाइट, वेब सर्भर, सफ्टवेयर, एप्लिकेशन लगायतका सूचना प्रविधिका क्षेत्रमा सुधार गर्नु पर्ने तथा नयाँ निर्माण गर्नु पर्ने सम्पूर्ण कार्यहरु सञ्चालन, आन्तरिक नियन्त्रण तथा नियमन गर्ने ।

७. आयोगमा रहने तथ्याङ्क बैंक, तथ्याङ्क वेब पोर्टल लागायतका सम्पूर्ण विद्युतीय माध्यमको निर्माण, सञ्चालन, नियन्त्रण तथा नियमनमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

८. प्रदेशको पूर्वाधार विकासका लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्क संकलन, प्रकाशन तथा प्रशारण गर्ने ।

९. लगानी बोर्ड र अन्य क्षेत्रबाट तथा निजी क्षेत्रका लगानीकर्ताबाट प्राप्त आयोजना प्रस्तावहरु र सूचनाहरु अद्यावधिक गरी राख्ने।

१०. आयोगका पदाधिकारीहरुलाई आवश्यक पर्ने पूर्वाधार विकाससँग सम्बन्धित सूचना तथा तथ्याङ्क उपलब्ध गराउने ।

११. आयोगको वार्षिक प्रतिवेदनमा पूर्वाधार विकास तथा अनुगमनसँग सम्बन्धित विषयवस्तु समावेश गर्ने कार्यमा समन्वय तथा सहजीकरण गर्ने ।

**तथ्याङ्क शाखा**

१. प्रदेश नीति तथा योजना आयोगका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरुको संकलन, प्रशोधन तथा विश्लेषण गर्ने।

२. अनुसन्धानमा आधारित तथ्याङ्कीय प्रणालीको विकास गर्ने ।

३. प्रदेशस्तरीय तथ्याङ्क बैंक, प्रदेशका विभिन्न क्षेत्रसँग सम्बन्धित आवश्यक तथ्याङ्क संकलन गर्ने, प्रशोधन गर्ने, विश्लेषण गर्ने ।

४. अन्य विषयगत शाखाहरुले संकलन गरेको तथ्याङ्कहरुलाई व्यवस्थापन, व्यवस्थित तथा प्रकाशन गर्ने।

५. आयोगका पदाधिकारीहरुलाई आवश्यक पर्ने सबै तथ्याङ्कहरु उपलब्ध गराउने ।

६. आयोगको वार्षिक प्रतिवेदनमा समावेश गरिने सम्पूर्ण तथ्याङ्कहरु उपलब्ध गराउने ।

७. प्रदेश नीति तथा योजना आयोगलाई तथ्याङ्कमा सबल बनाउन आवश्यक पर्ने सबै कार्य गर्ने ।

**अनुसन्धान शाखा**

१. प्रदेशको नीति निर्माण र निर्णय प्रक्रियामा मद्धत गर्ने अनुसन्धान गर्ने गराउने ।

२. प्रदेशका सामाजिक तथा आर्थिक सवालहरुको अनुसन्धान तथा प्रकाशन गर्ने ।

३. प्रदेश सरकारका अन्य निकायबाट माग भै आएका अनुसन्धान गर्ने ।

४. प्रदेशको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोगी हुने विषय क्षेत्रमा अध्ययन गर्ने ।

५. स्थानीय तहका लागि उपयोगी हुने अध्ययन गर्ने ।

६. प्रदेश नीति तथा योजना आयोगलाई आवश्यक पर्ने सबै प्रकारका अनुसन्धान गरी प्रकाशन गर्ने।

# प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन ऐन,२०७९

## प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन ऐन,२०७९

### प्रस्तावना (मस्यौदा)

नागरिकको प्रदेश सरकार प्रतिको बढ्दो आकांक्षा एवं जनविश्वास र बदलिदो परिवेश सँगै प्रदेश भित्र निर्माण/ सञ्चालन हुने सबै प्रकारका योजनाहरुको प्रभावकारी कार्यान्वयनको दरिलो आधार निर्माण गर्दै ....प्रदेशलाई पूर्वाधारको र सामाजिक सुरक्षाको दृष्टिकोणले समतामुलक बनाउन सबै खाले योजना निर्माण तथा संचालन गर्दा त्यसको गुणस्तरीयता,बातावरणीय अनुकुलता,सामाजिक न्याय र दिगो एवं सन्तुलित विकास समेतलाई प्राथमिकतामा राखी सबल, दिगो र भरपर्दो बनाउन तथा सबै खाले योजनाहरुको निर्धारित मापदण्ड बमोजिमको नतिजा प्राप्तीका लागि नियमित अनुगमन तथा मूल्याङ्कन समेतलाई नियमित विश्वाशिलो, भरपर्दो, स्पष्ट, पारदर्शी तथा व्यवस्थित बनाउन वान्छनीय भएकोले; .......................।

प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश योजना सरकार अनुगमन तथा मुल्याङ्कन ऐन २०७९"** रहेको छ ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क)**"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(ख)**"ऐन"** भन्नाले यस बिषयसँग सम्बन्धित अन्य प्रचलित ऐनलाई सम्झनुपर्दछ ।

(ग) **"अनुगमन तथा सुपरीवेक्षण"** भन्नाले योजना, आयोंजना, परियोजना तथा कार्यक्रमहरुमा लगानी तथा स्रोत- साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन, कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई तोकिएको समयभित्र अपेक्षित उपलब्धि हासिल भएको छ/छैन र संचालित योजना वा क्रियाकलापहरु दिगो, वातावरणमैत्री र गुणस्तरीय रुपमा भएको छ/ छैन भनी प्रदेश सरकार

द्वारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्वारा नियमित, आवधिक र आकस्मिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्दछ ।

(घ) **"मूल्याङ्कन"** भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी, प्रभावकारी र वित्तीय अनुशासन कायम राखेका छन् । तथा के कस्ता उपलब्धि एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्दछ ।

(ङ) **"स्थलगत"** सर्वेक्षण भन्नाले प्रदेश अनुगमन तथा मूल्याङ्कन समिति वा प्रदेश योजना आयोगबाट खटाइएका पदाधिकारी वा कर्मचारीले स्थलगत रुपमा निरीक्षण गरी सूचना संकलन गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(च) **"विकास साझेदार"** हरु भन्नाले नेपाल सरकार संघीय तथा प्रदेश सरकारले सोझै सम्झौता गरी वा नगरी नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुइपक्षीय एवं बहुपक्षीय दातृ निकाय वा संघ संस्थाहरुलाई सम्झनुपर्छ ।

(छ) **"अनुगमन तथा मूल्यांकन समिति"** भन्नाले दफा ४, ५ र ६ बमोजिम गठित प्रदेश सरकारको निर्देशनमा बनेका समिति सम्झनुपर्दछ।

(ज) **"बोलपत्र सम्बन्धी कागजात (टेण्डर डकुमेन्ट)"** भन्नाले कुनै ठेक्कासँग सम्बन्धित सामान्य वा विशेष शर्त, स्पेशिफिकेशन, डिजाइन, परिमाण सम्बन्धी सूची, निर्माण सम्बन्धि कार्यको हकमा नक्सा र बिल अफ क्वान्टीटी सम्झनुपर्दछ र सो शब्दले आर्थिक वा प्राविधिक प्रस्तावसँग सम्बन्धित सम्पूर्ण कागजात समेतलाई जनाउनेछ ।

(झ) **"सम्झौता"** भन्नाले यस प्रदेश सरकारको दायित्व र अधिकार क्षेत्रभित्र रही विकास निर्माणसँग सम्बन्धित कुनै पनि योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा सेवा उपलब्ध गराउने वा दिने सम्बन्धमा ठेक्का, बोलपत्र वा दरभाउ पत्रको माध्यमबाट वा प्रचलित कानून बमोजिम गरिने करारनामा (Contract) लाई सम्झनुपर्दछ ।

(ञ) **"ठेक्का"** भन्नाले प्रचलित कानूनको अधिनमा रहि कुनै पनि कार्य गर्न वा प्रदेश सरकारलाई आवश्यक सेवा प्राप्त गर्न कुनै व्यक्ति, उपभोक्ता समिति, फर्म, कम्पनी वा संस्थालाई आवश्यक प्रक्रिया पूरा

गरी दिएका ठेक्का सम्झनुपर्छ र सो शब्दले दरभाउपत्र वा बोलपत्रबाट दिएको कार्य समेतलाई जनाउनेछ ।

(ट) **"विशेष परिस्थिति"** भन्नाले मानवीय काबु बाहिरका बाढी, पहिरो,आगजनि, भूकम्प, जस्ता प्राकृतिक विपत्ति एवं संकटजन्य परिस्थितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समिति सम्बन्धी व्यवस्था

**३.अनुगमन तथा मूल्याङ्कनः** प्रदेश सरकारको अधिकार र दायित्व सिर्जित क्षेत्र भित्र सञ्चालन भएका, भैरहेका तथा हुने सबै विषयगत तथा क्षेत्रगत योजनाहरुको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न सम्भावित जोखिम र त्यसले भविश्यमा पार्न सक्ने प्रभावका बारेमा लेखाजोखा गरी समयमानै क्षती न्यूनीकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तब्यनिष्ठ बनाउन, आर्थिक अनुशासन र वित्तिय पारदर्शिता कायम राख्दै बढीभन्दा बढी लागत प्रभावकारिता (Best Value for Money) कायम गर्ने प्रयोजनार्थ यस प्रदेशमा सन्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अधिकतम नतिजामुखी (Result Oriented) बनाउने हेतुले प्रदेश विकास सममस्या समाधान समिति **(Provincial Development Action Committee,PDAC)**, प्रदेश मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (Ministrial Development Action Committee, MDAC) र उच्चस्तरीय मूल्याङ्कन समिति रहने ब्यवस्था गरिएको छ।

**४. प्रदेश विकास समस्या समाधान समिति सम्बन्धी व्यवस्था**

**प्रदेशमा देहाय बमोजिमको एक प्रदेश विकास समस्या समाधान समिति रहनेछ;**

| | |
|---|---|
| मुख्यमन्त्री | अध्यक्ष |
| प्रदेश सरकारका मन्त्रीहरु | सदस्य |
| उपाध्यक्ष, प्रदेश योजना आयोग सदस्य | सदस्य |
| सदस्य प्रदेश योजना आयोग | सदस्य |
| प्रमुख सचिव, (प्रदेश) | सदस्य |
| प्रदेश योजना आयोग सचिव | सदस्य-सचिव |

**४.१. प्रदेश विकास समस्या समाधान समितिको (Provincial Development Action Committee,PDAC) काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ;**

१.प्रदेश सरकारका मन्त्रालयहरु अन्तर्गत सन्चालित कार्याक्रम वा आयोजनाको वार्षिक र चौमासिक समीक्षा गर्ने ।

२. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याको समाधानका लागी उपयुक्त निर्णय लिने ।

३. प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएको विभिन्न प्रकारका अनुदानको उपयोग र सोको नतिजाहरुको प्रगतिको समीक्षा गर्ने ।

४. कार्यक्रम वा आयोजनाको कार्यान्वयनतहमा भएका अन्तरमन्त्रालयगत,नीतिगत एवं कानूनी विषयमा देखिएका समस्याको समाधान गर्ने ।

५. कार्याक्रम वा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याको अध्ययन तथा मूल्याङ्कन गर्ने गराउने ।

६. स्थानीय तहमा गरिने अनुगमन तथा मूल्याङ्कन कार्यको समन्वय गर्ने ।

७. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**५. प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति**

प्रदेश मन्त्रालयमा देहाय बमोजिमको एक प्रदेश विकास समस्या समाधान समिति रहनेछ;

| | |
|---|---|
| मन्त्री | अध्यक्ष |
| राज्यमन्त्री | सदस्य |
| सहायक मन्त्री | सदस्य |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| सदस्य प्रदेश योजना आयोग (सम्बन्धित मन्त्रालय हेर्ने) | सदस्य |
| सचिव सम्बन्धित मन्त्रालय (प्रदेश) | सदस्य |
| प्रतिनिधि अर्थ मन्त्रालय | सदस्य |
| सचिव, शासकीय सुधार तथा समन्वय हेर्ने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलय | सदस्य |

प्रमुख, सम्बन्धित निर्देशनालय सदस्य

प्रमुख, सम्बन्धित मन्त्रालयका योजना हेर्ने महाशाखा- सदस्य

महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन हेर्ने महाशाखा सदस्य- सचिव

**५.१. प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको (Ministrial Development Action Committee, MDAC) काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ;**

१. आफ्नो मन्त्रालय र अन्तर्गत कार्यान्वयन गरिएका नीति ,कार्यक्रम तथा आयोजनाको कार्यान्वयन स्थितिको चौमासिक र वार्षिक समीक्षा गर्ने ।

२. खण्ड १ बमोजिम समीक्षा गर्दा कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याहरु छलफल गरी समाधान गर्ने ।

३. प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएका विभिन्न प्रकारका अनुदानको उपयोग र सोको नतिजाहरुको प्रगतिको समीक्षा गर्ने ।

४. कुनै कार्यक्रम वा आयोजना कार्यान्वयनमा देखिएका समस्याका सम्बन्धमा मन्त्रालयबाट समाधान हुन नसकेका विषयमा लिनुपर्ने निर्णयका विकल्पहरु पहिचान गरी सिफारीस सहित मुख्यमन्त्री तथा मन्त्रीपिरषदको कार्यालय मार्फत प्रदेश विकास समस्या समाधान समितिमा पठाउने ।

५. मन्त्रालय तथा सम्बन्धित विभागको मातहतमा सन्चालित आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन तोकिएको संयन्त्रबाट भए नभएको निक्यौंल गरी आवश्यक निर्देशन दिने ।

**६. उच्चस्तरिय अनुगमन तथा मुल्याङ्कन समिति**

**प्रदेशमा देहाय बमोजिमको एक उच्चस्तरिय अनुगमन तथा मुल्याङ्कन समिति रहनेछ;**

उपाध्यक्ष, प्रदेश योजना आयोग अध्यक्ष

सदस्यहरु प्रदेश योजना आयोग सदस्य

प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सदस्य

सचिव, अर्थ मन्त्रालय सदस्य

सचिव, सम्बन्धित मन्त्रालय सदस्य

सचिव, प्रदेश योजना आयोग                                   सदस्य सचिव

तर, समितिमा सम्बन्धित क्षेत्र हेर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ । साथै उक्त समिति सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरीयता र प्रभावकारिता कायम गर्नका लागि **संयोजक (उपाध्यक्ष)** स्वयं वा प्रतिनिधि खटाई वा सम्बन्धित अख्तियारी प्राप्त विषय विज्ञलाई अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यमा संलग्न गराउन बाधा परेको मानिने छैन ।

**६.१. उच्चस्तरिय अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ;**

१. ठेक्का प्रक्रियाबाट गतवर्ष देखि संचालनमा रही सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरु र चालु आ. व. मा संचालन हुने नयाँ योजना तथा कार्यक्रमहरु सम्पन्न नभए सम्म कार्यान्वयनका हरेक चरणहरुमा स्थलगत रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

२. आयोजन संचालनको क्रममा बाधा अवरोध आईपरेमा समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने, योजना तथा कार्यक्रमको सम्झौता बमोजिम, कार्यतालिका अनुसार कार्य भए नभएको, कार्यस्थल सूचना पाटी राखे नराखेको, गुणस्तरीय सामग्रीको प्रयोग भए नभएको, बास्तबिक लाभान्वित हुने उपभोक्ताहरु लाभान्वित भए नभएको आदि बिषयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने।

३. प्रत्येक महिनाको कम्तीमा १ पटक योजना तथा कार्यक्रम संचालन गर्ने, निर्माण व्यवसायी, र संघ संस्थाहरुको बैठक राखि योजना तथा कार्यक्रमहरुको प्रगतिका बारेमा समीक्षा गर्ने । योजना तथा कार्यक्रमको सम्झौता बमोजिम कार्यतलिका अनुसार कार्य नभएको, कार्य स्थलमा सूचनापाटि नराखेको, गुणस्तरिय सामग्रीको प्रयोग नभएको, बास्तबिक लाभान्वित हुने उपभोक्ताहरु लाभान्वित नभएको आदि देखिन आएमा त्यस्ता उपभोक्ता समिति, निर्माण व्यवसायी, वा संघ संस्थाहरुलाई अन्तिम पटकका लागि आफ्नो कार्य यथासिघ्र सुधार गर्न निर्देशन दिने ।

४. सम्पन्न भएको योजना तथा कार्यक्रमहरुको सार्बजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्न लगाउने ।

५. सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि सार्बजनिक परिक्षणको प्रतिवेदन, आम्दानि खर्चको विवरण, , सक्कल बिलभर्पाई, सम्पन्न योजना तथा कार्यक्रमको सुरु र पछिको फोटो, कार्यस्थलमा

राखेको सूचना पाटी वा व्यानरको फोटो ठिक दुरुस्त भएमा अनुगमन तथा सुपरिवेक्षण समितिको निर्णय सहित भुक्तानीका लागि सिफारिस गर्ने ।

६. प्रदेस सरकारले आवश्यकता र औचित्यतताको आधारमा योजना, कार्यक्रम वा आयोजना अनुगमन एवं सुपरिवेक्षण समितिको थप जिम्मेवारी र कार्यविधि निर्धारण गर्न सक्नेछ ।

७. आयोजना अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण प्रदेश सरकार तथा मुख्यमन्त्री कार्यालयमा उपलब्ध गराउनेछ । आयोजना संचालनबाट स्थानिय जनतालाई पुगेको सुबिधा, सेवा गुणस्तर, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, निर्माण सामग्रीको व्यवस्थापन, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना संचालनको क्रममा देखा परेको बाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफरिस गर्ने ।

८. कुनै योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्दा निम्न विषयवस्तुलाई समेट्न सकिन्छ। सार्वजनिक नीति, आवधिक योजना, विषय क्षेत्रगत योजना तथा निजी क्षेत्र,, वार्षिक नीति ,कार्यक्रम तथा बजेट, कार्यक्रम तथा आयोजनाको दस्तावेज, अन्तराष्ट्रिय प्रतिबद्धता ।

## परिच्छेद ३

## अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन र प्रतिवेदन

७. **अनुगमन तथा सुपरिवेक्षणः** प्रदेशको अधिकार क्षेत्र भित्र सञ्चालन हुने तथा भएका सबै विषयगत तथा क्षेत्रगत योजना, परियोजना, कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षण देहाय बमोजिम हुनेछः

(क) प्रदेशमा एकिकृत कार्यान्वयन कार्ययोजना पेश भएको बढिमा १५ दिन भित्र वार्षिक अनुगमन तथा सुपरिवेक्षण कार्य योजना बनाउनु पर्नेछ।

(ख) प्रदेशमा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित, आकस्मिक वा आवधिक अनुगमन तथा मुल्याङ्कन गर्नेछ।

(ग) सूचक बमोजिमको अनुगमन तथा सुपरिवेक्षणका लागि सम्बन्धित योजना तथा आयोजनाको मात्रा, लागत, कार्य प्रगति, ढिलो हुनु वा छिटो हुनुको वा समयमानै कार्य सम्पन्न हुनु वा नहुनुको कारण, तोकिएको गुणस्तर वा मापदण्ड भए/नभएको, लापरवाही वा वदनियत भएको भए सो कार्यमा संलग्न व्यक्ति, फर्म वा संस्था र त्यस्तो लापरवाही वा बदनियतबाट भएको क्षती तथा त्यसको क्षतिपुर्ती दिनु पर्ने भए कसरी उपलब्ध गराउने साथै अन्य केही सुझाव भए सो समेत समेटिने गरी अनुगमन सूचक ( Inspection indicators) हरु निर्धारण गर्ने।

(घ) सूचक बमोजिमको अनुगमन तथा सुपरिवेक्षण रिपोर्टको फरमेट अनुसुची-१ बमोजिमको ढाँचामा पेश गर्नु पर्ने।

अनुसूची -२ बमोजिमको योजना वा कार्यक्रम सम्बन्धी विवरणको ढाँचा पनि अनिवार्य रुपमा अध्यावधिक राख्नु पर्ने।

(ङ) अनुगमन तथा सुपरिवेक्षणको समय तालिका निर्धारण गर्ने तथा गोप्य रुपमा गरिने अनुगमन तथा सुपरिवेक्षणको विषयमा आवश्यक गोपनियताको सुनिश्चितता गर्ने। वडास्तरिय समितिलाई समेत यस बारेमा सहजीकरण र सहयोग गर्ने।

(च) प्रतिवेदन तयार गर्दा उक्त अनुगमन तथा सुपरिवेक्षणमा संलग्न व्यक्ति वा समितिका सदस्यहरुको नामावली अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

(छ) प्रतिवेदन तयार भएको मितिले बढिमा १५ दिन भित्र अनुगमन, सुपरिवेक्षण तथा मुल्याङकन समितिको बैठकमा छलफल, आवश्यक निर्णय तथा निर्देशनका लागि पेश गर्ने।

(ज) प्रदेश सरकार र मन्त्रिपरिषदको निर्णय तथा निर्देशन बमोजिम सम्बन्धित निर्माण ब्यवसायी, परामर्शदाता, कर्मचारी वा  सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको ब्यक्ति वा संघ संस्थालाई योजना कार्यान्वयनमा देखिएका राम्रा र त्रुटी भएका विषय समेत खोलि त्रुटिहरु सच्चाउन, समय तथा गुणस्तर कायम गर्न, वित्तिय अनुशासन कायम गर्न साथै प्रचलित ऐन कानुनको पालन गर्न समय सिमा तोकेर आवश्यक निर्देशन दिने।

(झ) प्रदेश सरकारको निर्णय बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको समय सिमा सहितको निर्देशन समय सिमा भित्र पालन नगर्ने तथा अटेर गर्ने सम्बन्धित उपभोक्ता समिति, निर्माण ब्यवसायी, परामर्शदाता, सेवा प्रदायक संस्था, कर्मचारी वा  सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्याक्ति वा संघ संस्थालाई आवश्यक कारबाहिका लागि राय सहित प्रदेश सरकार समक्ष पेश गर्ने।

(ञ) प्रदेश सरकारले निर्धारण गरेका समय सिमा तथा गुणस्तर कायम गर्ने सम्बन्धित निर्माण व्यवसायी, परामर्शदाता, कर्मचारी वा  सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा संघ संस्थालाई आवश्यक पुरस्कृत गर्न तथा सम्मान गर्न कारण समेत उल्लेख गरी सिफारिस गर्ने। तर कारण वश उक्त सिफारिस गलत मनसायले गरिएको वा गलत भएको रहेछ भने सोको जिम्मेवारी सिफारिसकर्ता स्वयंले लिनु पर्नेछ।

(ट) अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कन समितिले अनुगमन गर्दा देखिएका विषयमा समितिलाई नियमित रुपमा जानकारी गराउने।

(ठ) योजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा प्रदेश सरकारबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

(ड) योजना, परियोजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा उत्पन्न भएका विवादहरु उचित, विवेकपूर्ण तथा कानुन सम्बत् ढंगले व्यवस्थापन गर्ने।

(ढ) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा निर्माण व्यवसायी, वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाइएमा कार्वाहीका लागी सिफारिस गर्ने।

**८. योजना तथा आयोजनाको प्रभाव मूल्याङ्कनः** प्रदेश सरकारले प्रदेश भित्र सञ्चालन हुने तथा भएका सबै विषयगत तथा क्षेत्रगत योजना तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

(क) अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन समितिले अनुगमन तथा सुपरिवेक्षण गरे पछि उक्त योजना तथा आयोजनाको निर्धारित गुणस्तर ,दिगोपना र समय सिमाको मूल्याङ्कन गर्नु पर्नेछ।

(ख) रु. ५ (पाँच) करोड भन्दा माथिका योजना तथा आयोजनाहरु सम्पन्न भएको दुई वर्ष भित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(ग) अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गरेको दिन तथा समय सम्बन्धित योजनाको साईड पुस्तिकामा उल्लेख गर्नुपर्नेछ । साथै उक्त अनुगमन तथा मुल्याङ्कन सम्पन्न भएको मितिले बढीमा सातदिन भित्र अनुसूचि- १ र अनुसूचि- २ बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी तयार भएको मितिले ५ दिन भित्र उच्चस्तरीय अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिमा पेश गर्नुपर्नेछ ।

(घ) प्रादेशिक योजनाहरु मध्ये रु. ५ करोड भन्दा बढि लागतका सबै योजनाहरु (बहुबर्षिय समेतको ) हकमा उच्चस्तरिय अनुगमन तथा मूल्याङ्कन समिति बाटै गरिएको अनुगमन तथा मूल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसको आधारमा मात्र अन्तिम रकम् भुक्तानीका लागि सिफारिस गरिनेछ ।

(ङ) प्रादेशिक योजनाहरु मध्ये ५ करोड भन्दा कम लागतका योजनाहरुको हकमा अनुसूचि बनाउने दफा ३ ,उपदफा ३ अनुगमन तथा मूल्यमङ्कन समिति बाटै गरिएको अनुगमन तथा मूल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसको आधारमा रकम् भुक्तानीका लागि सिफारिस गर्न सक्नेछ । तर, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिले आवश्यकताअनुसार जुनसुकै बेलापनि अनुगमन तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

(च)दफा ३ ,उपदफा ३ समितिबाट प्राप्त अनुगमन तथा मूल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा दफा ३ उपदफा १ समितिबाट अनुगमन गरिनेछ ।

**९. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनः** (क) दफा ६ बमोजिम गठित उच्चस्तरीय अनुगमन , तथा मूल्याङ्कन समितिले आर्थिक वर्षको अन्त्यमा अनुसूची ३ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गर्दा कागजी फारामहरुको प्रयोग गरी प्रगति प्रतिवेदन तयार गर्ने, प्रदेश सरकारले आयोजना कार्यसम्पादन सूचना प्रणालीमार्फत प्रतिवेदन पठाउने, स्थलगत अनुगमन, चेकलिष्टको तयारी, तथ्याङ्क सङ्कलन, सार्वजनिक सुनुवाई, आयोजनासँग अन्तर्क्रिया, प्रतिवेदनको तयारी, प्रतिवेदनका सुझावको सम्प्रेषण तथा कार्यन्वयन,स्थलगत निरीक्षण प्रक्रियामा सहयोग, आचारसंहिता लाई मनन गरी प्र्रदेश सरकार मार्फत् प्रदेश सभाको बैठकमा पेश गर्नु पर्नेछ ।

(ख) प्रतिवेदन पेश गर्ने अवधि आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र पेश गरिसक्नु पर्नेछ ।

## परिच्छेद ४

## विविध

**१०. बाधा अड्काउ फुकाउ तथा संशोधनः** (१) प्रचलित कानून र यस ऐनमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय दफा ३ उपदफा १ को समितिले गर्नेछ । साथै, यो ऐन कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा, बाधा उत्पन्न भएमा प्रदेश सरकारले विधमान ऐन कानूनको परिधिभित्र रही आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस ऐनमा थपघट वा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही प्रदेश सरकारको हुनेछ ।

**११. निर्देशन दिन सक्नेः** अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन समेतको आधारमा योजना संचालन तथा कार्यान्वयनमा देखिएको त्रुटि तथा कमजोरी सच्याउन, समय सिमा, लागत प्रभावकारिता, दिगोपन र गुणस्तर कायम गर्न तथा राख्न सम्बन्धित निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक संस्था, कर्मचारी वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति, फर्म, समुह वा संघ संस्थालाई सोझै वा अनुगमन तथा सुपरिवेक्षण समिति मार्फत् निर्देशन दिन सक्नेछ ।

१२.**वातावरण प्रभावमूल्याङ्कन गर्नेः** प्रचलित ऐन कानून बमोजिम ५ करोड माथि लागत भएका र वातावरणिय प्रभाव मूल्याङ्कन गर्नु पर्ने योजना तथा आयोजनाको हकमा वातावरणिय प्रभाव मूल्याङ्कन **(EIA)** अनिबार्य रुपमा गर्नु पर्नेछ । साथै, रु १० करोड भन्दा बढी लागत भएका सबै आयोजनाहरुको हकमा **( IEE)** गरिनेछ ।

१३.**अभिमुखिकरण कार्यक्रमः** सम्बन्धित योजना संचालन व्यवस्थापनको जिम्मा पाएको व्यक्ति, फर्म, समुह वा संघ संस्थाका जिम्मेवार व्यक्ति वा सम्बन्धित सरोकारवालालाई कुनै पनि योजनाको कार्य संचालन पूर्व विधमान ऐन, कानून, निर्देशिका, वा कार्यबिधिका बारेमा अभिमुखिकरण गर्नु गराउनु पर्नेछ ।

**१४.अधिकार प्रत्यायोजनः** यो ऐन बमोजिम समितिको संयोजकले आफुलाई प्राप्त अधिकार मातहतका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ । तर, अधिकार प्रत्यायोजन गरेको आधारमा प्रमुख संयोजक जिम्मेवारी र जवाफदेहिताबाट मुक्त भएको भने मानिने छैन ।

**१५. ऐनको व्याख्याः** यो ऐनको अन्तिम व्याख्या मुख्यन्यायधिवक्ताको कार्यालयले गर्नेछ ।

**१६. बचाउ तथा खारेजीः** ऐनजारी हुनुभन्दा अगाडी भएको व्यवस्था यसै ऐन बमोजिम भएको मानिनेछ ।

१७. यो ऐन संघिय कानूनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

१८. यो ऐन सम्बन्धमा कुनै बाधा अड्काउ परेको खण्डमा प्रदेश सरकार र प्रदेश सभाले ऐन परिमार्जन, संशोधन, र खारेजी गर्न सक्नेछ ।

## अनुसुची १

## प्रदेश सरकार

## प्रदेश योजना आयोग

## ......प्रदेश

## योजना अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

मितिः

माननीय मुख्यमन्त्रीज्यू/ माननीय उपाध्यक्ष ज्यू

....... प्रदेश, प्रदेश योजना आयोग,

प्रदेश योजना आयोगले आ. व. ............मा संचालनको लागी पारित गरेका तपशील बमोजिमका योजना संचालन पश्चात् प्रदेश स्तरिय अनुगमन तथा मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन

१ योजनाको नामः............................ २ योजना संचालन गर्ने स्थान ...........

३ योजना सन्चालक संस्थाको नाम.............. ४ सम्पर्क नं .....................

५ योजनाको कुल लागत रकम रु..........................

६ योजना सम्झौता मिति................ ७. योजना सम्पन्न गरिसक्नुपर्ने मिति.............

८. सम्पन्न भएको मिति....................

९. मोबिलाईजेसन पेस्की रकमः............

१. पहिलो आ.व. को रकम............ २. दोस्रो आ.व. को रकम........

३. तेस्रो आ.व. को रकम........... ४. चौथो आ.व. को रकम.......

५. पाँचौ आ.व. को रकम............

**१०. अनुगमनका क्रममा देखिएका बिषयहरुः**

| क्र.स. | व्योहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्वीकृत लागत अनुमान बमोजिमको कार्य/प्रगति | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक अनुशासन, वित्तिय पारदर्शिता र लगानीको मूल्य सिर्जनशिलता कायम | | | |
| ३ | सार्वजनिक परिक्षण (उपस्थिति संख्या) समेत उल्लेख गर्ने (अन्तिममा) | | | |
| ४ | आयोजना सूचना पाटि (सबैले देख्ने ठाउँमा) | | | |
| ५ | वातावरणीय प्रभाव अनुकुलन | | | |

**११. आयोजना संचालनमा देखिएका समस्या तथा चुनौतिहरुः**

(क)..........................................................................................................

(ख)..........................................................................................................

(ग)..........................................................................................................

(घ)..........................................................................................................

(ङ)..........................................................................................................

**१२. अनुगमन तथा मूल्याङ्कनको क्रममा अख्तियार प्राप्त पदाधिकारीले गरेको सिफारिस (सुधार गर्नु पर्ने पक्ष)**

(क)..........................................................................................................

(ख)..........................................................................................................

(ग)..........................................................................................................

(घ)..........................................................................................................

(ङ)..........................................................................................................

नाम.............................. सम्पर्क नम्बर............................

हस्ताक्षर..............

## अनुसुची २

**प्रदेश सरकार**

**.......... प्रदेश**

**प्रदेश योजना आयोग**

**योजना वा कार्यक्रम सम्बन्धी विवरणको ढांचा**

१.कार्यक्रम वा योजना

(क) नामः...............................          (ख) आयोजनाको स्थलः.......................

(ग) पहिलो आ.व. को रकम रु.....................          (घ) जम्मा लागत रकम रु..........................

(ङ) आयोजना शुरु भएको मितिः..........................

(च) आयोजना सम्पन्न भएको मिति.................................

आयोजनाको लक्ष्य वा प्रगति

| **क्र.स.** | **कामको विवरण** | **लक्ष्य** | **प्रगति** | **पुष्ट्याइको आधार** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**नाम .......................**

**अनुगमन गर्ने पदाधिकारी.**

# अनुसुची ३

## प्रदेश सरकार

## ....... प्रदेश

## प्रदेश योजना आयोग

### वार्षिक योजना अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

| क्र.स. | अनुगमन गरिएका योजनाहरु | अनुगमन मिति | अनुगमन गर्ने पदाधिकारी | अनुगमन गर्दा देखीएका समस्या | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन ऐन, २०७९

# प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन ऐन,२०७९

नागरिकको प्रदेश सरकार प्रतिको बढ्दो आकांक्षा एवं जनविश्वास र बदलिदो परिवेश सँगै प्रदेश भित्र निर्माण/ सञ्चालन हुने सबै प्रकारका योजनाहरुको प्रभावकारी कार्यान्वयनको दरिलो आधार निर्माण गर्दै ....प्रदेशलाई पूर्वाधारको र सामाजिक सुरक्षाको दृष्टिकोणले समतामुलक बनाउन सबै खाले योजना निर्माण तथा संचालन गर्दा त्यसको गुणस्तरीयता,बातावरणीय अनुकुलता,सामाजिक न्याय र दिगो एवं सन्तुलित विकास समेतलाई प्राथमिकतामा राखी सबल, दिगो र भरपर्दो बनाउन तथा सबै खाले योजनाहरुको निर्धारित मापदण्ड बमोजिमको नतिजा प्राप्तीका लागि नियमित अनुगमन तथा मूल्याङ्कन समेतलाई नियमित विश्वाशिलो, भरपर्दो, स्पष्ट, पारदर्शी तथा व्यवस्थित बनाउन वान्छनीय भएकोले; ......................।

प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

३. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"प्रदेश योजना अनुगमन तथा मुल्याङ्कन ऐन २०७९"** रहेको छ ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

४. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(ख) **"ऐन"** भन्नाले यस बिषयसँग सम्बन्धित अन्य प्रचलित ऐनलाई सम्झनुपर्दछ ।

(ग) **"अनुगमन तथा सुपरीवेक्षण"** भन्नाले योजना, आयोँजना, परियोजना तथा कार्यक्रमहरुमा लगानी तथा स्रोत- साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन, कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई तोकिएको समयभित्र अपेक्षित उपलब्धि हासिल भएको छ/छैन र संचालित योजना वा क्रियाकलापहरु दिगो, वातावरणमैत्री र गुणस्तरीय रुपमा भएको छ/ छैन भनी प्रदेश सरकार

द्वारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्वारा नियमित, आवधिक र आकस्मिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्दछ ।

(घ) **"मूल्याङ्कन"** भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी, प्रभावकारी र वित्तीय अनुशासन कायम राखेका छन् तथा के कस्ता उपलब्धि एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्दछ ।

(ङ) **"स्थलगत"** सर्वेक्षण भन्नाले प्रदेश अनुगमन तथा मूल्याङ्कन समिति वा प्रदेश योजना आयोगबाट खटाइएका पदाधिकारी वा कर्मचारीले स्थलगत रुपमा निरीक्षण गरी सूचना संकलन गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(च) **"अनुगमन तथा मूल्यांकन समिति"** भन्नाले दफा (४), (५) र (६) बमोजिम गठित प्रदेश सरकारको निर्देशनमा बनेका समिति सम्झनुपर्दछ।

(छ) **"बोलपत्र सम्बन्धी कागजात (टेण्डर डकुमेन्ट)"** भन्नाले कुनै ठेक्कासँग सम्बन्धित सामान्य वा विशेष शर्त, स्पेशिफिकेशन, डिजाइन, परिमाण सम्बन्धी सूची, निर्माण सम्बन्धि कार्यको हकमा नक्सा र बिल अफ क्वान्टीटी सम्झनुपर्दछ र सो शब्दले आर्थिक वा प्राविधिक प्रस्तावसँग सम्बन्धित सम्पूर्ण कागजात समेतलाई जनाउनेछ ।

(ज) **"सम्झौता"** भन्नाले यस प्रदेश सरकारको दायित्व र अधिकार क्षेत्रभित्र रही विकास निर्माणसँग सम्बन्धित कुनै पनि योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा सेवा उपलब्ध गराउने वा दिने सम्बन्धमा ठेक्का, बोलपत्र वा दरभाउ पत्रको माध्यमबाट वा प्रचलित कानून बमोजिम गरिने करारनामा (Contract) लाई सम्झनुपर्दछ ।

(झ) **"ठेक्का"** भन्नाले प्रचलित कानूनको अधिनमा रहि कुनै पनि कार्य गर्न वा प्रदेश सरकारलाई आवश्यक सेवा प्राप्त गर्न कुनै व्यक्ति, उपभोक्ता समिति, फर्म, कम्पनी वा संस्थालाई आवश्यक प्रक्रिया पूरा गरी दिएका ठेक्का सम्झनुपर्छ र सो शब्दले दरभाउपत्र वा बोलपत्रबाट दिएको कार्य समेतलाई जनाउनेछ ।

(ज) **"विशेष परिस्थिति"** भन्नाले मानवीय काबु बाहिरका बाढी, पहिरो,आगजनि, भूकम्प, जस्ता प्राकृतिक विपत्ति एवं संकटजन्य परिस्थितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समिति सम्बन्धी व्यवस्था

**३.अनुगमन तथा मूल्याङ्कनः** प्रदेश सरकारको अधिकार र दायित्व सिर्जित क्षेत्र भित्र सञ्चालन भएका, भैरहेका तथा हुने सबै विषयगत तथा क्षेत्रगत योजनाहरुको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न सम्भावित जोखिम र त्यसले भविश्यमा पार्न सक्ने प्रभावका बारेमा लेखाजोखा गरी समयमानै क्षती न्यूनीकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तब्यनिष्ठ बनाउन, आर्थिक अनुशासन र वित्तिय पारदर्शिता कायम राख्दै बढीभन्दा बढी लागत प्रभावकारिता (Best Value for Money) कायम गर्ने प्रयोजनार्थ यस प्रदेशमा सन्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अधिकतम नतिजामुखी (Result Oriented) बनाउने हेतुले प्रदेश विकास सममस्या समाधान समिति (Provincial Development **Action Committee,PDAC)**, प्रदेश मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (Ministrial Development Action Committee, MDAC) र उच्चस्तरीय मूल्याङ्कन समिति रहने ब्यवस्था गरिएको छ।

**४. प्रदेश विकास समस्या समाधान समिति सम्बन्धी व्यवस्था**

**प्रदेशमा देहाय बमोजिमको एक प्रदेश विकास समस्या समाधान समिति रहनेछः**

| | |
|---|---|
| मुख्यमन्त्री | अध्यक्ष |
| प्रदेश सरकारका मन्त्रीहरु | सदस्य |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| सदस्य प्रदेश योजना आयोग | सदस्य |
| प्रमुख सचिव, | सदस्य |
| प्रदेश योजना आयोग सचिव | सदस्य-सचिव |

**४.१. प्रदेश विकास समस्या समाधान समिति (Provincial Development Action Committee,PDAC) को काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ;**

१.प्रदेश सरकारका मन्त्रालयहरु अन्तर्गत सन्चालित कार्याक्रम वा आयोजनाको वार्षिक र चौमासिक समीक्षा गर्ने ।

२. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याको समाधानका लागी उपयुक्त निर्णय लिने ।

३. प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएको विभिन्न प्रकारका अनुदानको उपयोग र सोको नतिजाहरुको प्रगतिको समीक्षा गर्ने ।

४. कार्यक्रम वा आयोजनाको कार्यान्वयनतहमा भएका अन्तरमन्त्रालयगत,नीतिगत एवं कानूनी विषयमा देखिएका समस्याको समाधान गर्ने ।

५. कार्यक्रम वा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याको अध्ययन तथा मूल्याङ्कन गर्ने गराउने ।

६. स्थानीय तहमा गरिने अनुगमन तथा मूल्याङ्कन कार्यको समन्वय गर्ने ।

७. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**५. प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति**

**प्रदेश मन्त्रालयमा देहाय बमोजिमको एक प्रदेश विकास समस्या समाधान समिति रहनेछ;**

| | |
|---|---|
| मन्त्री | अध्यक्ष |
| राज्यमन्त्री | सदस्य |
| सहायक मन्त्री | सदस्य |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| सदस्य प्रदेश योजना आयोग (सम्बन्धित मन्त्रालय हेर्ने) | सदस्य |
| सचिव सम्बन्धित मन्त्रालय (प्रदेश) | सदस्य |
| प्रतिनिधि अर्थ मन्त्रालय | सदस्य |
| सचिव, शासकीय सुधार तथा समन्वय हेर्ने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलय | सदस्य |
| प्रमुख, सम्बन्धित निर्देशनालय | सदस्य |
| प्रमुख, सम्बन्धित मन्त्रालयका योजना हेर्ने महाशाखा- | सदस्य |

महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन हेर्ने महाशाखा सदस्य-सचिव

**५.१. प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको (Ministrial Development Action Committee, MDAC) काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ;**

१. आफ्नो मन्त्रालय र अन्तर्गत कार्यान्वयन गरिएका नीति ,कार्यक्रम तथा आयोजनाको कार्यान्वयन स्थितिको चौमासिक र वार्षिक समीक्षा गर्ने ।

२. खण्ड १ बमोजिम समीक्षा गर्दा कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याहरु छलफल गरी समाधान गर्ने ।

३. प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएका विभिन्न प्रकारका अनुदानको उपयोग र सोको नतिजाहरुको प्रगतिको समीक्षा गर्ने ।

४. कुनै कार्यक्रम वा आयोजना कार्यान्वयनमा देखिएका समस्याका सम्बन्धमा मन्त्रालयबाट समाधान हुन नसकेका विषयमा लिनुपर्ने निर्णयका विकल्पहरु पहिचान गरी सिफारीस सहित मुख्यमन्त्री तथा मन्त्रीपिरषदको कार्यालय मार्फत प्रदेश विकास समस्या समाधान समितिमा पठाउने ।

५. मन्त्रालय तथा सम्बन्धित विभागको मातहतमा सन्चालित आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन तोकिएको संयन्त्रबाट भए नभएको निक्यौंल गरी आवश्यक निर्देशन दिने ।

**६. उच्चस्तरिय अनुगमन तथा मुल्याङ्कन समिति**

**प्रदेशमा देहाय बमोजिमको एक उच्चस्तरिय अनुगमन तथा मुल्याङ्कन समिति रहनेछ;**

| | |
|---|---|
| उपाध्यक्ष, प्रदेश योजना आयोग | अध्यक्ष |
| सदस्यहरु प्रदेश योजना आयोग | सदस्य |
| प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, सम्बन्धित मन्त्रालय | सदस्य |

सचिव, प्रदेश योजना आयोग सदस्य सचिव

तर, समितिमा सम्बन्धित क्षेत्र हेर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ । साथै उक्त समिति सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरीयता र प्रभावकारिता कायम गर्नका लागि **संयोजक (उपाध्यक्ष)** स्वयं वा प्रतिनिधि खटाई वा सम्बन्धित अख्तियारी प्राप्त विषय विज्ञलाई अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यमा संलग्न गराउन बाधा परेको मानिने छैन ।

**६.१. उच्चस्तरिय अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ;**

१. ठेक्का प्रक्रियाबाट गतवर्ष देखि संचालनमा रही सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरु र चालु आ. व. मा संचालन हुने नयाँ योजना तथा कार्यक्रमहरु सम्पन्न नभए सम्म कार्यान्वयनका हरेक चरणहरुमा स्थलगत रुपमा अनुगमन तथा सुपरिवेक्षण ऐन गर्ने ।

२. आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने, योजना तथा कार्यक्रमको सम्झौता बमोजिम, कार्यतालिका अनुसार कार्य भए नभएको, कार्यस्थल सूचना पाटी राखे नराखेको, गुणस्तरीय सामग्रीको प्रयोग भए नभएको, बास्तबिक लाभान्वित हुने उपभोक्ताहरु लाभान्वित भए नभएको आदि बिषयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने।

३. प्रत्येक महिनाको कम्तीमा १ पटक योजना तथा कार्यक्रम संचालन गर्ने, निर्माण व्यवसायी, र संघ संस्थाहरुको बैठक राखी योजना तथा कार्यक्रमहरुको प्रगतिका बारेमा समीक्षा गर्ने । योजना तथा कार्यक्रमको सम्झौता बमोजिम कार्यतालिका अनुसार कार्य नभएको, कार्य स्थलमा सूचनापाटि नराखेको, गुणस्तरीय सामग्रीको प्रयोग नभएको, वास्तविक लाभान्वित हुने उपभोक्ताहरु लाभान्वित नभएको आदि देखिन आएमा त्यस्ता उपभोक्ता समिति, निर्माण व्यवसायी, वा संघ संस्थाहरुलाई अन्तिम पटकका लागि आफ्नो कार्य यथासिघ्र सुधार गर्न निर्देशन दिने ।

४. सम्पन्न भएको योजना तथा कार्यक्रमहरुको सार्बजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्न लगाउने ।

५. सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि सार्बजनिक परिक्षणको प्रतिवेदन, आम्दानी खर्चको विवरण, सक्कल बिलभर्पाई, सम्पन्न योजना तथा कार्यक्रमको सुरु र पछिको फोटो, कार्यस्थलमा

राखेको सूचना पाटी वा व्यानरको फोटो ठिक दुरुस्त भएमा अनुगमन तथा सुपरिवेक्षण समितिको निर्णय सहित भुक्तानीका लागि सिफारिस गर्ने ।

६. प्रदेस सरकारले आवश्यकता र औचित्यतताको आधारमा योजना, कार्यक्रम वा आयोजना अनुगमन एवं सुपरिवेक्षण समितिको थप जिम्मेवारी र कार्यविधि निर्धारण गर्न सक्नेछ ।

७. आयोजना अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण प्रदेश सरकार तथा मुख्यमन्त्री कार्यालयमा उपलब्ध गराउनेछ । आयोजना संचालनबाट स्थानिय जनतालाई पुगेको सुबिधा, सेवा गुणस्तर, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, निर्माण सामग्रीको व्यवस्थापन, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना संचालनको क्रममा देखा परेको बाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाब सहितको सिफरिस गर्ने ।

८. कुनै योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्दा सार्वजनिक नीति, आवधिक योजना, विषय क्षेत्रगत योजना तथा निजी क्षेत्र, वार्षिक नीति ,कार्यक्रम तथा बजेट, कार्यक्रम तथा आयोजनाको दस्तावेज, अन्तराष्ट्रिय प्रतिबद्धता जस्ता विषयवस्तुलाई समेट्न सकिन्छ। ।

## परिच्छेद ३

## अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन र प्रतिवेदन

७. **अनुगमन तथा सुपरिवेक्षणः** प्रदेशको अधिकार क्षेत्र भित्र सञ्चालन हुने तथा भएका सबै विषयगत तथा क्षेत्रगत योजना, परियोजना, कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षण देहाय बमोजिम हुनेछः

(क) प्रदेशमा एकिकृत कार्यान्वयन कार्ययोजना पेश भएको बढिमा १५ दिन भित्र वार्षिक अनुगमन तथा सुपरिवेक्षण कार्य योजना बनाउनु पर्नेछ।

(ख) प्रदेशमा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित, आकस्मिक वा आवधिक अनुगमन तथा मुल्याङ्कन गर्नेछ।

(ग) सूचक बमोजिमको अनुगमन तथा सुपरिवेक्षणका लागि सम्बन्धित योजना तथा आयोजनाको मात्रा, लागत, कार्य प्रगति, ढिलो हुनु वा छिटो हुनु वा समयमानै कार्य सम्पन्न हुनु वा नहुनुको कारण, तोकिएको गुणस्तर वा मापदण्ड भए/नभएको, लापरवाही वा वदनियत भएको भए सो कार्यमा संलग्न व्यक्ति, फर्म वा संस्था र त्यस्तो लापरवाही वा बदनियतबाट भएको क्षती तथा त्यसको क्षतिपुति दिनुपर्ने भए कसरी उपलब्ध गराउने साथै अन्य केही सुझाव भए सो समेत समेटिने गरी अनुगमन सूचक ( Inspection indicators) हरु निर्धारण गर्ने।

(घ) सूचक बमोजिमको अनुगमन तथा सुपरिवेक्षण रिपोर्टको फरमेट अनुसुची-१ बमोजिमको ढाँचामा पेश गर्नु पर्ने।

अनुसूची -२ बमोजिमको योजना वा कार्यक्रम सम्बन्धी विवरणको ढाँचा पनि अनिवार्य रुपमा अध्यावधिक राख्नु पर्ने।

(ङ) अनुगमन तथा सुपरिवेक्षणको समय तालिका निर्धारण गर्ने तथा गोप्य रुपमा गरिने अनुगमन तथा सुपरिवेक्षणको विषयमा आवश्यक गोपनियताको सुनिश्चितता गर्ने। वडास्तरिय समितिलाई समेत यस बारेमा सहजीकरण र सहयोग गर्ने।

(च) प्रतिवेदन तयार गर्दा उक्त अनुगमन तथा सुपरिवेक्षणमा संलग्न व्यक्ति वा समितिका सदस्यहरुको नामावली अनिवार्य रुपमा समावेश गर्नुपर्ने।

(छ) प्रतिवेदन तयार भएको मितिले बढिमा १५ दिन भित्र अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कन समितिको बैठकमा छलफल, आवश्यक निर्णय तथा निर्देशनका लागि पेश गर्ने।

(ज) प्रदेश सरकार र मन्त्रिपरिषदको निर्णय तथा निर्देशन बमोजिम सम्बन्धित निर्माण ब्यवसायी, परामर्शदाता, कर्मचारी वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको ब्यक्ति वा संघ संस्थालाई योजना कार्यान्वयनमा देखिएका राम्रा र त्रुटी भएका विषय समेत खोलि त्रुटिहरु सच्चाउन, समय तथा गुणस्तर कायम गर्न, वित्तिय अनुशासन कायम गर्न साथै प्रचलित ऐन कानुनको पालन गर्न समय सिमा तोकेर आवश्यक निर्देशन दिने।

(झ) प्रदेश सरकारको निर्णय बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको समय सिमा सहितको निर्देशन समय सिमा भित्र पालन नगर्ने तथा अटेर गर्ने सम्बन्धित उपभोक्ता समिति, निर्माण ब्यवसायी, परामर्शदाता, सेवा

प्रदायक संस्था, कर्मचारी वा  सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्याक्ति वा संघ संस्थालाई आवश्यक कारबाहिका लागि राय सहित प्रदेश सरकार समक्ष पेश गर्ने।

(ञ) प्रदेश सरकारले निर्धारण गरेका समय सिमा तथा गुणस्तर कायम गर्ने सम्बन्धित निर्माण व्यवसायी, परामर्शदाता, कर्मचारी वा  सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा संघ संस्थालाई आवश्यक पुरस्कृत गर्न तथा सम्मान गर्न कारण समेत उल्लेख गरी सिफारिस गर्ने। तर कारण वश उक्त सिफारिस गलत मनसायले गरिएको वा गलत भएको रहेछ भने सोको जिम्मेवारी सिफारिसकर्ता स्वयंले लिनु पर्नेछ।

(ट) अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कन समितिले अनुगमन गर्दा देखिएका विषयमा समितिलाई नियमित रुपमा जानकारी गराउने।

(ठ) योजना, परियोजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा प्रदेश सरकारबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

(ड) योजना, परियोजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा उत्पन्न भएका विवादहरु उचित, विवेकपूर्ण तथा कानुन सम्मत ढंगले व्यवस्थापन गर्ने।

(ढ) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा निर्माण व्यवसायी, वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाइएमा कार्वाहीका लागी सिफारिस गर्ने।

**८. योजना तथा आयोजनाको प्रभाव मूल्याङ्कनः** प्रदेश सरकारले प्रदेश भित्र सञ्चालन हुने तथा भएका सबै विषयगत तथा क्षेत्रगत योजना तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

(क) अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन समितिले अनुगमन तथा सुपरिवेक्षण गरे पछि उक्त योजना तथा आयोजनाको निर्धारित गुणस्तर ,दिगोपना र समय सिमाको मूल्याङ्कन गर्नु पर्नेछ।

(ख) रु. ५ (पाँच) करोड भन्दा माथिका योजना तथा आयोजनाहरु सम्पन्न भएको दुई वर्ष भित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(ग) अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गरेको दिन तथा समय सम्बन्धित योजनाको साईड पुस्तिकामा उल्लेख गर्नुपर्नेछ । साथै उक्त अनुगमन तथा मुल्याङ्कन सम्पन्न भएको मितिले बढीमा

सातदिन भित्र अनुसूचि- १ र अनुसूचि- २ बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी तयार भएको मितिले ५ दिन भित्र उच्चस्तरीय अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिमा पेश गर्नुपर्नेछ ।

(घ) प्रादेशिक योजनाहरु मध्ये रु. ५ करोड भन्दा बढि लागतका सबै योजनाहरु (बहुबर्षिय समेतको ) हकमा उच्चस्तरिय अनुगमन तथा मूल्याङ्कन समिति बाटै गरिएको अनुगमन तथा मूल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसको आधारमा मात्र अन्तिम रकम् भुक्तानीका लागि सिफारिस गरिनेछ ।

(ङ) प्रादेशिक योजनाहरु मध्ये ५ करोड भन्दा कम लागतका योजनाहरुको हकमा अनुसूचि बनाउने दफा ३ ,उपदफा ३ अनुगमन तथा मूल्यमङ्कन समिति बाटै गरिएको अनुगमन तथा मूल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसको आधारमा रकम् भुक्तानीका लागि सिफारिस गर्न सक्नेछ । तर, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिले आवश्यकताअनुसार जुनसुकै बेलापनि अनुगमन तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

(च)दफा ३ ,उपदफा ३ समितिबाट प्राप्त अनुगमन तथा मूल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा दफा ३ उपदफा १ समितिबाट अनुगमन गरिनेछ ।

**९. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनः** (क) दफा ६ बमोजिम गठित उच्चस्तरीय अनुगमन , तथा मूल्याङ्कन समितिले आर्थिक वर्षको अन्त्यमा अनुसूची ३ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गर्दा कागजी फारामहरुको प्रयोग गरी प्रगति प्रतिवेदन तयार गर्ने, प्रदेश सरकारले आयोजना कार्यसम्पादन सूचना प्रणालीमार्फत प्रतिवेदन पठाउने, स्थलगत अनुगमन, चेकलिष्टको तयारी, तथ्याङ्क सङ्कलन, सार्वजनिक सुनुवाई, आयोजनासँग अन्तर्क्रिया, प्रतिवेदनको तयारी, प्रतिवेदनका सुझावको सम्प्रेषण तथा कार्यन्वयन,स्थलगत निरीक्षण प्रक्रियामा सहयोग, आचारसंहिता लाई मनन गरी प्र्रदेश सरकार मार्फत् प्रदेश सभाको बैठकमा पेश गर्नु पर्नेछ ।

(ख) प्रतिवेदन पेश गर्ने अवधि आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र पेश गरिसक्नु पर्नेछ ।

## परिच्छेद ४

## विविध

**१०. बाधा अड्काउ फुकाउ तथा संशोधनः** (१) प्रचलित कानून र यस ऐनमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय दफा ३ उपदफा १ को समितिले गर्नेछ । साथै, यो ऐन

कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा, बाधा उत्पन्न भएमा प्रदेश सरकारले विधमान ऐन कानूनको परिधिभित्र रही आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस ऐनमा थपघट वा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही प्रदेश सरकारको हुनेछ ।

११. **निर्देशन दिन सक्ने:** अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन समेतको आधारमा योजना संचालन तथा कार्यान्वयनमा देखिएको त्रुटि तथा कमजोरी सच्याउन, समय सिमा, लागत प्रभावकारिता, दिगोपन र गुणस्तर कायम गर्न तथा राख्न सम्बन्धित निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक संस्था, कर्मचारी वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति, फर्म, समुह वा संघ संस्थालाई सोझै वा अनुगमन तथा सुपरिवेक्षण समिति मार्फत् निर्देशन दिन सक्नेछ ।

१२.**वातावरण प्रभावमूल्याङ्कन गर्ने:** प्रचलित ऐन कानून बमोजिम ५ करोड माथि लागत भएका र वातावरणिय प्रभाव मूल्याङ्कन गर्नु पर्ने योजना तथा आयोजनाको हकमा वातावरणिय प्रभाव मूल्याङ्कन **(EIA)** अनिबार्य रुपमा गर्नु पर्नेछ । साथै, रु १० करोड भन्दा बढी लागत भएका सबै आयोजनाहरुको हकमा **( IEE)** गरिनेछ ।

**१३.अभिमुखिकरण कार्यक्रम:** सम्बन्धित योजना संचालन व्यवस्थापनको जिम्मा पाएको व्यक्ति, फर्म, समुह वा संघ संस्थाका जिम्मेवार व्यक्ति वा सम्बन्धित सरोकारवालालाई कुनै पनि योजनाको कार्य संचालन पूर्व विधमान ऐन, कानून, निर्देशिका, वा कार्यबिधिका बारेमा अभिमुखिकरण गर्नु गराउनु पर्नेछ ।

**१४.अधिकार प्रत्यायोजन:** यो ऐन बमोजिम समितिको संयोजकले आफुलाई प्राप्त अधिकार मातहतका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ । तर, अधिकार प्रत्यायोजन गरेको आधारमा प्रमुख संयोजक जिम्मेवारी र जवाफदेहिताबाट मुक्त भएको भने मानिने छैन ।

**१५. ऐनको व्याख्या:** यो ऐनको अन्तिम व्याख्या मुख्यन्यायधिवक्ताको कार्यालयले गर्नेछ ।

**१६. बचाउ तथा खारेजी:** ऐनजारी हुनुभन्दा अगाडी भएको व्यवस्था यसै ऐन बमोजिम भएको मानिनेछ ।

१७. यो ऐन संघिय कानूनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

१८. यो ऐन सम्बन्धमा कुनै बाधा अड्काउ परेको खण्डमा प्रदेश सरकार र प्रदेश सभाले ऐन परिमार्जन, संशोधन, र खारेजी गर्न सक्नेछ ।

# अनुसुची १

## प्रदेश सरकार

## प्रदेश योजना आयोग

## ......प्रदेश

## योजना अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

मितिः

माननीय मुख्यमन्त्रीज्यू/ माननीय उपाध्यक्ष ज्यू

....... प्रदेश, प्रदेश योजना आयोग,

प्रदेश योजना आयोगले आ. व. ............मा संचालनको लागी पारित गरेका तपशील बमोजिमका योजना संचालन पश्चात् प्रदेश स्तरिय अनुगमन तथा मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन

१ योजनाको नामः............................ २ योजना संचालन गर्ने स्थान ............

३ योजना सन्चालक संस्थाको नाम.............. ४ सम्पर्क नं ......................

५ योजनाको कुल लागत रकम रु..........................

६ योजना सम्झौता मिति................. ७. योजना सम्पन्न गरिसक्नुपर्ने मिति.............

८. सम्पन्न भएको मिति.....................

९. मोबिलाईजेसन पेस्की रकमः............

१. पहिलो आ.व. को रकम............ २. दोस्रो आ.व. को रकम.........

३. तेस्रो आ.व. को रकम........... ४. चौथो आ.व. को रकम........

५. पाँचौ आ.व. को रकम............

**१०. अनुगमनका क्रममा देखिएका बिषयहरुः**

| क्र.स. | व्योहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्वीकृत लागत अनुमान बमोजिमको कार्य/प्रगति | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक अनुशासन, वित्तिय पारदर्शिता र लगानीको मूल्य सिर्जनशिलता कायम | | | |
| ३ | सार्वजनिक परिक्षण (उपस्थिति संख्या) समेत उल्लेख गर्ने (अन्तिममा) | | | |
| ४ | आयोजना सूचना पाटि (सबैले देख्ने ठाउँमा) | | | |
| ५ | वातावरणीय प्रभाव अनुकुलन | | | |

**११. आयोजना संचालनमा देखिएका समस्या तथा चुनौतिहरुः**

(क)......................................................................................................

(ख)......................................................................................................

(ग)......................................................................................................

(घ)......................................................................................................

(ङ)......................................................................................................

**१२. अनुगमन तथा मूल्याङ्कनको क्रममा अख्तियार प्राप्त पदाधिकारीले गरेको सिफारिस (सुधार गर्नु पर्ने पक्ष)**

(क)......................................................................................................

(ख)......................................................................................................

(ग)......................................................................................................

(घ)......................................................................................................

(ङ)......................................................................................................

नाम.............................. सम्पर्क नम्बर............................

हस्ताक्षर..............

## अनुसुची २

## प्रदेश सरकार

## .......... प्रदेश

## प्रदेश योजना आयोग

### योजना वा कार्यक्रम सम्बन्धी विवरणको ढांचा

१.कार्यक्रम वा योजना

(क) नामः...............................     (ख) आयोजनाको स्थलः.......................

(ग) पहिलो आ.व. को रकम रु.....................     (घ) जम्मा लागत रकम रु..........................

(ङ) आयोजना शुरु भएको मितिः..........................

(च) आयोजना सम्पन्न भएको मिति.................................

आयोजनाको लक्ष्य वा प्रगति

| **क्र.स.** | **कामको विवरण** | **लक्ष्य** | **प्रगति** | **पुष्ट्याइको आधार** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**नाम .......................**

**अनुगमन गर्ने पदाधिकारी.**

# अनुसुची ३

## प्रदेश सरकार

## ....... प्रदेश

## प्रदेश योजना आयोग

### वार्षिक योजना अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

| क्र.स. | अनुगमन गरिएका योजनाहरु | अनुगमन मिति | अनुगमन गर्ने पदाधिकारी | अनुगमन गर्दा देखीएका समस्या | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |